# नदी सप्तक शृङ्खलाका कवितामा पर्यावरणीय चेतना

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

नेपाली विषयको स्नातकोत्तर तह चौथो सत्रको ५७७ औँ पत्रको

प्रयोजनका निमित्त प्रस्तुत

**शोधपत्र**

**शोधार्थी**

तारानाथ पराजुली

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

अनुक्रमाङ्क - ४८२६०२१

त्रि. वि. द. नं. - ६-३-४८-३४५४-२०२०

२०८२

# सिफारिसपत्र

प्रस्तुत 'नदी सप्तक शृङ्खलाका कवितामा पर्यावरणीय चेतना' शीर्षकको शोधपत्र स्नातकोत्तर तहका छात्र श्री तारानाथ पराजुलीले मेरा निर्देशनमा पूरा गर्नुभएको हो । शोधपत्र तहअनुसारको स्तर सुहाउँदो देखिएकाले यसको थप मूल्याङ्कनका लागि नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस समक्ष सिफारिस गर्दछु ।

.........................

शोध निर्देशक

प्रा. डा. विष्णुप्रसाद पौडेल

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०८२/०३/१७

नेपाली विभाग

## शोधपत्र मूल्याङ्कन समितिको स्वीकृति

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, पृथ्वीनारायण क्याम्पस, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको शोधपत्र लेखनको प्रयोजनार्थ **तारानाथ पराजुली**ले तयार पार्नुभएको **नदी सप्तक शृङ्खलाका कवितामा पर्यावरणीय चेतना** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

### स्वीकृत गर्ने मूल्याङ्कन समिति

| | हस्ताक्षर |
|---|---|
| १. सहप्राध्यापक डा. यमनाथ तिमिल्सिना, विभागीय प्रमुख | .................... |
| २. सहप्राध्यापक डा. वासुदेव भण्डारी (निवृत्त) विशेषज्ञ | .................... |
| ३. प्राध्यापक डा. विष्णुप्रसाद पौडेल, शोधनिर्देशक | .................... |

मिति : ई. ०८-०७-२०२५

वि.सं. २०८२-०३-२४

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको चौथो सत्रको ५७७ औँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको हो। मैले यो शोधप्रबन्ध आदरणीय गुरु प्रा.डा. विष्णुप्रसाद पौडेलज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो कार्यव्यस्तताका बाबजुद अमूल्य समय र प्रेरणादायी निर्देशन दिनुहुने आदरणीय गुरुप्रति हार्दिक नमन एवं कृतज्ञता ज्ञापन गर्दछु।

शोधकार्यका लागि अनुमति प्रदान गर्ने पृथ्वीनारायण क्याम्पस, नेपाली विभागप्रति म आभारी छु । शोधकार्यका लागि हौसला प्रदान गर्नुहुने विभागीय प्रमुख गुरु सहप्रा.डा. यमनाथ तिमिल्सिनाज्यूलगायत अध्यापनरत सम्पूर्ण गुरुहरूप्रति आभार व्यक्त गर्दछु।

'कालीगण्डकी बचाऔँ अभियान'का प्रारम्भकर्ता आर.के.अदिप्त गिरी र 'नदी सप्तक' शृङ्खलामा कविता प्रस्तुत गर्नुहुने सम्पूर्ण कविहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । यस शोधकार्यलाई सम्पन्न गर्नका लागि विभिन्न लेखक तथा समालोचकहरूका अनुसन्धानमूलक कार्यहरूले महत्त्वपूर्ण सहयोग गरेका छन् । म उहाँहरू सबैप्रति कृतज्ञता ज्ञापन गर्दछु । आवश्यक सामग्री उपलब्ध गराउने त्रि.वि. केन्द्रीय पुस्तकालय, रत्नराज्यलक्ष्मी क्याम्पस पुस्तकालय तथा पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयप्रति पनि आभार व्यक्त गर्दछु ।

अध्ययनका लागि नित्य प्रेरणा दिनुहुने पूजनीय पिता माता पुण्यप्रसाद पराजुलीज्यू र तारादेवी पराजुलीज्यूप्रति स-धन्यवाद नमन गर्दछु । अध्ययनका लागि वातावरण प्रदान गर्नुहुने परिवारका सम्पूर्ण सदस्यहरूप्रति आभार व्यक्त गर्दछु । अध्ययन र अनुसन्धानका क्रममा साथ, सहयोग र हौसला दिनुहुने सहपाठी मित्रहरूप्रति पनि सप्रेम धन्यवाद व्यक्त गर्दछु । छपाइसम्बन्धी कार्यमा सहयोग गर्नुहुने आदर्श अफसेट प्रिन्टर्स परिवारलाई धन्यवाद व्यक्त गर्दछु । । यस शोधकार्यलाई आकार दिनका लागि सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक नमन एवं कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा यस शोधप्रबन्धको मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली विभाग समक्ष पेश गर्दछु ।

शोधकर्ता

तारानाथ पराजुली

मिति: २०८२/०३/१६

# विषय सूची


*सिफारिसपत्र* *ii*

*स्वीकृतिपत्र* *iii*

*कृतज्ञता ज्ञापन* *iv*

*विषय सूची* *v*

**परिच्छेद एक : शोधपत्रको परिचय** **१-९**

१.१ विषय प्रवेश १

१.२ शोध शीर्षक ३

१.३ शोध प्रयोजन ३

१.४ समस्या कथन ३

१.५ उद्देश्य कथन ४

१.६ पूर्वकार्यको समीक्षा ४

१.६.१ विषयगत पूर्वकार्यहरूको समीक्षा ४

१.६.२ सैद्धान्तिक सामग्रीहरूको समीक्षा ५

१.७ शोधको औचित्य ७

१.८ सामग्री सङ्कलन र शोधविधि ८

१.९ शोधकार्यको सीमा ९

१.१० शोधपत्रको रूपरेखा ९

**परिच्छेद दुई : पर्यावरणीय समालोचनाको सैद्धान्तिक परिचय** **११-२६**

२.१ पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्थापना ११

२.२ पर्यावरणीय समालोचनाको शाब्दिक अर्थ र तात्पर्य १२

२.३ पर्यावरणीय समालोचनाका प्रमुख परिभाषा १३

२.४ पर्यावरणीय समालोचनाका आधारभूत विशेषता १५

२.५ पर्यावरणीय समालोचनाका मुख्य शाखाहरू १६

२.५.१ गहन पर्यावरणीय चेतना १६

२.५.२ स्वच्छन्दतावादी पर्यावरणीय चेतना १७

२.५.३ उत्तरऔपनिवेशिक पर्यावरणीय चेतना १७

२.५.४ नारीवादी पर्यावरणीय चेतना १८

२.५.५ मार्क्सवादी पर्यावरणीय चेतना १९

२.६ कृति विश्लेषणका आधार १९

२.६.१ प्रकृतिको केन्द्रीय महत्त्व १९

२.६.२ जैविक विविधता २०

२.६.३ पारिस्थितिक प्रणाली २१

२.६.४ पर्यावरण र मानिसको सहसम्बन्ध २१
२.६.५ प्रकृतिको सार्वभौमपन २२
२.६.६ पर्यावरणमाथि मानवीय हस्तक्षेपको विरोध २२
२.६.७ विज्ञानको दुरुपयोगको विरोध २३
२.६.८ अहिंसाको पक्षधरता २३
२.६.९ प्रकृति र संस्कृतिको अन्तरसम्बन्ध २४
२.६.१० ग्राम्यता र अप्रदूषित परिवेशको पक्षधरता २४
२.६.११ पर्यावरणीय सङ्कट २५
२.६.१२ विषाक्त सङ्कथन २६
२.७ निष्कर्ष २७
**परिच्छेद तीन : नेपाली कवितामा पर्यावरणीय चेतनाको सर्वेक्षण २९-३५**
३.१ नेपाली कवितामा पर्यावरणीय चेतनाको पृष्ठभूमि २९
३.२ नेपाली कवितामा पर्यावरणीय चेतना ३०
३.३ निष्कर्ष ३६
**परिच्छेद चार : 'नदी सप्तक' शृङ्खलाका कविताको पर्यावरणीय अध्ययन ३८-७२**
४.१ 'नदी सप्तक' शृङ्खलाका कवितामा प्रकृतिको केन्द्रीयता ३८
४.१.१ प्रकृतिको महिमागान (महत्त्व) ३९
४.१.२ प्रकृतिको स्वतन्त्रताको अभिव्यक्ति ४१
४.१.३ प्रकृतिलाई सर्वशक्तिसम्पन्न सत्ताको रूपमा चित्रण ४४
४.२ 'नदी सप्तक' शृङ्खलाका कवितामा प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोध ४८
४.२.१ प्रकृतिमाथि मानवीय हस्तक्षेपको चित्रण ४९
४.२.२ मानवीय हस्तक्षेपका कारण उत्पन्न समस्याको चित्रण ५२
४.२.३ मानवकेन्द्रीयतावादको विरोध ५६
४.३ 'नदी सप्तक' शृङ्खलाका कवितामा मानव र प्रकृतिको अन्तरसम्बन्ध ६०
४.३.१ प्रकृति र मानवीय क्रियाकलापको सम्बन्ध ६१
४.३.२ मानव संस्कृति र प्रकृतिको सम्बन्ध ६४
४.३.३ प्रकृति र मानव जीवनमा समानता ६९
४.४ निष्कर्ष ७४
**परिच्छेद पाँच : सारांश र निष्कर्ष ७६-७७**
५.१ सारांश ७६
५.२ निष्कर्ष ७९
**परिशिष्ट ७८**
**सन्दर्भ सामग्री सूची ९२**

# परिच्छेद : एक

# शोधपत्रको परिचय

प्रस्तुत खण्डमा यस शोधकार्यको परिचय दिइएको छ । यसअन्तर्गत शोधको विषयमा प्रवेश गरी शोध शीर्षक प्रस्तुत गरिएको छ । शोधसमस्या र उद्देश्य निर्धारण गरिएको छ । शोधसमस्यासँग सम्बन्धित हुने पूर्वकार्यको अध्ययन गरी यस शोधकार्यको आवश्यकता र औचित्यको पुष्टि गरिएको छ । शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि, शोध प्रक्रिया र विश्लेषणका सैद्धान्तिक आधारहरूलाई प्रस्तुत गरिएको छ । शोधसमस्यामा केन्द्रित भएर शोधकार्यका क्षेत्र र सीमा प्रस्तुत गरिएको छ । अन्तिममा शोधकार्यको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ ।

## १.१विषय प्रवेश

'कालीगण्डकी बचाऔं अभियान' वि.सं. २०७७ मा प्रारम्भ भएको कालीगण्डकी संरक्षणमा समर्पित अभियान हो । कालीगण्डकी नदी गण्डक सभ्यता र हिन्दु संस्कृतिको अभिन्न अङ्ग हो भने पर्यावरणीय महत्त्व बोकेको ठुलो जलप्रवाह भएको नदी हो । कालीगण्डकीको पर्यावरणीय र सांस्कृतिक महत्त्वलाई अवमूल्यन गरेर नदीमाथि आक्रमण भइरहेको छ । नेपाल सरकारले नै वि.सं. २०७२ देखि कालीगण्डकी तिनाउ डाइभर्सनको योजना अघि बढाएर नदीको मार्ग परिवर्तन गराउन खोजिरहेको छ (सिँचाइ गुरुयोजना, सन् २०२४,पृ.१०४) । नदीजन्य पदार्थको दोहनका लागि सरकारी निकायहरूले नै टेन्डरहरू आह्वान गरी धनार्जन गरिरहेका छन् । कालीगण्डकीको संरक्षणका लागि सर्वसाधारण जनताबाट सामान्य आवाज उठे पनि सम्बन्धित निकायको ध्यानाकर्षण नभएको देखिन्छ । यस्तो परिवेशमा कालीगण्डकीको पर्यावरणीय र सांस्कृतिक गरिमा जोगाउनका लागि 'कालीगण्डकी बचाऔँ अभियान' प्रारम्भ भएको हो । यस अभियानले कालीगण्डकीसँग सम्बन्धित साहित्यिक रचना प्रकाशन, गीत प्रसारण, जनचेतनामूलक कार्यक्रम तथा विभिन्न बहसहरू चलाइरहेको छ । यस अभियानले कविताका माध्यमबाट कालीगण्डकी संरक्षणसम्बन्धी चेतना प्रवाह गर्ने उद्देश्यले 'नदी सप्तक' पोस्टर कविता शृङ्खला आयोजना गरेको थियो । यस शोधकार्यमा उक्त शृङ्खलाका कविताहरूको अध्ययन गरी पर्यावरणीय चेतनाका आधारमा विश्लेषण गरिएको छ ।

'नदी सप्तक' पोस्टर कविता शृङ्खलामा नेपालका सयजना कविहरूका कविताहरू समावेश गरिएका छन् ।'नदी सप्तक' भित्र रहेको सप्तक शब्दले सप्तगण्डकीका सात जलाधारहरू कालीगण्डकी, सेती, मर्स्याङ्दी, त्रिशूली, दरौँदी, मादी र बुढीगण्डकीलाई प्रतिनिधित्व गर्ने तथा सङ्गीतका सात स्वरसमुदायलाई पनि सङ्केत गर्ने भएकाले उक्त नाम

राखिएको देखिन्छ । यस शृङ्खलाले गण्डकीका स्वर/आवाजलाई सङ्गीतका स्वरजस्तै मानेको देखिन्छ ।

यस शृङ्खलामा माधवप्रसाद घिमिरेको 'चैत वैशाख'सङ्ग्रहमा सङ्ग्रहित कालीगण्डकी कवितालाई पनि समावेश गरिएको छ । अन्य कविताहरू समकालीन नेपाली कविताका अग्रज तथा अनुज पुस्ताका कविहरूद्वारा रचना गरिएका छन् । सयओटा कविताहरूमध्ये शोध समस्यासँग सम्बन्धित विषय र कवित्वकला पनि भएका कविता छनोट गरेर पर्यावरणीय अध्ययन गरिएको
छ ।यस्ता कविताहरू जम्मा ३२ ओटा पाइएका छन् । यी कविताहरूले कालीगण्डकीको महत्त्व प्रस्तुत गरी यसको अस्तित्व बचाउन संरक्षणमुखी आवाज उठाएका छन् । यस शोधकार्यमा यिनै कवितामा भएको पर्यावरणीय चेतनालाई विश्लेषण गरिएको छ ।

पर्यावरणीय चेतनालाई पाश्चात्य साहित्य चिन्तन परम्परामा देखापरेको नवीन मान्यता मानिन्छ । पर्यावरणीय चेतनाका आधारमा कृतिको मूल्याङ्कन गर्ने समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ । विलियम रुकर्टले आफ्नो लेख 'लिटरेचर एण्ड इकोलोजी एन एक्स्पेरिमेन्ट इन इकोक्रिटिसिजम' (सन् १९७८) मा पर्यावरणीय समालोचना शब्दको प्रथम प्रयोग गरेका हुन् (एटम, २०६९, पृ. ३१३) । सन् १९९० - २००० दशकबाट पर्यावरणीय समालोचनाको व्यवस्थित सुरुवात भएको देखिन्छ । सन् १९९२ मा 'एसोसियसन फर द स्टडी अफ लिटरेचर एण्ड इनभाइरोन्मेन्ट' को स्थापना तथा 'इन्टरडिसिप्लिनरी स्टडिज् इन लिटरेचर एण्ड इनभाइरोन्मेन्ट' नामक पत्रिकाको प्रकाशनले पर्यावरणीय समालोचनाका लागि आधार निर्माण गरेको देखिन्छ । सन् १९९६ मा चेरिल ग्लटफेल्टी र ह्यारोल्ड फोर्मको सम्पादनमा 'द इकोक्रिटिजम रिडर : ल्यान्डमार्क्स इन लिटेररी इकोलोजी' नामक पुस्तक प्रकाशनमा आएपछि पर्यावरणीय समालोचनाले सैद्धान्तिक र प्रायोगिक आधार प्राप्त गरेको देखिन्छ (त्रिपाठी, २०७४, पृ.३४ ) । प्रकृतिका ह्रासोन्मुख विविध विषयसँग आबद्ध भएर साहित्यको अध्ययन गर्ने नवीन चिन्तन वा पद्धतिलाई पर्यावरणीय समालोचना भनिन्छ । मानवेतर जगत्का पशुपन्छी, वनस्पतिजस्ता वातावरणीय पक्षमा लेखिएका कृतिका पाठलाई हेर्ने तदनुरूपको सिद्धान्तमा आधारित समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ (गौतम, २०६६, पृ.५२) । पर्यावरणीय समालोचनाले मानवलाई केन्द्रमा राख्ने परम्परागत चिन्तनका विरुद्धमा प्रकृतिलाई केन्द्रमा राखेर अध्ययन एवं विश्लेषण गर्दछ । यस समालोचनाले कृतिमा प्रकृतिलाई दिइएको महत्त्व र प्रकृति संरक्षणका लागि प्रस्तुत गरिएको चेतनाका आधारमा उक्त कृतिको मूल्याङ्कन गर्दछ । यो समालोचना मूलतः पर्यावरणकेन्द्री साहित्यको समालोचनामा केन्द्रित रहेको देखिन्छ ।

मानिसका स्वार्थप्रेरित क्रियाकलापले प्रकृतिमा परेको नकारात्मक प्रभाव उजागर गर्दै प्रकृति र मानवेतर प्राणी पक्षमा पनि आवाज उठाउनु पर्यावरणीय समालोचनाको मूल मर्म हो । कालीगण्डकी बचाऔँ अभियान प्रकृतिको प्रतिनिधि कालीगण्डकी नदीको संरक्षणसँग सम्बन्धित रहेको छ ।'नदी सप्तक' पोस्टर कविता शृङ्खला कालीगण्डकीमाथि भएको मानवीय हस्तक्षेपको विरोध गर्दै कालीगण्डकी संरक्षणको चेतना प्रवाहमा केन्द्रित देखिन्छ । यस शृङ्खलामा पर्यावरणकेन्द्री कविताहरू समाविष्ट छन् । पर्यावरणीय चेतनाका कोणबाट यी कविताहरूको अध्ययन गर्नु आवश्यक छ । अतः 'नदी सप्तक'शृङ्खलाका कवितामा रहेको पर्यावरणीय चेतनालाई अध्ययन एवं विश्लेषण गर्ने सन्दर्भमा यो शोधकार्य प्रस्तुत गरिएको छ ।

## १.२ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'नदी सप्तकशृङ्खलाका कवितामा पर्यावरणीय चेतना' रहेको छ ।

## १.३ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह, चौथो सत्रको नेपाली विषयको ५७७औँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको

छ ।

## १.४ समस्या कथन

कालीगण्डकी पर्यावरणीय एवं सांस्कृतिक महत्त्व बोकेको नदी हो । राजनीतिक अदूरदर्शिता तथा जनसाधारणको बेवास्ताका कारण कालीगण्डकीको दोहन बढिरहेको छ । कालीगण्डकीको प्राकृतिक बनावटलाई नै परिवर्तन गर्ने प्रयास गरिएको छ ।'नदी सप्तक'शृङ्खलाका कविताहरूले कालीगण्डकी तथा समग्र प्रकृतिसँग सम्बन्धित पर्यावरणीय विषय उठाएका छन् । यी कविताहरू कालीगण्डकीको महत्त्व र संरक्षणसँग सम्बन्धित छन् ।'नदी सप्तक' शृङ्खलाका कवितामा पर्यावरणीय चेतना नै यस शोधको मूल प्रश्न हो । यही मूल प्रश्नको समाधानका निम्ति निर्धारण गरिएका शोध प्रश्नहरू निम्नानुसार छन्:

क) 'नदी सप्तक'शृङ्खलाका कविताको मुख्य विषय के कस्तो रहेको छ ?

ख) 'नदी सप्तक'शृङ्खलाका कवितामा प्रकृतिमाथिको मानवीय हस्तक्षेपको विरोध किन गरिएको छ ?

ग) 'नदी सप्तक'शृङ्खलाका कवितामा प्रकृति र मानिसको अन्तरसम्बन्धलाई कसरी प्रस्तुत गरिएको छ ?

## १.५ उद्देश्य कथन

प्रस्तुत शोधको उद्देश्य 'नदी सप्तक'शृङ्खलाका कविताहरूमा प्रयुक्त पर्यावरणीय चेतनाको अध्ययन तथा विश्लेषण गर्नु हो । यो शोधकार्यमा निम्नानुसारका शोध उद्देश्यहरू रहेका छन् :

क) 'नदी सप्तक'शृङ्खलाका कविताहरूको के कस्तो मुख्य विषय छ, त्यसको निरूपण गर्नु,

ख) 'नदी सप्तक'शृङ्खलाका कवितामा प्रकृतिमाथिको मानवीय हस्तक्षेपको विरोधको कारण विश्लेषण गर्नु,

ग) 'नदी सप्तक'शृङ्खलाका कवितामा प्रकृति र मानवको अन्तरसम्बन्ध कसरी प्रस्तुत भएको छ भन्ने कुरा विश्लेषणसहित देखाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

'नदी सप्तक'शृङ्खलाका कविताहरू कालीगण्डकीको केन्द्रीयतामा रचिएका छन् । यी कविताहरूका भाव तथा उद्देश्य कालीगण्डकीको अस्तित्व र संरक्षण चेतनासँग सम्बन्धित छन् । यस्ता पर्यावरणकेन्द्री कविताहरूलाई पर्यावरणीय समालोचनाका सैद्धान्तिक मान्यतामा आधारित भएर विश्लेषण गर्नु उपयुक्त देखिन्छ । नेपाली साहित्यमा पर्यावरणीय समालोचनासँग सम्बन्धित केही सामग्रीहरू प्रकाशित भएका छन् । पर्यावरणीय चिन्तनयुक्त नेपाली कविताहरूमा पनि केही समालोचना भएको देखिन्छ ।'नदी सप्तक'शृङ्खलाका कविताहरूको अहिलेसम्म कुनै पनि किसिमको अनुसन्धानात्मक अध्ययन भएको देखिँदैन ।त्यसैले प्रत्यक्ष अप्रत्यक्ष चर्चा गरिएका पूर्वकार्यको यहाँ सङ्केत गरिएको छ ।

### १.६.१ विषयगत पूर्वकार्यहरूको समीक्षा

वासुदेव त्रिपाठी (२०२५) ले साझा समालोचनामा कवि माधव घिमिरेका काव्य प्रवृत्ति 'कालीगण्डकी' कविताका केन्द्रीयतामा शीर्षकको समालोचनात्मक लेख प्रकाशन गरेका छन् । यस लेखमा कालीगण्डकी कविता, माधवप्रसाद घिमिरेका प्रवृत्ति तथा अन्य कवि र घिमिरेका बिचको तुलनात्मक विश्लेषण गरिएको छ । यस लेखमा कालीगण्डकी कविताका केही श्लोकमा प्रकृतिको आत्मपरक कलात्मक चित्रण भएको धारणा राखिएको छ । यस लेखमा पाश्चात्य कविहरू ब्लेक, शेली तथा कीट्सको प्रकृतिचित्रण र घिमिरेको प्रकृतिचित्रणमा आंशिक समानता भएको धारणा प्रस्तुत गरिएको छ । कालीगण्डकी कवितामा केन्द्रित यस कार्यमा प्रकृतिचित्रणको

विश्लेषण गरिए पनि पर्यावरणीय सचेतता देखिएको छैन । यस लेखले शोधकार्यका लागि सामान्य सहयोग गरेको छ ।

रामबहादुर थापा (२०७८) ले सौर्य अनलाइन खबरमा 'नदी सप्तक'शृङ्खलाका उद्देश्य र विशेषताहरू प्रस्तुत गरेका छन् । यो लेख मूलतः केही कविताको भाव प्रस्तुति तथा 'कालीगण्डकी बचाऔँ अभियान' को उद्देश्यमा केन्द्रित रहेको छ । यस लेखले पर्यावरणीय समालोचनाका सिद्धान्तहरूलाई आधार बनाएर अध्ययन गरेको देखिँदैन ।

मकालु खबर संवाददाता (२०७९) ले 'नदी सप्तक'शृङ्खला सयौँ भागमा पुगेको विषयमा लेख प्रकाशन गरेका छन् । यस लेखमा 'कालीगण्डकी बचाऔँ अभियान' को परिचय दिइएको छ ।'नदी सप्तक'शृङ्खलाअन्तर्गतका केही कविताका अंश प्रस्तुत गरी तिनको भाव प्रस्तुत गरिएको छ । यो लेखमा 'नदी सप्तक'शृङ्खलालाई महत्त्व दिइएको छ तापनि गहन अध्ययन र पर्यावरणीय समालोचनाको सैद्धान्तिक प्रयोग देखिँदैन ।

भूमिराज शर्मा (२०८०) ले वामपन्थ पत्रिकामा 'कालीगण्डकी किनारका एक्ला साक्षी' शीर्षकको लेख (सङ्घर्ष गाथा) लेखेका छन् । यस लेखमा 'कालीगण्डकी बचाऔँ अभियान' का संयोजक आर.के अदिप्त गिरीको सङ्घर्षलाई प्रस्तुत गरेका छन् । यस लेखमा मानवीय हस्तक्षेपका कारण कालीगण्डकी नदी सङ्कटमा पर्दै गएको विचार व्यक्त गरिएको छ । यस लेखमा पर्यावरणीय चेतनासँग सम्बन्धित पर्यावरणीय सङ्कट, दोहन विरुद्धको प्रतिरोध तथा संरक्षणका चुनौती र अवसर शीर्षकमा विचार अभिव्यक्त भएका छन् । यो अध्ययनमा पर्यावरणीय चेतनाको सङ्केत देखिए पनि सैद्धान्तिक मान्यताका आधारमा कविताहरूको विश्लेषण भने गरिएको छैन ।

कालीगण्डकी बचाऔँ अभियान र 'नदी सप्तक'शृङ्खलाका सम्बन्धमा दर्जनौँ अनलाइन पत्रिकाहरूले समाचार प्रकाशन गरेका छन् ।'नदी सप्तक'शृङ्खलाका कविताहरूलाई आफ्ना माध्यमबाट प्रकाशन गर्दै केही विचारहरू पनि राखेका छन् । पत्रपत्रिकामा राखिएका ती सामग्रीहरू समालोचनात्मक मूल्यका आधारमा कमजोर देखिन्छन् भने पर्यावरणीय समालोचनाको सिद्धान्ततर्फ असचेत देखिन्छन् । यी सामग्रीहरूले यस अध्ययनका लागि सामान्य सूचना प्रदान गरेका छन् ।

### १.६.२ सैद्धान्तिक सामग्रीहरूको समीक्षा

गोविन्दराज भट्टराई (२०६४) को उत्तरआधुनिक विमर्श पुस्तकमा 'इको क्रिटिसिजम : सिर्जना तथा समालोचनाको नवीनतम क्षेत्र' नामक लेख प्रकाशित छ । यस लेखमा नेपाली

भाषामा पर्यावरणीय समालोचनाको सिद्धान्तलाई प्रस्तुत गरिएको छ । विश्वमा नयाँ चेतनाका रूपमा आएको पर्यावरणीय चेतनाका स्वरूप, विशेषता, क्षेत्र र कृतिविश्लेषणका आधारहरूको चर्चा गरिएको छ । यस लेखमा पारिस्थितिक खोपी, आहारचक्र, नृतत्त्वकेन्द्री अवधारणा, ग्राम्यता, रोमान्टिकता आदि पर्यावरणीय समालोचनासँग सम्बन्धित परिभाषिक पदावलीहरूको परिचय दिइएको छ । नेपाली साहित्यमा पर्यावरणीय चेतनाको पृष्ठभूमिका बारेमा समेत सामान्य जानकारी दिइएको छ ।भट्टराईको यो पूर्वकार्य पर्यावरणीय समालोचना सिद्धान्तको अध्ययनका निम्ति सहयोगी रहेको छ ।

कृष्ण गौतम (२०६४) ले उत्तरआधुनिक जिज्ञासा नामक पुस्तकमा पर्यावरणीय समालोचनासँग सम्बन्धित तीनओटा लेखहरू प्रकाशित गरेका छन् ।'वातावरण काव्यशास्त्र र यसको सार्थकता' पर्यावरणीय समालोचना सिद्धान्तसँग सम्बन्धित रहेको छ । पछिल्ला दुईओटा लेखमा पर्यावरणीय चेतनाका आधारमा ओखलढुङ्गा कविता र ध.च. गोतामेको उपन्यासकारिताको विश्लेषण गरेका छन् । उनले तेह्रओटा बुँदामा पर्यावरणीय समालोचनाका अवधारणाहरू प्रस्तुत गरेका छन् । यो लेख पनि पर्यावरणीय समालोचना सिद्धान्त र कृति विश्लेषणका लागि सहयोगी बनेको छ ।

रत्न बृहत् नेपाली समालोचना (२०६९) मा रहेको नेत्र एटमको 'पर्यावरणीय समालोचना' नामक लेखमा पर्यावरणीय समालोचनाको परिचय दिई समालोचनाका उदाहरणहरू प्रस्तुत गरिएको छ । यसमा पर्यावरणीय समालोचनालाई अन्तरविषयक वैज्ञानिक समालोचनाका रूपमा चिनाइएको छ । यस लेखमा पर्यावरणीय समालोचनाको परिचय, विशेषता, मान्यताहरू तथा केही कृति विश्लेषणका आधारहरूलाई प्रस्तुत गरिएको छ । कृति विश्लेषणका आधारहरूलाई चिनाउने क्रममा नेपाली साहित्यका उदाहरणहरू प्रस्तुत गरिएको छ । मूलत : यो लेखले पनि पर्यावरणीय समालोचनाको सैद्धान्तिक अध्ययनका लागि सहयोग गरेको छ ।

गीता त्रिपाठी (२०७४) ले आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना शीर्षकमा विद्यावारिधि सम्पन्न गरेकी छन् । उनको यो शोधग्रन्थमा पर्यावरणीय समालोचनाको परिचय, प्रमुख प्रकार तथा कृति विश्लेषणका आधारहरूको चर्चा गरिएको छ । यस कार्यमा आधुनिक नेपाली कवितामा देखापरेका पर्यावरणीय चेतनायुक्त कविताहरूको रेखाङ्कन गरिएको छ । उनले आधुनिक नेपाली कविताको अन्तिम चरणमा लेखिएका कविताहरूमा रहेको पर्यावरणीय चेतनाको विस्तृत रूपमा अध्ययन गरेकी छन् ।यस शोधकार्यमा नेपाली स्वच्छन्दतावादी कविताअन्तर्गत 'कालीगण्डकी' कवितालाई पनि सामान्य विश्लेषण गरिएको छ । यस

शोधग्रन्थले पर्यावरणीय समालोचनाको परिचय, नेपाली कविताको पर्यावरणीय सर्वेक्षण तथा कृति विश्लेषणका क्रममा सहयोग गरेको छ ।

गोविन्दराज भट्टराई र विजय हितानको सम्पादनमा प्रकाशित 'पर्या साहित्य सिद्धान्त र सिर्जना' (२०८०) पुस्तकमा पर्यावरणीय समालोचनासँग सम्बन्धित विभिन्न लेख तथा सिर्जनाहरू समावेश गरिएका छन् । यस पुस्तकमा गोविन्दराज भट्टराई, विजय हितान, देवचन्द्र सुब्बा, गीता त्रिपाठी, रक्ष राई, ज्ञानबहादुर क्षेत्रीजस्ता समालोचकका सैद्धान्तिक लेखहरू रहेका छन् । यस पुस्तकमा पर्यावरणीय चेतनासँग सम्बन्धित लेख, रचना तथा समीक्षाहरू सङ्ग्रहित छन् । यो पुस्तकले पनि पर्यावरणीय समालोचना सिद्धान्त र कृति विश्लेषणसँग सम्बन्धित अध्ययनमा सहयोग पुऱ्याएको छ ।

उपर्युक्त प्राज्ञिक कार्यहरू पर्यावरणीय समालोचना सिद्धान्त र 'नदी सप्तक'शृङ्खलाका कविताहरूको अध्ययनका आधारमा पूर्वकार्यका रूपमा प्रस्तुत गरिएको हो । गोविन्दराज भट्टराई, कृष्ण गौतम, नेत्र एटम, गीता त्रिपाठीलगायतका प्राज्ञिक कार्यहरू 'नदी सप्तक'शृङ्खलासँग प्रत्यक्ष सम्बन्धित नभए पनि पर्यावरणीय समालोचनाको सैद्धान्तिक अध्ययनमा महत्त्वपूर्ण हुने भएकाले समावेश गरिएको हो । विभिन्न समाचारमा लेखका रूपमा प्रकाशित अध्ययनहरूले कालीगण्डकी बचाऔँ अभियान र 'नदी सप्तक'शृङ्खलाको परिचय, विशेषता र महत्त्व प्रस्तुत गरेकाले तिनलाई पनि समावेश गरिएको हो । उपर्युक्त अध्ययनहरूले यस शोधकार्यलाई सामान्य सहयोग गरेका छन् । उपर्युक्त सामग्रीहरूको अध्ययन गर्दा पर्यावरणीय समालोचनासँग सम्बन्धित केही सामग्रीहरू भेटिए पनि 'नदी सप्तक'शृङ्खलाका कविताहरूलाई मूल आधार बनाएर पर्यावरणीय अध्ययन गरिएको पाइँदैन । जे जति अध्ययन गरिएको छ त्यो पनि सबल र पर्याप्त छैन । प्रस्तुत शोधकार्यमा यही अनुसन्धानात्मक अभावको पूर्ति गरिएको छ ।

## १.७ शोधको औचित्य

पर्यावरणीय चेतना र समालोचनाका विषयमा अध्ययन भएपनि 'नदी सप्तक'शृङ्खलाका कविताहरूको पर्यावरणीय अध्ययन भएको देखिँदैन । यस शोधकार्यमा पर्यावरणीय समालोचनाका सैद्धान्तिक मान्यतामा आधारित भएर 'नदी सप्तक'शृङ्खलाका कविताहरूको प्रथम पटक अध्ययन एवं विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।प्रस्तुत शोधपत्रले समग्र प्रकृति र कालीगण्डकीको संरक्षणका लागि सहयोग गर्ने छ । शोधकार्यमा प्रस्तुत गरिएका कविताहरूका शक्ति र सीमालाई हृदयङ्गम गरी कविहरूले पर्यावरणीय साहित्य रचनामा मार्गनिर्देशन प्राप्त गर्नेछन् । पर्यावरणीय समालोचनाका आधारमा अनुसन्धान गर्ने विद्यार्थी र

अनुसन्धाताहरू पनि लाभान्वित हुने छन् ।'नदी सप्तक' शृङ्खलाका कविताहरूमाथि पर्यावरणीय समालोचनात्मक अध्ययनको अभावलाई समेत पूर्ति गर्ने भएकाले यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्य साहित्यिक शोध भएकाले यसमा आवश्यक परेका शोध सामग्रीको प्रमुख स्रोत पुस्तकालय रहेको छ ।आवश्यकताअनुसार इपुस्तकालयको पनि प्रयोग गरिएको छ । कालीगण्डकी बचाऔं अभियानले 'नदी सप्तक' पोस्टर कविता शृङ्खलामा प्रकाशन गरेका कविताहरू नै यसका आधारभूत सामग्री रहेका छन् । पर्यावरणीय समालोचना र 'नदी सप्तक' कविता शृङ्खलासँग सम्बन्धित पुस्तक, शोधपत्र, अनुसन्धानात्मक लेख, पत्रपत्रिका, विज्ञप्ति, अन्तर्वार्ता, मन्तव्य आदिलाई पनि आवश्यकताअनुसार शोधसामग्रीका रूपमा उपयोग गरिएको छ । 'नदी सप्तक' शृङ्खलाका कविताहरू पर्यावरणीय चेतनासँग सम्बन्धित रहेका छन् । प्रस्तुत शोधकार्यमा सामग्री विश्लेषणका लागि पर्यावरणीय समालोचनाका सैद्धान्तिक मान्यताहरूको प्रयोग गरिएको छ । यस शोधकार्यमा निगमनात्मक विधिद्वारा सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । पर्यावरणीय समालोचनाका सैद्धान्तिक मान्यताका आधारमा कविताहरूमा रहेको प्रकृतिकेन्द्री विचार, मानव र प्रकृतिको अन्तरसम्बन्ध तथा पर्यावरण संरक्षणको चेतनाको विश्लेषण गरिएको छ ।

पर्यावरणीय सिद्धान्तको अवधारणाका आधारमा कविताहरूको विश्लेषणका लागि तयार गरिएको विश्लेषण ढाँचा निम्नानुसार रहेको छ :

| **विश्लेषणका मूल सूचक** | **सूचकका आधार** |
|---|---|
| १. प्रकृतिको केन्द्रीयता | क) प्रकृतिको महिमागान (महत्त्व)<br>ख) प्रकृति स्वतन्त्रताको अभिव्यक्ति<br>ग) प्रकृतिलाई सर्वशक्तिसम्पन्न सत्ताका रूपमा चित्रण |
| २. प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोध | क) प्रकृतिमाथि मानवीय हस्तक्षेपको चित्रण<br>ख) मानवीय हस्तक्षेपका कारण उत्पन्न समस्याको चित्रण<br>ग) मानवकेन्द्रीयतावादको विरोध |

| | |
|---|---|
| ३. प्रकृति र मानिसको अन्तरसम्बन्ध | क) प्रकृति र मानव क्रियाकलापको सम्बन्ध<br>ख) मानव संस्कृति र प्रकृतिको सम्बन्ध<br>ग) प्रकृति र मानव जीवनमा समानता |

## १.९ शोधकार्यको सीमा

'नदी सप्तक' शृङ्खलामा जम्मा एक सयओटा कविताहरू रहेका छन् । यस अध्ययनमा प्रकृतिको केन्द्रीयता, प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोध तथा पर्यावरण र मानिसको अन्तरसम्बन्धजस्ता चेतना प्रस्तुत गरेका कविताहरू छनोट गरिएको छ । छनोट गर्ने क्रममा कलामूल्यगत सबलतालाई पनि आधार बनाइएको छ । समान भाव/विचार भएका पुनरुक्तियुक्त कविताहरूमध्ये उत्कृष्टताका आधारमा एउटा कविता छनोट गरिएको छ । यसरी छनोटमा परेका जम्मा बत्तिसओटा कविता छन् । ती परिशिष्टमा राखिएको छ । यसरी छनोटमा परेका बत्तिसओटा कवितामध्ये पनि प्रथम महत्त्वका कविताहरूले अध्ययन विश्लेषणमा बढी स्थान पाएका छन् भने द्वितीय र तृतीय महत्त्वका कविताहरूले सोहीअनुसार कम स्थान पाएका छन् । छानिएका कविताहरूमा क. प्रकृतिकेन्द्रीय विषय, ख. प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोध र ग. प्रकृति र मानवको अन्तरसम्बन्धजस्ता आधारमा पर्यावरणीय विश्लेषण गरिएको छ ।उपर्युक्त क., ख. र ग. आधारबाहेक अन्य आधारमा गरिने विश्लेषण यस शोधकार्यको सीमाका रूपमा रहेका छन् ।यी तीन आधारसँग सम्बद्ध विषयलाई भने अन्य उपशीर्षकहरूमा समावेश गरी परिच्छेद चारमा विस्तारमा अध्ययन गरिएको छ । यहाँ छनोटमा नपरेका कविताको विश्लेषणात्मक चर्चा गरिएको छैन ।

## १.१० शोधपत्रको रूपरेखा

'नदी सप्तकशृङ्खलाका कवितामा पर्यावरणीय चेतना' शीर्षकको यस शोधकार्यमा पर्यावरणीय समालोचना सिद्धान्तको सामान्य परिचय दिई 'नदी सप्तक'शृङ्खलाका कविताहरूको पर्यावरणीय चेतनाका आधारमा विश्लेषण गरिएको छ । यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

परिच्छेद एक- शोधपत्रको परिचय

परिच्छेद दुई- पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्वरूप

परिच्छेद तीन - नेपाली कवितामा पर्यावरणीय चेतनाको सर्वेक्षण

परिच्छेद चार - 'नदी सप्तक'शृङ्खलाका कविताहरूको पर्यावरणीय अध्ययन

परिच्छेद पाँच - सारांश र निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

# परिच्छेद : दुई

# पर्यावरणीय समालोचनाको सैद्धान्तिक परिचय

प्रस्तुत परिच्छेदमा पर्यावरणीय समालोचनाको परिचय दिई कृति विश्लेषणका आधारहरूको चर्चा गरिएको छ । पर्यावरणीय समालोचनाको परिचयसँग सम्बन्धित शाब्दिक व्युत्पति, परिभाषा, आधारभूत विशेषता तथा मुख्य प्रकारहरूलाई समावेश गरिएको छ । कृति विश्लेषणका आधारहरूअन्तर्गत पर्यावरणीय समालोचनाले आधारभूत मान्यताका रूपमा स्वीकार गरेका आधारहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ । यस शोधकार्यमा विश्लेषणका लागि प्रयोग नगरिने आधारहरूलाई सामान्य वर्णन मात्र गरिएको छ ।

## २.१ पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्थापना

कृतिमा पर्यावरणलाई दिइएको स्थान र पर्यावरण संरक्षणका लागि प्रस्तुत गरिएको चेतनाका आधारमा मूल्याङ्कन गर्ने समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ । पर्यावरणलाई कृतिगत परिवेशका रूपमा हेर्ने परम्परागत समालोचनाका विरुद्धमा पर्यावरणलाई केन्द्रीय तत्त्वका रूपमा हेर्ने पर्यावरणीय समालोचनाको उदय भएको मानिन्छ । पर्यावरणीय समालोचनालाई इकोक्रिटिसिजम, इकोपोयटिक्स, वातावरणीय साहित्य अध्ययन, हरित साहित्य अध्ययन,वातावरणोन्मुख समालोचना, हरित सांस्कृतिक अध्ययन, हरित व्याकरणजस्ता फरकफरक नामले सम्बोधन गरिएको पाइन्छ । धेरै पदावलीहरू प्रचलनमा रहे पनि अङ्ग्रेजी भाषामा इकोक्रिटिसिजम र नेपाली भाषामा पर्यावरणीय समालोचना पदावली प्रचलनमा रहेको देखिन्छ । पर्यावरणीय समालोचना (इकोक्रिटिसिजम) शब्दको प्रथम प्रयोग अमेरिकी अध्येता विलियम रुकर्टद्वारा सन् १९७८ मा प्रकाशित 'लिटरेचर एन्ड इकोलोजी : एन एक्सपेरिमेन्ट इन इकोक्रिटिसिजम' नामक लेखमा भएको देखिन्छ । पर्यावरणीय समालोचनालाई मानक समालोचना सिद्धान्तका रूपमा स्थापित गर्ने काम चेरिल ग्लटफेल्टीले गरेकी हुन् (फोर्म, सन् १९९६,

पृ.x) । चेरिल ग्लटफेल्टी र ह्यारोल्ड फोर्मद्वारा सन् १९९६ मा सम्पादन गरिएको 'द इकोक्रिटिसिजम रिडर : ल्यान्डमार्क्स इन लिटेररी इकोलोजी' कृतिबाट पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्थापना भएको देखिन्छ । यस कृतिमा पर्यावरणीय समालोचना सिद्धान्तसँग सम्बन्धित सैद्धान्तिक र प्रायोगिक सामग्रीहरू समाविष्ट छन् । चेरिल ग्लटफेल्टीको अग्रसरतामा छापिएको उक्त अनुसन्धानमूलक ग्रन्थको पहिलो अध्यायमा ग्लटफेल्टीको 'लिटरेचर स्टडिज् इन एन एज अफ इनभाइरोन्मेन्टल क्राइसिस' शीर्षकको लेख रहेको छ । उक्त लेखबाटै यस समालोचनाले सैद्धान्तिक आधार प्राप्त गरेको देखिन्छ । पर्यावरणीय समालोचनामा

पर्यावरणलाई कृतिको परिवेश वा प्रकृतिचित्रणको अलङ्कारका रूपमा नभई अनिवार्य अस्तित्वका रूपमा लिइन्छ । त्यसैले पर्यावरणीय अध्ययनमा प्रकृतिलाई नै एउटा कृति मानिन्छ ( एटम, २०६९ पृ.३११) । पर्यावरणीय समालोचनाले जैविक विविधता, पारिस्थितिक प्रणाली, खाद्य शृङ्खला, पर्यावरणीय स्थान आदिको अवस्था हेरेर कृतिको मूल्याङ्कन गर्दछ ।

## २.२ पर्यावरणीय समालोचनाको शाब्दिक अर्थ र तात्पर्य

विश्व साहित्यको उत्तरआधुनिक कालमा देखापरेका नवीन समालोचनापद्धतिहरूमध्ये पर्यावरणीय समालोचनालाई एउटा महत्त्वपूर्ण शाखाका रूपमा लिइन्छ ।'पर्यावरण' शब्द संस्कृत भाषाको चारैतर्फ भन्ने अर्थ दिने 'परि' उपसर्गमा आवरण शब्द जोडिएर बनेको हो । पर्यावरणको अर्थ चारैतर्फ व्याप्त सम्पूर्ण परिवेश भन्ने हुन्छ । पृथ्वीमा रहेका भूमि, जल, वायु, जीवजन्तु, वनस्पति तथा सम्पूर्ण जैविक र अजैविक पदार्थहरूको समूहलाई पर्यावरण भनिन्छ । पर्यावरणका यी जैविक र अजैविक घटकहरू आपसमा अन्तरक्रिया गर्छन् । पर्यावरणका हरेक तत्त्वहरूका बिचमा रहेको सन्तुलित सम्बन्धले नै पृथ्वीको अस्तित्व सम्भव भएको मानिन्छ । मानिसका स्वार्थकेन्द्रित क्रियाकलापले पर्यावरणीय सन्तुलन बिग्रँदै गएको देखिन्छ । पर्यावरणीय सन्तुलन बिग्रेका कारण पृथ्वीमा हरितगृह प्रभाव, अम्लीय वर्षा, ओजोन तहको क्षयीकरण, वातावरणीय प्रदूषण, बाढी, पहिरो, सुनामी, मौसम परिवर्तन, महामारीको प्रकोपजस्ता समस्याहरू उत्पन्न भएको देखिन्छ । मानवीय हस्तक्षेपका कारण कयौँ जीवजन्तु, चराचुरुङ्गी तथा वनस्पतिहरू लोप भएका छन् भने कयौँ प्रजातिहरू लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ । यसलाई वर्तमानको विश्वव्यापी पर्यावरणीय समस्या मानिएको छ ।

कृतिमा प्रयुक्त पर्यावरणीय चेतनाका आधारमा कृति, कृतिकार र विचारको मूल्याङ्कन गर्ने समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ । पर्यावरणीय समालोचनालाई अङ्ग्रेजी भाषामा 'इकोक्रिटिसिजम' भनिन्छ । इकोलोजिकल क्रिटिसिजमको सङ्क्षिप्त रूप इकोक्रिटिसिजम हो । 'इकोलोजी' भनेको पर्यावरण हो भने 'क्रिटिसिजम' भनेको समालोचना हो । 'इकोलोजी' शब्दको प्रथम प्रयोग जर्मन वैज्ञानिक अर्नेस्ट ह्याकेलले सन् १८६६ मा गरेका हुन् (त्रिपाठी,२०८०,पृ.७४) । उनले पर्यावरणलाई सम्पूर्ण प्राणीहरूको साझा घरका रूपमा प्रस्तुत गरेका छन् । इकोलोजी भनेको जीवित जीवहरू र तिनीहरूको वातावरणबिचको सम्बन्धको अध्ययन हो जसमा भौतिक र जैविक दुबै अन्तरक्रियाहरू समावेश गरिएका हुन्छन् (ओडम, सन् १९७१, पृ.३) । पर्यावरणीय साहित्यमा यिनै जीव तथा वनस्पतिहरूको  वातावरणका साथमा रहेको अन्तरसम्बन्धलाई प्रस्तुत गरिएको हुन्छ । प्रकृतिका सम्पूर्ण जैविक र अजैविक पदार्थबिचको अन्तरसम्बन्धलाई जोगाउनुपर्छ र प्रकृतिको संरक्षण गर्नुपर्छ भन्ने चेतनालाई नै

पर्यावरणीय चेतना भनिन्छ । कृतिमा देखिने प्रकृतिको उपस्थिति, जैविक र अजैविक पदार्थहरूको सम्बन्धको स्वरूप र पर्यावरण संरक्षणसम्बन्धी चेतनाहरूलाई केन्द्रमा राखेर मूल्याङ्कन गर्ने काम पर्यावरणीय समालोचनाले गर्दछ ।

पर्यावरण र पर्यावरणीय समालोचनाको परम्पराभन्दा पृथक् तात्पर्य रहेको देखिन्छ । परम्परागत साहित्यमा स्थान, समय र परिस्थितिलाई पर्यावरणका रूपमा चित्रण गरिएको पाइन्छ । पर्यावरणीय समालोचनामा प्रयुक्त पर्यावरणले प्रकृतिको केन्द्रीयतालाई सङ्केत गरेको देखिन्छ । पर्यावरणीय अध्ययनमा पर्यावरण भन्नाले देश, काल र वातावरणको सट्टामा प्रकृतिका तमाम जैविक र अजैविक पदार्थहरूको सहसम्बन्धयुक्त समष्टिलाई बुझिन्छ । पर्यावरणीय समालोचनालाई प्रारम्भमा 'ग्रीन स्टडिज्' को रूपमा हरिततासँग जोडेको देखिन्छ । हरितता वृक्षविशेषसँग मात्र सम्बन्धित भएकाले सम्पूर्ण जीव, वनस्पति तथा जैविक एवं अजैविक पदार्थको प्रतिनिधित्व गर्ने पर्यावरणीय समालोचना (इकोक्रिटिसिजम) पदावली उपयुक्त भएको चेरिल ग्लटफेल्टी ( सन् १९९६) को धारणा रहेको छ । अहिले संसारभरि पर्यावरणीय समालोचना
(इकोक्रिटिसिजम) पदावलीलाई स्वीकार गरिएको छ ।

## २.३ पर्यावरणीय समालोचनाका प्रमुख परिभाषा

पर्यावरणीय समालोचनालाई परिभाषित गर्ने सन्दर्भमा विभिन्न चिन्तकहरूले आ-आफ्ना धारणा राखेको देखिन्छ ।यस सन्दर्भमा पर्यावरणीय समालोचनाका विषयमा प्रस्तुत गरिएका प्रतिनिधि विचारहरूलाई प्रस्तुत गरिएको छ :

> साहित्यिक कृतिको अध्ययनका क्रममा पारिस्थितिकी र पारिस्थितिकीय मान्यताहरूको अवलम्बन गर्ने समालोचना पद्धति पर्यावरणीय समालोचना हो ।
>
> (रुकर्ट, सन् १९७८, पृ. ७१-८६)

> पर्यावरणीय समालोचना भनेको साहित्य (कृति) र भौतिक वातावरणबिचको अन्तरसम्बन्धको अध्ययन हो । पर्यावरणीय समालोचनाले कृति विश्लेषणका क्रममा पृथ्वीकेन्द्रित पद्धति अवलम्बन गर्दछ ।
>
> (ग्लटफेल्टी, सन् १९९६, पृ. xvii)

> बिसौं शताब्दीको मध्यतिर विभिन्न कारणले वातावरणमा देखापरेको सङ्कटको समाधानका निम्ति वातावरणविज्ञहरूको चिन्तनबाट प्राप्त भएको अवधारणा नै पर्यावरणीय समालोचना हो ।
>
> (केरिज, सन् २००६, पृ.५३१)

परिवृत्तीय समालोचनाको लक्ष्य वातावरण पर्यावरण वा इकोलोजीलाई ध्यानमा राखेर लेखिएका साहित्यिक कृतिहरूको समालोचना गर्नु हो । अर्को शब्दमा वातावरणविद्को दृष्टिले गरिएको साहित्यिक एवं सांस्कृतिक समालोचनालाई परिवृत्तीय समालोचना भनिन्छ ।

(भट्टराई, २०८०, पृ.१७)

पर्यावरणीय समालोचना साहित्यिक रचनामा निहित प्रकृतिसम्बद्ध दार्शनिक अन्तर्वस्तुलाई सम्बोधन गर्ने साहित्य अध्ययनमा देखिएको नयाँ पाटो हो । पर्यावरणीय अध्ययनमा प्रकृतिलाई नै एउटा कृति मानिन्छ ।

(एटम, २०६९, पृ.३३१)

पर्यावरणीय समालोचनाले पारिस्थितिक प्रणाली, प्राकृतिक इतिहास र पर्यावरणीय अध्ययनका आधारमा साहित्यको अध्ययन गर्दछ । साहित्यमा प्रकृति र पर्यावरणीय सचेतनाको अध्ययनका क्रममा यसले साहित्यिक पाठमा प्रयुक्त पर्यावरणीय पक्ष तथा प्रकृति र मानवचित्रणका क्रममा यी दुई सम्बन्धको अध्ययन गर्छ ।

(त्रिपाठी, २०८० पृ.७२)

उपर्युक्त परिभाषाहरूले पर्यावरणीय समालोचनालाई परिभाषित गरी यसको विषयक्षेत्रलाई प्रकाश पार्न खोजेको देखिन्छ । रुकर्टले पारिस्थितिकीय मान्यताका आधारमा गरिने समालोचनालाई पर्यावरणीय समालोचनाका रूपमा चिनाएका छन् । ग्लटफेल्टीको परिभाषाले साहित्यिक कृति र भौतिक वातावरणबिचको सम्बन्धको अध्ययनलाई केन्द्रमा राखेको छ । केरिजले पर्यावरणीय समालोचनालाई वातावरणीय सङ्कट समाधान गर्ने अवधारणाका रूपमा चिनाएका छन् । भट्टराईले पारिस्थितिकीमा आधारित कृतिको अध्ययन गर्ने समालोचना भनेर चिनाएका छन् । एटमले प्रकृतिसम्बद्ध दार्शनिक अन्तर्वस्तुलाई सम्बोधन गर्ने साहित्यिक अध्ययनका रूपमा लिएका छन् । त्रिपाठीले पारिस्थितिक प्रणाली, प्राकृतिक इतिहास र पर्यावरणीय अध्ययनका आधारमा कृतिको अध्ययन गर्ने समालोचना भनेर परिभाषित गरेकी छन् । अधिकांश परिभाषाहरू चेरिल ग्लटफेल्टीकै परिभाषामा आधारित रहेका देखिन्छन् । पर्यावरणीय विनाशका कारण उत्पन्न भएका चेतनाहरूले यस समालोचनालाई आधार प्रदान गरेको देखिन्छ । समग्रमा कृति र भौतिक वातावरणका बिचमा रहेको अन्तरसम्बन्धको अध्ययन गर्ने संरक्षणमुखी चेतनायुक्त प्रकृतिकेन्द्री समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ ।

## २.४ पर्यावरणीय समालोचनाका आधारभूत विशेषता

पर्यावरणीय समालोचनालाई विश्वसाहित्य चिन्तनको उत्तरआधुनिक कालमा देखा परेको अन्तर्विषयक समालोचना पद्धति मानिन्छ । यसले वातावरण विज्ञानको सहायता लिएर वातावरण विज्ञानसँग सम्बन्धित मान्यताहरूका आधारमा कृतिविश्लेषण गर्दछ । यसको विषयक्षेत्रका रूपमा सम्पूर्ण विश्वप्रकृति नै रहेको हुन्छ । यसको प्रारम्भ हुनुमा मानवका पर्यावरणविरोधी क्रियाकलापका कारण उत्पन्न समस्याहरू तथा चेतनाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

पर्यावरणीय समालोचनाका कृतिविश्लेषणका मौलिक आयामहरू रहेका छन् । यस समालोचनाले कृतिमा प्रकृतिलाई कसरी चित्रण गरिएको छ भन्ने अध्ययन गर्दछ । यसमा विज्ञान र सामाजिक, संस्कृतिक, राजनीतिक, नैतिक र कानुनी सबै चेतना जोडिन्छन् (भट्टराई, २०८०, पृ.१६) । यसले साहित्यिक, पर्यावरणीय, सांस्कृतिक तथा दार्शनिक दृष्टिकोणबाट प्रकृति र मानवसमुदायका सम्बन्धलाई अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दछ । यस समालोचनाले प्रकृतिलाई सम्पूर्ण प्राणीको साझा निवासका रूपमा चित्रण गर्दछ । यसले प्रकृतिले संस्कृतिलाई कसरी मार्गनिर्देशन गरेको छ भन्ने विश्लेषण गर्दछ ।

यस समालोचना पद्धतिले मानवकेन्द्रीयतावादका विरुद्धमा प्रकृतिकेन्द्री मान्यता राख्दछ । पर्यावरणका सम्पूर्ण जीवजन्तु, वनस्पति तथा जैविक,अजैविक पदार्थहरूको अस्तित्व समान रहेको मान्यता राख्दछ (एटम, २०६९, पृ. ३१५) । मानवका इच्छा आकाङ्क्षा मात्र अन्तिम सत्य होइनन् र प्रकृतिका हरेक वस्तुको मूल्य मानवीय आवश्यकताका आधारमा नभएर स्वतन्त्र अस्तित्वका आधारमा हुन्छ भन्ने यस समालोचनाको मुख्य मान्यता हो ।

पर्यावरणीय समालोचना वातावरणलाई ध्यान दिने समालोचना पद्धति हो । यसले मौलिकताको संरक्षण हुनुपर्ने मान्यता राख्दछ । प्रकृतिमा बेलाबेलामा देखापर्ने पर्यावरणीय समस्याहरूका कारण र समाधानको अध्ययन एवं खोज गर्दछ । यसले आदिवासी संस्कृति र पर्यावरणसँगको सम्बन्धको पनि अध्ययन गर्दछ । नारी र प्रकृतिका समानताको चित्रण गरी अध्ययन गर्ने गर्दछ । यसले मानवहरूलाई पर्यावरणमैत्री बन्न आग्रह गर्दछ । साहित्यिक कृतिहरूमा पनि पर्यावरणलाई सम्मानपूर्वक प्रयोग गरियोस् भन्ने अपेक्षा राख्दछ । यस समालोचनाले पर्यावरणलाई सौन्दर्यको सहायक तत्त्वका रूपमा नभएर केन्द्रीय तत्त्वका रूपमा अपेक्षा राख्दछ । यसले भाषाका तहमा पनि प्रकृतिमैत्री भाषाको अपेक्षा राख्दछ । सहरी एवं प्रदूषित परिवेशभन्दा ग्रामीण परिवेशप्रति अनुराग राख्दछ । समग्रमा पर्यावरणीय समालोचनाले

पर्यावरणको सम्मान र संरक्षणको चेतनालाई मुख्य  आधारका रूपमा लिई कृति, कृतिकार र प्रयुक्त भाव वा विचारको मूल्याङ्कन गर्दछ ।

## २.५ पर्यावरणीय समालोचनाका मुख्य शाखाहरू

पर्यावरणलाई बृहत् फैलावट भएको विषय मानिन्छ । बिसौँ शताब्दीको उत्तरार्धमा स्थापित एवं विकसित यस मान्यताको सर्वकालीन महत्त्व रहेको देखिन्छ । पर्यावरणीय समालोचना आफ्नै मौलिक मान्यताहरूका आधारमा कृतिको समालोचना गर्न सक्षम देखिन्छ । पर्यावरणीय समालोचना आफैँमा पूर्ण भए तापनि विभिन्न वाद र सिद्धान्तले समेत पर्यावरणसँग सम्बन्धित भएर नवीन मान्यताको स्थापना गरेका छन् । पर्यावरणीय समालोचनाबाट जन्मिएका गहन पर्यावरण, स्वच्छन्दतावादी, उत्तरऔपनिवेशिक, नारीवादी र मार्क्सवादी पर्यावरणजस्ता विभिन्न  शाखाहरू पनि रहेका छन् ।

### २.५.१ गहन पर्यावरणीय चेतना

प्रकृतिको स्वतन्त्र विशिष्ट अस्तित्वलाई स्वीकार गरी मानवलाई एउटा साधारण अङ्गका रूपमा मात्र लिने अवधारणालाई गहन पर्यावरण भनिन्छ । यस समालोचना चिन्तनका आरम्भकर्ता नर्वेका दार्शनिक अर्ने नइस हुन् (त्रिपाठी, २०७४, पृ.४२) । उनले सन् १९७२ मा रुमानियाको बुखारेष्टमा आयोजित ‘तेस्रो विश्वको भविष्य’ विषयक सम्मेलनमा प्रस्तुत गरेको गहन पर्यावरणीय चेतनाको घोषणापत्र सन् १९७३ मा ‘इन्क्वायरी जर्नल’ मा  ‘दि डिप एण्ड स्यालो इकोलोजी मुभमेन्ट’ शीर्षकमा प्रकाशित भएको थियो । नइसले प्रकृतिलाई बिनास्वार्थ हेर्नुपर्ने धारणा राखेका छन् (नइस, सन् १९७३, पृ ९५-१०१) । प्रकृतिको महत्त्व मानवीय फाइदाका आधारमा नभएर उसको स्वतन्त्र अस्तित्वमा हुन्छ भन्ने उनको धारणा रहेको छ । यस मान्यताले प्रकृतिमा रहेका सम्पूर्ण जैविक एवं अजैविक तत्त्वहरूको आफ्नै मूल्य भएको तथ्यलाई स्वीकार गर्दछ । यसले प्रकृतिको आफ्नै गति भएको तथ्य आत्मसात् गरी मानवलाई प्रकृतिमाथि हस्तक्षेप नगर्न सचेत बनाउँछ । यस मान्यताअनुसार मानवलाई आफ्ना आधारभूत आवश्यकता पूरा गर्न बाहेक अन्य कुरामा प्रकृतिमाथि हस्तक्षेप गर्ने अधिकार छैन । गहन पर्यावरणले प्रत्येक व्यक्तिलाई आ-आफ्ना सङ्कीर्ण सांस्कृतिक मूल्यलाई उदार बनाउन र विश्वप्रकृतिको नागरिक भएर पृथ्वीप्रतिको दायित्व लिन आमन्त्रण गर्दछ (एटम, २०६९, पृ. ३१५) । गहन पर्यावरणले कृतिमा प्रकृतिलाई कसरी प्रस्तुत गरिएको छ भन्ने विषयको अध्ययन गर्दछ । मानवीय हस्तक्षेपका कारण प्रकृतिको गतिमा आएको विचलनको विरोध गर्दछ । पर्यावरणीय समालोचनाको एउटा महत्त्वपूर्ण अङ्ग बनेको यस शाखाले कृतिभित्रका पात्रहरूमा रहेको गहन

पर्यावरणीय चेतना, लेखकीय धारणा तथा कृतिगत आशयका आधारमा कृतिकार र उक्त कृतिको मूल्याङ्कन गर्दछ ।

### २.५.२ स्वच्छन्दतावादी पर्यावरणीय चेतना

पर्यावरणीय चेतनाको आरम्भका लागि स्वच्छन्दतावादी प्रकृतिपरक साहित्यिक रचनाहरूले पृष्ठभूमि प्रदान गरेको देखिन्छ । स्वच्छन्दतावादी पर्यावरणीय चेतनाले प्रकृतिको महत्त्वको उठान गर्दछ । प्रकृतिसँग दुरी बढाउँदै गएका कारण मानवजीवन अशान्त देखिएको छ । यसले प्रकृतिका काखमा नै आनन्द रहेकाले प्रकृतितर्फ फर्कन आह्वान गर्दछ । आधुनिक पर्यावरणीय समालोचना वैज्ञानिक मान्यतामा आधारित रहे पनि प्रकृतिको महिमागानरूपी स्वच्छन्दतावादी प्रवृत्तिलाई भने छोडेको देखिँदैन ।

यस समालोचनाको विकासमा जोनाथन वेट, लरेन्स वुयल, डेबिट म्याकरन, मार्क्स ब्याच्लिगेरजस्ता चिन्तकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।जोनाथन बेटका रोमान्टिक इकोलोजी (सन् १९९१), द सङ अफ द अर्थ (सन् २०००) जस्ता कृतिहरूबाट स्वच्छन्दतावादी पर्यावरणीय समालोचना प्रारम्भ भएको हो (भट्टराई, २०६४, पृ.८५) । स्वच्छन्दतावादी पर्यावरणीय चेतनाले पर्यावरण र मानवको अस्तित्व अन्तरसम्बन्धित भएको चित्रण गर्दछ । पर्यावरणमा मानवकेन्द्रीयताको विरोध गर्दछ । पर्यावरणसँग आध्यात्मिकतालाई जोडेर प्रकृतिलाई आनन्दको स्रोतका रूपमा व्याख्या गर्दछ । ग्रामीणपन र प्रकृतितर्फ आकर्षण देखाउँछ । स्वच्छन्दतावादी पर्यावरणले प्रकृतिलाई आमा, गुरु, प्रेमी आदि रूपमा चित्रण गरेर प्रकृतिको महानतालाई प्रस्तुत गर्दछ ।

### २.५.३ उत्तरऔपनिवेशिक पर्यावरणीय चेतना

उपनिवेशका विरुद्धमा उठेको प्रतिरोधी चेतनायुक्त आन्दोलन नै उत्तर उपनिवेशवादका रूपमा चिनिन्छ । कुनै राष्ट्र वा समाजमा अर्को राष्ट्र वा समाजले नियन्त्रण गर्नु र आफू अनुकूलको शासन लागु गर्नु उपनिवेश हो । उपनिवेशका कारण उपनिवेशित राष्ट्र तथा समाजका प्राकृतिक, भाषिक एवं सांस्कृतिक सम्पदामाथि गहिरो असर परेको हुन्छ । उपनिवेशित क्षेत्रमा उपनिवेश र त्यसका नकारात्मक असरका विरुद्ध उठ्ने प्रतिरोधी चेतना नै उत्तर औपनिवेशिक चेतना हो ।उत्तरऔपनिवेशिक पर्यावरणीय अध्ययनको प्रारम्भिक नेतृत्व बेलायती वातावरणवादी इतिहासविद् अल्फ्रेड फ्रस्वी र रिचार्ड ग्रोबले गरेका हुन् (त्रिपाठी, २०७४, पृ.६०) ।यसमा विश्वव्यापी रूपमा धनी, पुँजीपति र साम्राज्यवादी वर्गले कसरी प्रकृतिको शोषण गरेको छ? कसरी विश्वका श्रमिक, किसान, निम्नवर्ग, गरिव र तेस्रो विश्वका देशहरू मारमा

पारिएका छन् भन्ने विषयको अध्ययन गरिन्छ (भट्टराई, २०६६, पृ.१६०) । यस समालोचनाले उपनिवेशित क्षेत्रमा गरिएका वन्यजन्तुको चोरीसिकारी, जडिबुटीको तस्करी, खनिज पदार्थको दोहन, नश्ल सुधारका नाममा जीव, अन्न, तरकारी र फलफूल इत्यादिको मौलिकता नष्ट गर्ने जस्ता कार्यको चित्रण गर्दै प्रकृतिमाथि पारिएको नकारात्मक असरको विरोध गर्दछ ।

उत्तरऔपनिवेशिक पर्यावरणीय समालोचनाले उपनिवेशित राष्ट्र/समाजप्रति सहानुभूति प्रकट गर्दछ । उपनिवेशित पर्यावरणमा भएको हस्तक्षेपको सशक्त विरोध गर्दै उक्त पर्यावरणमाथिको हस्तक्षेप रोक्न चेतना प्रवाह गर्दछ । उत्तरऔपनिवेशिक पर्यावरणीय समालोचनाले कृतिमा उपनिवेशित क्षेत्रको पर्यावरणमा पारेको प्रभावको चित्रण, उपनिवेशित क्षेत्रप्रति देखाइएको सहानुभूति तथा उपनिवेशकका हस्तक्षेपप्रति देखाएको प्रतिरोधी चेतनाका आधारमा कृतिको मूल्याङ्कन गर्दछ ।

### २.५.४ नारीवादी पर्यावरणीय चेतना

पर्यावरणीय नारीवादलाई पर्यावरणीय समालोचनाले ग्रहण गरेको नवीन चेतना मानिन्छ । यस समालोचनाले प्रकृति र नारी दुबै एकअर्कासँग सम्बधित रहेको धारणा राखेको छ । यस समालोचनाले प्रकृति र नारी दुबैमा समानता रहेको, पुरुषप्रधान समाजले प्रकृति र नारी दुबैमाथि दमन गर्ने गरेको, नारीको अधिकार रक्षा भएमा प्रकृतिको पनि रक्षा हुनेजस्ता धारणा व्यक्त गर्दै प्रकृति र नारी दुबैको संरक्षण गर्नुपर्ने विचार प्रस्तुत गरेको छ । पर्यावरणीय नारीवाद (इको फेमिनिजम) शब्दको प्रथम प्रयोग सन् १९७४ मा फ्रान्सोयस डि इयाबोनले आफ्नो पुस्तक 'ले फेमिनिमी ओला मार्ट' मा गरेकी हुन् । स्टेफन लेल्यान्डको 'रिक्लेम द अर्थः ओमन स्पिक फर लाइफ अन अर्थ' नामक पुस्तकबाट यो चेतना सशक्त ढङ्गले अघि बढेको हो । नारीमाथिको प्रभुत्व अथवा शोषणलाई स्वीकार गर्नु भनेको पर्यावरणको विनाशका लागि वातावरण तयार पार्नु हो भन्ने उनको आशय रहेको छ । मेरी डाली, सुसन ग्रिफिन, करेन वारेनजस्ता लेखकका कृतिले यस समालोचनाको विकासका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस समालोचनाको विकासमा प्लमवुड वाल, सेरी बि ओर्टनर, अरून्धती रोय, बन्दना शिवाजस्ता चिन्तकहरूको पनि महत्त्वपूर्ण योगदान रहेको छ (त्रिपाठी, २०७४, पृ.६६) ।यस समालोचनाले प्रकृतिका मानिस तथा अन्य प्राणीमा स्त्रीलिङ्गी स्वतन्त्रताको धारणा राख्दछ । कुनै कृतिमा नारी र प्रकृतिलाई एकाकार गराएर प्रस्तुत गरिएको छ वा छैन भन्ने विषयमा अन्वेषण गर्दछ । पुरुषद्वारा नारीमाथि र मानिसद्वारा प्रकृतिमाथि भएका समान शोषणको चित्रण एवं विश्लेषण गर्दछ । प्रकृति र नारीको स्वतन्त्र अस्तित्वको अपेक्षा राख्दछ । नारीवादी पर्यावरणीय समालोचनाले कृतिमा प्रयुक्त प्रकृति, नारी र उनीहरूको अवस्थाका आधारमा कृति

र कृतिकारको विश्लेषण एवं मूल्याङ्कन गर्दछ ।

### २.५.५ मार्क्सवादी पर्यावरणीय चेतना

द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तका स्थापक जर्मन दार्शनिक कार्लमार्क्सको सिद्धान्तमा आधारित भएर पर्यावरणको अध्ययन गर्ने सिद्धान्तलाई पर्यावरणीय मार्क्सवाद भनिन्छ । मार्क्सवादीहरूले पर्यावरण विनाशको मूल कारकका रूपमा भूमण्डलीकृत साम्राज्यवाद र बजारीकरणलाई मानेका छन् र यसबाट मार्क्सवादी पर्यावरणीय समालोचना सिद्धान्तको विकास भएको छ (भट्टराई, २०६८, पृ.६३) । मार्क्सको पर्यावरणसँग सम्बन्धित सिद्धान्त मेटाबोलिकल रिफ्ट हो । मार्क्सका अनुसार मानिस प्रकृतिको एउटा अङ्ग हो । मानव समाजको अस्तित्व प्राकृतिक स्रोत र साधनको सन्तुलित प्रयोगले मात्र जोगाउन सकिन्छ । मार्क्सका अनुसार पर्यावरणीय सङ्कट उत्पन्न हुनुको कारण पुँजीवाद हो । अत्यधिक नाफा गर्ने, बिक्रीवितरण गर्ने र सङ्ग्रह गरेर राख्ने उद्देश्यले पुँजीवादी समाजले प्राकृतिक स्रोत र साधनको दोहन गर्दछ । वर्गीय समाजमा पुँजीवादी वर्गले सर्वहारा वर्गलाई शोषण गरेजस्तै पर्यावरणमा मानिसले अन्य पक्षमाथि शोषण र अत्याचार गरेको हुन्छ । पर्यावरणीय मार्क्सवादले कृतिमा प्रयुक्त पुँजीवादी समाजको प्रकृति दोहन, पर्यावरणमाथिको एकाधिकार, अन्य प्राणीमाथिको नियन्त्रण आदिको अध्ययन गरी कृतिले त्यसभित्र व्यक्त गरेको चेतनाका आधारमा उक्त कृतिको मूल्याङ्कन गर्दछ ।

## २.६ कृति विश्लेषणका आधार

पर्यावरणीय समालोचनाका मौलिक चिन्तनमा आधारित कृतिविश्लेषणका विभिन्न आधारहरू प्रचलित छन् । ती कृतिविश्लेषणका आधारहरू कतिपय विभिन्न शाखाहरूसँग सम्बन्धित छन् भने कतिपय मूल पर्यावरणीय चेतनासँग सम्बन्धित छन् ।यस शोधकार्यमा शाखागत आधारमा नभएर पर्यावरणीय चेतनाका समग्र मौलिक चिन्तनगत आधारहरूमा टेकेर विश्लेषण गरिएको छ ।यस खण्डमा पर्यावरणीय समालोचनासँग सम्बन्धित कृतिविश्लेषणका मुख्य आधारहरूको चर्चा गरिएको छ ।

### २.६.१ प्रकृतिको केन्द्रीय महत्त्व

पर्यावरणीय चेतनाले सम्पूर्ण तत्त्वहरूको आधार प्रकृति भएकाले प्रकृतिको विशिष्ट महत्त्व हुने धारणा राख्दछ । साहित्यमा मानिसलाई अत्यधिक महत्त्व दिने र प्रकृतिलाई शैलीगत

अलङ्कार र प्रभावोत्पादक सहायक सामग्रीका रूपमा मात्र सीमित गर्ने परम्पराका विपरीत प्रकृतिलाई नै मूल विषयको रूपमा अभिव्यक्त गर्नु नै प्रकृतिको केन्द्रीय महत्त्व हो (त्रिपाठी, २०७४, पृ. १०५) । मानवहरू सर्वश्रेष्ठ नभएर प्रकृतिका एक अङ्ग मात्र हुन् । प्रकृतिलाई महत्त्व दिनु भनेको कृतिको मूल विषय नै प्रकृतिलाई बनाउनु हो । कथानक, चरित्र, उद्देश्यजस्ता महत्त्वपूर्ण पक्षमै प्रकृति आउनुलाई प्रकृतिलाई महत्त्व दिएको प्रमाणका रूपमा लिइन्छ ।

पर्यावरणीय समालोचनाले प्रकृतिलाई मानवको भोग्य वस्तु ठान्ने मानवीय प्रवृत्तिको विरोध गर्दछ । पर्यावरणीय साहित्यको केन्द्र नै प्रकृति हो र यो विश्वप्रकृतिका रूपमा प्रकट भएको हुन्छ (ग्लटफेल्टी र फोर्म, सन् १९९६- पृ xx) । प्रकृतिमा अनेकौँ जीवजन्तु छन् जसले जीवनयापनका लागि प्रकृतिको उपयोग गर्छन् । मानवले भने प्रकृतिका पशुपन्छी, वनस्पति, जल, जमिनलगायत अन्य पक्षमाथि आफ्नो अधिकार जमाउने प्रयत्न गर्दै आइरहेको छ । मानवले प्रकृतिमाथि गरेको हस्तक्षेपले प्रकृतिको गरिमा खण्डित भइरहेको छ । साधारण जीवनयापनका लागि प्रकृतिको उपयोग गर्नुको सट्टा मानवले प्राकृतिक वस्तुमाथि अनियन्त्रित दोहन गरिरहेको छ । मानवको यस क्रियाले अनेकौँ पशुपन्छीलगायत प्रकृतिको अवस्था बिग्रदै गइरहेको छ ।

पर्यावरणीय समालोचनाले कृतिमा प्रकृतिको महत्त्वलाई सर्वोपरि ठानिएको छ वा छैन भन्ने विषयको मूल्याङ्कन गर्दछ । यस समालोचनाले प्रकृतिलाई सहायक तत्त्वको रूपमा मात्र चित्रण गरेका कृतिलाई उत्कृष्ट मान्दैन ।पर्यावरणीय समालोचनाले भाषाका तहमा पनि प्रकृतिकेन्द्री पर्यावरणमैत्री भाषाको अपेक्षा राख्दछ । प्रकृतिका कुनै पक्ष कृतिको साध्य बनेको खण्डमा मात्र कृतिले प्रकृतिलाई महत्त्व दिएको छ भन्ने मान्यता राख्दछ । पर्यावरणीय समालोचनाले कृतिमा प्रस्तुत प्रकृतिको गरिमा र मूल विषयमा प्रकृतिको उपस्थितिका आधारमा कृतिको मूल्याङ्कन गर्दछ ।

### २.६.२ जैविक विविधता

जैविक र अजैविक कारक तत्त्वहरू मिलेर प्रकृति अस्तित्ववान् छ । ब्रह्माण्डमा रहेका अनेकौँ जीव तथा वनस्पतिको सामूहिक अस्तित्व नै जैविक विविधता हो । विविधता भन्नाले भिन्नता, फरकपन एवं किसिमलाई बुझिन्छ । जैविक विविधताअन्तर्गत पारिस्थितिक प्रणालीको विविधता, प्रजातिगत विविधता र वंशाणुगत विविधताजस्ता विभिन्न पक्षहरू पर्दछन् । जैविक विविधताले जल, स्थल, सागर, सिमसारलगायतका क्षेत्रमा भएका सबै जीवित प्राणी र वनस्पतिको विविधता, सम्बन्ध र समायोजनलाई जनाउँछ । पर्यावरणीय समालोचनाले कृतिमा जैविक विविधताको चित्रण कसरी गरिएको छ, जैविक विविधतामा पर्न गएको असरलाई कसरी

उठान गरिएको छ र जैविक विविधताको संरक्षणको प्रयास कसरी गरिएको छ भन्ने आधारमा कृतिको विश्लेषण एवं मूल्याङ्कन गर्दछ ।

### २.६.३ पारिस्थितिक प्रणाली

वातावरणभित्रका जैविक र अजैविक तत्त्वहरूको समग्रता र अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ ।कुनै वातावरणमा रहेका जीवजन्तु, बोटबिरुवा, सूक्ष्मदर्शी जीवहरू र वातावरणबिचको अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ (ओडम, १९७१, पृ. ८) । सम्पूर्ण जैविक तत्त्वहरूका बिचमा खाना, आवास र सन्तान उत्पादनका लागि विशेष सम्बन्ध कायम हुन्छ र ठाउँविशेषमा पारिस्थितिक प्रणालीको जन्म हुन्छ । हरेक प्रकारका जीवजन्तु तथा वनस्पति गास , वास र कपासका लागि कुनै न कुनै तत्त्वमा निर्भर रहेका हुन्छन् । पृथ्वीमा वातावरणअनुसार भूमध्यसागरीय जङ्गल, मरुभूमि, पहाड, मधेश, हिमाल, सिमसार, उपत्यका, चारकोसे जस्ता अनेकौँ फरकफरक पारिस्थितिक प्रणाली बनेका हुन्छन् । हरेक प्राणीका पारिस्थितिक खोपीहरू पारिस्थितिक प्रणालीभित्र रहेका हुन्छन् । खाद्य चक्र पनि पारिस्थितिक प्रणालीको अङ्ग हो । एउटा वातावरणभित्र रहेका प्राणीले प्राकृतिक रूपले एक अर्कालाई भोजन बनाएर जीवनयापन गरिरहेका हुन्छन् । कुनै पारिस्थितिक प्रणालीभित्रका जैविक अथवा अजैविक पक्षमाथि हस्तक्षेप हुँदा सिङ्गो प्रणाली प्रभावित हुन्छ । पर्यावरणीय समालोचनाले कृतिमा कुन पारिस्थितिक प्रणाली प्रस्तुत गरिएको छ, त्यसको अध्ययन गर्दछ । मानवीय हस्तक्षेपका कारण पारिस्थितिक प्रणालीमा समस्या उत्पन्न भएको खण्डमा त्यसको विरोध गर्दछ । पारिस्थितिक प्रणाली, खाद्य चक्र र पारिस्थितिक खोपीको संरक्षणका लागि कृति र लेखकले व्यक्त गरेको धारणाको मूल्याङ्कन गर्दछ ।

### २.६.४ पर्यावरण र मानिसको सहसम्बन्ध

मानिसलाई पर्यावरणको एउटा अङ्ग मानिन्छ । मानिस प्रकृतिबाट उत्पन्न हुन्छ, प्रकृतिमै बाँच्छ र मृत्युपश्चात् प्रकृतिमै एकाकार हुन्छ । मानिस प्रकृतिभन्दा अलग तत्त्व नभएका कारण पर्यावरण र मानिसका बिचमा प्राकृतिक सहसम्बन्ध हुन्छ । मानिसले प्रकृतिबाट विशिष्ट जीवनशैली निर्माण गरेको छ । जन्मदेखि मृत्युसम्मका सारा परिवेश र प्रक्रियाहरूले जीवनलाई एउटा पद्धति बनाएको छ र त्यो पद्धति नै संस्कृति हो (त्रिपाठी, २०७६, पृ. ११३) । मानिसलाई विवेकशील प्राणी बनाएको संस्कृतिको उपस्थितिले हो । वातावरण भनेको मानवलाई प्रदत्त कुनै वस्तु नभएर एउटा परिवर्तनशील ज्यादै कमजोर प्रकृतिचक्रमा आधारित र सधैँ संरक्षण खोज्ने प्रक्रिया (अस्तित्व) हो (भट्टराई, २०८०, पृ. २४) । विवेकशील भएको नाताले

प्रकृतिको संरक्षण गर्नु मानिसको नैतिक दायित्व हो । पर्यावरणीय समालोचनाले प्रकृतिसँग मानवको विभिन्न सम्बन्धको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्दछ । प्रकृतिले संस्कृतिलाई प्रभाव पारेको हुन्छ भने संस्कृतिले पनि प्रकृतिलाई प्रभावित गरेको हुन्छ । प्रकृति र संस्कृतिको सम्बन्ध स्थापना गर्ने कार्य मानिसले गरेको हुन्छ । पर्यावरणीय समालोचनाले कृतिमा प्रयुक्त मानव समुदायको प्रकृतिसँगको सम्बन्ध कस्तो छ भन्ने अध्ययन गर्दछ । मानव समुदाय र उनीहरूको संस्कृतिमा प्रकृतिले कसरी प्रभाव पारेको छ भन्ने अध्ययन गर्दछ । मानवीय क्रियाकलाप तथा संस्कृतिले पर्यावरणलाई कुन रूपले ग्रहण गरेको छ भन्ने कुरासमेत अध्ययन गर्दछ । प्रकृतिलाई आफ्नै स्वरूपमा रहन दिएका अथवा प्रकृतिलाई संरक्षण गर्ने चेतना भएका मानिस तथा समुदायलाई पर्यावरणमैत्री मानिन्छ भने प्रकृतिको दोहनमा लागेका व्यक्ति एवं समुदायलाई पर्यावरणविरोधी मानिन्छ । पर्यावरणीय समालोचनाले कृतिमा प्रयुक्त मानव र मानव समुदायको प्रकृतिसँगको सम्बन्धको आधारमा कृति तथा लेखकको अध्ययन, विश्लेषण एवं मूल्याङ्कन गर्दछ ।

### २.६.५ प्रकृतिको सार्वभौमपन

पर्यावरणीय समालोचनाले प्रकृति सम्पूर्ण जीवजगत्‌को साझा घर हो भन्ने मान्यता राख्दछ । प्रकृतिले सबै जीवजन्तुलाई सन्तुलित रूपमा आफूलाई भोग्ने अधिकार दिएको छ । मानिसले प्रकृति सबैको हो भन्ने तथ्यलाई बिर्सेर प्रकृतिदोहनमा लाग्दा प्राकृतिक चक्रमा नै समस्या उत्पन्न भइरहेका छन् । प्रकृति सबैको साझा घर भएकाले मानिसले अन्य पशुप्राणी, खोलानाला, वनजङ्गल इत्यादि प्राकृतिक सदस्यमाथि अधिकार जमाउनु नैतिक देखिँदैन । पर्यावरणीय समालोचनाले पर्यावरणका सबै सदस्यहरूलाई सम्मानजनक व्यवहारको अपेक्षा राख्दै प्रकृतिलाई सबैको साझा निवासको रूपमा चित्रण गरिएको छ वा छैन भन्ने अध्ययन गर्दछ ।

### २.६.६ पर्यावरणमाथि मानवीय हस्तक्षेपको विरोध

पर्यावरणीय समालोचनाले मानवको प्रकृतिमाथिको हस्तक्षेपको विरोध गर्दछ । पुँजीवादी सोचले अघि बढेको मानव समुदायले प्रकृतिलाई आफ्नो भोग्य वस्तुका रूपमा लिँदै आएको छ । नृतत्त्वकेन्द्री अनेकौँ वाद तथा सिद्धान्तहरूले समेत प्रकृतिलाई यथासम्भव दोहन गर्नुपर्छ भन्ने मान्यता राख्छन् । मानिसले जमिन, जल, वायु, जीवजन्तु तथा वनस्पतिमाथि हस्तक्षेप गर्दै आइरहेको छ । जमिन खन्ने, पानीको प्रवाह परिवर्तन गर्ने, वायुलाई प्रदूषित गर्ने, रुखहरू काट्ने, जीवजन्तु मार्ने तथा सिकार गर्नेजस्ता कार्य गरिरहेको देखिन्छ । पर्यावरणीय समालोचनाले यस्तो मानवीय प्रवृत्तिको विरोध गर्दछ । पर्यावरणीय साहित्यले मानवको हस्तक्षेपकारी प्रवृत्तिलाई

यथार्थ चित्रण गर्न अथवा मानवीय प्रवृत्तिमा सुधारात्मकता देखाउन सक्छ । पर्यावरणीय समालोचनाले कृतिमा प्रयुक्त पर्यावरणमाथि मानवीय हस्तक्षेप त्यसको प्रभाव र विरोधको विश्लेषण गरी मूल्याङ्कन गर्दछ ।

### २.६.७ विज्ञानको दुरुपयोगको विरोध

मानिसले प्रकृतिमाथि विजय हासिल गर्ने उद्देश्यले विज्ञान र प्रविधिको क्षेत्रमा नयाँ नयाँ अनुसन्धान र आविष्कार गरिरहेको छ । विभिन्न घातक रसायनहरू, कीटनाशक विषादीहरू, आणविक हतियारहरू तथा प्रदूषक उपकरणहरू तिनका केही उदाहरणहरू हुन् । कीटनाशक विषादीको प्रयोग गरी किराहरू मार्दा पारिस्थितिक प्रणाली बिग्रिरहेको छ । विभिन्न रसायनले जल, जमिन र वायुमा प्रदूषणको मात्रा बढाएका छन् र कतिपय जीवहरू लोपोन्मुख अवस्थामा पुगेका छन् । हानिकारक ग्याँसहरूको उत्सर्जनले वायुप्रदूषण, ओजोन तहको क्षयीकरण, अम्लीय वर्षा, हरितगृह प्रभावजस्ता विश्वव्यापी समस्या बढ्दै गएका छन् । विभिन्न आणविक अस्त्रको निर्माण र प्रयोगले विगतमा पृथ्वीका धेरै भाग मरुभूमि बनिसकेका छन् भने जुनसुकै बेला पृथ्वी ध्वस्त हुने खतरा छ । हाइब्रिड बनाउने बहानामा प्राकृतिक जीव तथा वनस्पतिलाई नाश गरिँदैछ । विज्ञान र प्रविधिको व्यवस्थित प्रयोग गर्नु राम्रो कुरा हो तर जैविक विविधता, पारिस्थितिक प्रणाली र समग्र विश्वलाई नै घातक हुने काम गर्नु पर्यावरणीय अपराध हो ।

पर्यावरणीय समालोचनाले कृतिमा भएका वैज्ञानिक क्रियाकलापको सूक्ष्म निरीक्षण गर्दछ । विज्ञान र प्रविधिजन्य आविष्कारले प्रकृतिमा कस्तो असर पारेको छ भन्ने कुराको अन्वेषण गर्दछ । उक्त वैज्ञानिक दुरुपयोगप्रति लेखकको कस्तो धारणा रहेको छ भन्ने कुराको पनि मूल्याङ्कन गर्दछ । अतः कृतिमा प्रयुक्त प्रकृतिमाथि विज्ञान र प्रविधिको दुरुपयोगले पारेको प्रभावको विश्लेषण गरी कृति र कृतिकारको मूल्याङ्कन गर्नु पर्यावरणीय समालोचनाको सैद्धान्तिक मान्यता हो ।

### २.६.८ अहिंसाको पक्षधरता

प्राणीमात्रलाई दुःख, पीडा हुने र चित्त दुख्ने आचरण नगर्ने तथा काटमार नगर्ने कामलाई अहिंसा भनिन्छ । पर्यावरण संरक्षणका लागि अहिंसावादी भावना हुनु अपरिहार्य छ । डिप इकोलोजीका प्रवर्तक अर्ने नइसले जस्तोसुकै अवस्थामा पनि जीवहिंसा नगरी अहिंसात्मक रहन सल्लाह दिएका छन् (नइस, सन् १९७३, पृ. ९५-१००) । मानव विवेकशील प्राणी भएका नाताले प्रकृतिका कुनै पनि पक्षमाथि हिंसात्मक व्यवहार गर्नु हुँदैन भन्ने मान्यता यस समालोचनाको रहेको छ । बाघले जीवजन्तुको सिकार गर्नु पर्यावरणविरोधी होइन तर मानिसले जीवजन्तुको

हिंसा नगरी बाँच्न सम्भव हुँदाहुँदै पनि काटमार गर्छ भने त्यो पर्यावरणविरोधी क्रियाकलाप हो । पर्यावरणीय समालोचनाले सम्पूर्ण प्राणी, वनस्पति तथा प्राकृतिक वस्तुलाई प्रेम गरी उनको अस्तित्व रक्षा गर्न प्रेरित रहन आग्रह गर्दछ ।

पर्यावरणीय समालोचनाले कृतिमा अहिंसावादी विचार आएको छ वा छैन, जीवजन्तुको चोरीसिकारी, वनजङ्गलको फँडानीजस्ता विषयलाई गम्भीर रूपमा लिइएको छ कि छैन तथा पर्यावरणका अन्य पशुप्राणी तथा वनस्पतिप्रति कृति र लेखकको धारणा कस्तो छ भन्ने कुराको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दछ ।

### २.६.९ प्रकृति र संस्कृतिको अन्तरसम्बन्ध

मानव समुदाय, मानवीय संस्कृति र प्रकृतिका बिचमा गहिरो सम्बन्ध रहेको हुन्छ । हाम्रो संस्कृति र हामो स्थान एकअर्काका प्रतिबिम्बहरू हुन्, एक अर्काबाट छुट्याउने नमिल्ने ( अब्राम्स, सन् २००५, पृ. ७३) । यस कथनबाट प्रकृतिबिना संस्कृतिको अस्तित्व नरहने कुरा स्पष्ट हुन्छ । मानवले आफ्नो भूगोल र निकटको प्रकृतिका आधारमा विशिष्ट जीवनशैली निर्माण गरेको हुन्छ । जन्मदेखि मृत्युसम्मका तमाम क्रियाकलापका लागि विभिन्न विधि, संस्कार र प्रचलन निर्माण गरेको हुन्छ । मानवहरूको समुदायले एउटा आदर्श जीवनपद्धतिलाई नै संस्कृतिका रूपमा विकसित गरेको हुन्छ । सांस्कृतिक क्रियाकलापहरू आफ्नै पर्यावरणको परिवेशका आधारमा तय गरिएका हुन्छन् । सांस्कृतिक कार्यमा आवश्यक सामग्रीहरू पनि प्रकृतिबाटै प्राप्त गरिएका हुन्छन् ।

प्रकृतिबिना संस्कृतिको परिकल्पना गर्न सकिदैन । पर्यावरणीय समालोचनाले मानव संस्कृति प्रकृतिमा आधारित भएको तथ्यलाई स्वीकार गर्दै प्रकृतिसँग मानिसका विभिन्न सम्बन्धको अध्ययन र विश्लेषण गर्दछ (त्रिपाठी, २०७४, पृ.७७) । पर्यावरणीय कृतिमा प्रकृतिबिना संस्कृति खण्डित हुने तथ्यलाई उजागर गरिएको हुन्छ । संस्कृति जोगाउनका लागि प्रकृति जोगाउनुपर्ने आग्रह राखिएको हुन्छ । पर्यावरणीय समालोचनाले कृतिमा प्रयुक्त प्रकृति र संस्कृतिको सम्बन्ध, त्यसको वर्तमान अवस्था तथा अन्तरसम्बन्ध जोगाउन प्रस्तुत गरिएको चेतनाका आधारमा उक्त कृतिको विश्लेषण एवं मूल्याङ्कन गर्दछ ।

### २.६.१० ग्राम्यता र अप्रदूषित परिवेशको पक्षधरता

पर्यावरणीय समालोचनाले सहरीकरण र प्रदूषित परिवेशको विरोध गर्दै ग्राम्यता र अप्रदूषित परिवेशतर्फ झुकाव राख्दछ । स्वच्छन्दतावादले ‘प्रकृतितर्फ फर्क’ भनेजस्तै यस

सिद्धान्तले पनि प्रकृतिको काखमा ग्रामीण र प्राकृतिक जीवनशैली बाँच्न आग्रह गर्छ । सहरीकरणको प्रभाव नपरेका ग्रामीण क्षेत्रमा प्रकृतिको महत्त्व यथावत् छ । ग्रामीण जीवनशैली बाँचिरहेका आदिवासी समुदायहरू पर्यावरण संरक्षणका खम्बा र प्रकृतिका सच्चा पूजकका रूपमा रहेका हुन्छन् (हितान, २०८०, पृ ५२) । आधुनिकता र विकासका नाममा प्रकृतिमाथि शोषण गर्ने, प्राकृतिक स्वरूपलाई उथलपुथल पार्ने, ग्रामीण संस्कृति एवं जीवनपद्धति ध्वस्त पार्नेजस्ता कार्य भएको चित्रण पनि पर्यावरणीय कृतिमा गरिएको हुन्छ । ग्रामीण समुदाय प्रकृतिसँग एकाकार भएर बाँचेको हुन्छ । ग्रामीण समुदायमा विकास र आधुनिकताका नाममा विनाश र प्रदूषणले प्रहार गर्न पाउँदैनन् । त्यस्ता ग्रामीण स्थानमा मात्र प्रकृति र ग्रामीण संस्कृति सुरक्षित हुन्छन् । प्रदूषणका कारण मानव तथा अन्य पशुपन्छी एवं वनस्पतिको अस्तित्वमाथि सङ्कट आउँदैन । पर्यावरणीय समालोचनाले ग्राम्यता र अप्रदूषित परिवेशलाई ससम्मान प्रस्तुत गर्ने अपेक्षा राख्दछ । यसले ग्रामीण जीवन र अप्रदूषित परिवेशको चित्रण गरिएका तथा आग्रह राखिएका कृतिलाई सकारात्मक रूपमा मूल्याङ्कन गर्दछ ।

पर्यावरणीय समालोचनाले कृतिमा भएको सहरीकरणको स्वरूप, त्यसले प्रकृतिमा गरेको प्रदूषण, प्रदूषणले प्राणी जीवनमा पारेको समस्यालगायतको गहन अध्ययन गर्दछ । यसले कृतिमा प्रयुक्त सहरीकरण र प्रदूषित परिवेश प्रस्तुति र त्यसविरुद्धको चेतनाका आधारमा पनि उक्त कृतिको मूल्याङ्कन गर्दछ ।

### २.६.११ पर्यावरणीय सङ्कट

सम्पूर्ण प्राणी तथा वनस्पतिको आधार बनेको पर्यावरणमा गम्भीर समस्या उत्पन्न हुनु पर्यावरणीय सङ्कट हो । जीवजन्तु एवं वनस्पतिको लोप, अत्यधिक प्रदूषण, महामारी, पारिस्थितिकीय खोपीको विनाश, अन्त्यको त्रास आदि पर्यावरणीय सङ्कटका स्वरूप हुन् । प्राणी जगत्का लागि अत्यावश्यक वायु, जल, अन्नजस्ता आधारभूत सामग्री पनि प्रकृतिबाटै प्राप्त हुन्छन् । प्रकृतिको अस्तित्वमा सङ्कट आउनु भनेको मानवलगायत सम्पूर्ण प्राणीजगत्को भविष्य भयावह हुनु हो । मानवले विश्वविजेता बन्ने मोहले पृथ्वीको हरियालीमाथि प्रहार गरेर आफ्नै वासस्थानलाई ध्वस्त बनाइरहेको छ (त्रिपाठी, २०७६, पृ. ११७) । सरल एवं प्राकृतिक जीवनशैलीको त्याग, भौतिक निर्माणका लागि प्रकृति विनाश, विज्ञान र प्रविधिको दुरुपयोग, आणविक हतियारको निर्माण एवं पृथ्वीमाथि आक्रमण/परीक्षण, अव्यवस्थित उद्योगधन्दा सञ्चालन, अव्यवस्थित सहरीकरणलगायतले गर्दा पर्यावरणमा सङ्कट उत्पन्न भएका छन् । पर्यावरणीय समालोचनाले कृतिमा पर्यावरणीय सङ्कट देखिएको छ वा छैन, देखिएको भए कस्तो

प्रकारको देखिएको छ र त्यसका विरुद्ध कस्तो चेतना अभिव्यक्त भएको छ भन्ने आधारमा उक्त कृतिको मूल्याङ्कन
गर्दछ ।

## २.६.१२ विषाक्त सङ्कथन

पर्यावरणीय समस्यासँग सम्बन्धित विषयको भाषिक अभिव्यक्तिमा क्रममा देखिने असामान्यतालाई विषाक्त सङ्कथनका रूपमा लिइन्छ । पर्यावरणमा विषाक्त वस्तुहरू थुप्रदै गएका कारण मानवीय सोच र व्यवहार पनि प्रदूषित बन्दै जान्छ र त्यसको भाषिक प्रकटीकरण हुन्छ । मानिसहरूले गरेका प्रदूषणले जीवहरूमा आउने द्रुत परिवर्तनले गर्दा जीवहरूको क्रियाकलापमा सुस्ती, वृद्धिमा ह्रास र प्रजनन क्षमतामा ह्रास आई त्यसको विनाश हुने अवस्था आउँछ । साहित्यमा पनि आक्रोशपूर्ण तनाव प्रकट हुन्छ त्यसैलाई विषाक्त सङ्कथन भनिन्छ ( एटम, २०६९, पृ.३१८) ।पर्यावरण विषाक्त भएका कारण कृतिमा पात्रहरू तथा लेखककै बोलीमा पनि सङ्कट र सन्त्रासजन्य शब्दहरूको प्रयोग आउँछ । समाजमा अपाच्य शब्दहरूको प्रयोग बढ्न थाल्छ । आवश्यक नहुँदा नहुँदै पनि अन्य भाषाबाट अन्धाधुन्ध शब्दहरू आयात हुन्छन् । पर्यावरणीय सङ्कट र अन्त्यको त्रासदीलाई अभिव्यक्त गर्न सुन्दै असहज लाग्ने शब्दहरू प्रयोग हुन्छन् ।यस्तो अवस्थालाई विषाक्त सङ्कथन भनिन्छ ।उदाहरणका लागि 'नदी रगताम्य मुद्राग्निमा आफ्नै रगत चाट्दै बगिरहन्छन्' (परिशिष्ट ११) जस्ता अंशलाई लिन सकिन्छ । पर्यावरणीय समालोचनाले कृतिमा देखिएका विषाक्त पदपदावलीलाई पहिचान गरी ती प्रयोगमा आउनुको कारण र तिनको प्रभावको विश्लेषण
गर्दछ ।

यीमध्ये जैविक विविधता, पारिस्थितिक प्रणाली, प्रकृतिक सार्वभौमपन आदि आधारहरू प्रकृतिकेन्द्रीयतासँग सम्बन्धित छन् । पर्यावरणीय सङ्कट, अन्त्यको त्रासदी, विषाक्त सङ्कथन, विज्ञानको दुरुपयोगको विरोध, सहरीकरण एवं प्रदूषित परिवेशको विरोध आदि आधारहरू पर्यावरणमाथि मानवीय हस्तक्षेपको विरोधसँग सम्बन्धित छन् । प्रकृति र मानिसको सहसम्बन्ध तथा प्रकृतिको संस्कृतिको सम्बन्धजस्ता आधारहरू प्रकृति र मानिसको अन्तरसम्बन्धसँग सम्बन्धित छन् । यस शोधकार्यमा आवश्यकताअनुसार उपर्युक्तमध्ये केही आधारहरूको उपयोग गरिएको छ ।

## २.७ निष्कर्ष

प्रकृतिमा रहेका मानिस, पशुपन्छी, कीटपतङ्ग, वनस्पति, जल, जमिन, वायु, ताप, प्रकाश, ढुङ्गा, माटोलगायत सम्पूर्ण जैविक र अजैविक अङ्गहरूको समष्टि नै पर्यावरण हो । प्रकृतिका तमाम जैविक र अजैविक पदार्थहरूका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । जैविक विविधता, पारिस्थितिक प्रणाली, खाद्य चक्र, पर्यावरणीय वासस्थानजस्ता महत्त्वपूर्ण पक्षहरू पर्यावरणका अङ्गहरू हुन् । यी पर्यावरणका अङ्गहरूमा समस्या उत्पन्न हुँदा सिङ्गो पर्यावरणमाथि नै असर पर्दछ । मानवसमुदायले गरेका स्वार्थप्रेरित क्रियाकलापले गर्दा पर्यावरणमा नकारात्मक असर परिरहेका छन् । पर्यावरणभित्रको अन्तरसम्बन्धमा आँच पुऱ्याउने क्रियाकलापले हरितगृह प्रभाव, अम्लीय वर्षा, ओजोन तहको क्षयीकरण, बाढी, पहिरो, सुनामी, रोगव्याधी, महामारीजस्ता समस्या उत्पन्न भइरहेका छन् । विज्ञान र प्रविधिको दुरुपयोगले विभिन्न पारिस्थितिक प्रणालीहरू अस्तव्यस्त बनेका छन्न् भने अनेकौँ प्राणी तथा वनस्पति लोप भइरहेका छन् । पृथ्वीको मरुभूमीकरण जारी छ । पर्यावरणीय समालोचनाले यी र यस्तै मानवीय प्रवृत्तिको खोज गरी मानिसलाई संयमित र विवेकशील बन्न आग्रह गर्दछ ।

पूर्वीय तथा पाश्चात्य साहित्यमा प्रारम्भिक समयबाटै प्रकृतिप्रेम र संरक्षणसम्बन्धी कृतिहरू रचना भएका थिए । पर्यावरणमा उत्पन्न समस्याका कारण सजग भएर पर्यावरणीय संरक्षणको चेतनाका आधारमा साहित्य सिर्जनाको परिपाटी भने २०औँ शताब्दीको उत्तरार्धमा पाश्चात्य साहित्यबाट भएको हो । विलियम रुकर्टले १९७८ मा सुरुवात गरेको पर्यावरणीय समालोचनाको मार्गलाई चेरिल ग्लटफेल्टीले सन् १९९६मा ‘द इकोक्रिटिसिजम रिडर’ को माध्यमबाट स्थापित गरेकी हुन् । पर्यावरणीय समालोचनाका गहन पर्यावरण, स्वच्छन्दतावादी पर्यावरण, पर्यावरणीय नारीवाद, उत्तरऔपनिवेशिक पर्यावरण, मार्क्सवादी पर्यावरण आदि शाखाहरू पनि विकसित हुँदै आएका छन् ।

पर्यावरणीय समालोचना अन्तर्विषयक समालोचना पद्धति हो । यसले जैविक विविधताको चित्रण, पर्यावरण र मानिसको सहसम्बन्ध, पारिस्थितिक प्रणालीको चित्रण, प्रकृति केन्द्रीयताको अभिव्यक्ति, प्राकृतिक सार्वभौमपनको अभिव्यक्ति, पर्यावरणमाथि मानवीय हस्तक्षेपको चित्रण, विज्ञानको दुरुपयोगको विरोध, अहिंसाको पक्षधरता, प्रकृति र संस्कृतिको अन्तरसम्बन्धको चित्रण, ग्राम्यता र अप्रदूषित परिवेशको पक्षधरता एवं सहरीकरण र प्रदूषित परिवेशको विरोध, पर्यावरणीय सङ्कट तथा अन्त्यको त्रासदीको चित्रण, पर्यावरणमैत्री भाषिक प्रयोग, विषाक्त सङ्कथन इत्यादि मान्यतामा टेकेर कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दछ । पृथ्वी सम्पूर्ण प्राणीको साझा घर हो । मानव भविष्यका लागि पनि पृथ्वीको अस्तित्व रक्षा

अत्यावश्यक छ । मानिस विवेकशील भएका नाताले सम्पूर्ण प्राणीको साझा घरको रक्षाका लागि प्रयत्न गर्नु नैतिक दायित्व हो । संसारभरि पर्यावरणीय साहित्य लेखन र समालोचनाको विकास भर्खरै प्रारम्भ भएको छ । प्रकृतिको आवश्यकता सबैका लागि सदाका लागि हुने भएकाले यस समालोचनाले वर्तमान र भविष्यमा महत्त्वपूर्ण उपस्थिति जनाउन सक्ने देखिन्छ ।

# परिच्छेद : तीन

# नेपाली कवितामा पर्यावरणीय चेतनाको सर्वेक्षण

प्रस्तुत खण्डमा नेपाली कविताको इतिहासमा पर्यावरणीय चेतना प्रस्तुत गरेका कृतिहरूलाई रेखाङ्कन गरिएको छ । लोकसाहित्यको मौलिक पृष्ठभूमिबाट प्रारम्भ भएको नेपाली कविताको इतिहासमा पर्यावरणीय चेतनाले कसरी ठाउँ पाउँदै गयो र अहिलेको अवस्था कस्तो छ भन्ने अध्ययन गरिएको छ । अध्ययनका क्रममा लोककविता, प्राथमिककालीन र माध्यमिककालीन प्राकृतिक सन्दर्भहरूदेखि उत्तरआधुनिक नेपाली कविताका पर्यावरणकेन्द्रीय विषय भएका कवितात्मक कृतिहरूलाई अध्ययन गरिएको छ । आधुनिक पर्यावरणीय चेतनालाई आत्मसात् गरेर लेखिएका कवितात्मक कृतिहरूको सङ्ख्या कम रहेको र ती पनि आधुनिक कालको उत्तरार्धतिर  प्रकाशन भएकाले पर्यावरणीय कविताको छुट्टै कालविभाजन गरिएको छैन । यस अध्ययनमा नेपाली कविताहरूको यथाशक्य अध्ययन र पर्यावरणीय समालोचकहरूले पर्यावरणीय चेतनाका आधारमा महत्त्वपूर्ण ठानेका कविता कृतिहरूलाई विशेष अध्ययन गर्दै पर्यावरणीय नेपाली कविताको सामान्य सर्वेक्षण गरिएको छ ।

## ३.१ नेपाली कवितामा पर्यावरणीय चेतनाको पृष्ठभूमि

नेपाली लोकसाहित्यको प्रारम्भदेखि कवि लेखनाथ पौड्यालको उदय हुनुपूर्वको अवधिलाई नेपाली पर्यावरणीय काव्यको पृष्ठभूमि मान्न सकिन्छ । नेपाली लोककविता तथा लोकसाहित्यका अन्य विधामा प्रकृति, जीवजन्तु र तिनका गाथा प्रकट गर्ने सन्दर्भमा पर्यावरणीय चेतनाका झिल्काहरू देखिन्छन् । रामायण, कृष्णचरित्र, उदय लहरीजस्ता कवितात्मक कृतिहरूमा पर्यावरणीय चेतनाका असचेत प्रयोगहरू भेटिन्छन् । हनुमान तथा सम्पूर्ण बाँदर समुदायलाई सम्मानित ढङ्गले प्रस्तुत गर्नु, समुद्रमा जीवित अस्तित्व देखाइनु, अयोध्याको नागर सभ्यताबाट ताडित पात्रहरू जङ्गलमा आश्रय लिएर आनन्दित हुनु, जटायुमा उच्च संवेदनात्मक चरित्र राखिनु, स्वर्णमयी लङ्कादेशको पराजय र जङ्गल निवासीको विजय देखाइनुजस्ता प्रसङ्गले रामायणमा पर्यावरणीय चेतनाले ठाउँ पाएको देख्न सकिन्छ ।

कृष्णचरित्रमा गाईवस्तुप्रतिको प्रेम, ग्रामीण जीवन सौन्दर्यको प्रस्तुति, जङ्गलबाट टाढा हुँदै जाँदा कृष्णको जीवनमा समस्या थपिँदै जानुजस्ता प्रसङ्गले पर्यावरणीय चेतनालाई देखाएका छन् । जोशमनी सन्तपरम्पराका साहित्यमा पनि विशेषत : पशुवलिको विरोध गर्ने सन्दर्भमा पर्यावरणीय चेतना अभिव्यक्त भएको छ ।

लोककविता, प्राथमिककालीन कविता र माध्यमिककालीन कवितामा पर्यावरणीय चेतना असचेत ढङ्गले आएको देखिन्छ । समय, स्थान, वातावरणको व्याख्याका क्रममा, धार्मिक भावनाको प्रचारका क्रममा तथा प्राकृतिक सौन्दर्यको वर्णन गर्ने क्रममा उक्त चेतना आएको देखिन्छ । पर्यावरणीय चेतनाका आधारमा विशिष्ट कृति नभए पनि प्रकृतिकेन्द्री कविता लेखनका लागि पृष्ठभूमि दिने क्रममा यी कृतिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## ३.२ नेपाली कवितामा पर्यावरणीय चेतना

लेखनाथ पौड्यालका प्रकृतिकेन्द्रीय कवितात्मक कृतिहरूको प्रकाशनसँगै नेपाली कवितामा पर्यावरणीय चेतनाको प्रारम्भ भएको देखिन्छ । वि.सं. १९७३ मा प्रकाशित ऋतुविचार एउटा प्रकृतिप्रधान काव्य हो । यसमा छओटै ऋतुहरूलाई नायकका रूपमा उभ्याएर प्रकृति, मानव र समाजलाई गाँसेर प्रस्तुति दिइएको छ । गीता त्रिपाठी (२०७४) का अनुसार ऋतुविचार नेपाली कविता साहित्यमा पर्यावरणीय चेतनाको विजारोपण एवं विकास गर्ने पहिलो कृति हो । ऋतु विचारमा ऋतुअनुसारका प्राकृतिक परिदृश्यहरूलाई भावनात्मक रूपमा प्रस्तुत गरिएको छ । ऋतुविचार नेपाली साहित्यमै प्रथम पर्यावरणीय कृतिका रूपमा रहेको भन्ने समेत समालोचकहरूको भनाइ रहेको छ । वि. सं. १९७४ को गोरखाशिक्षामा प्रकाशित ‘पिजराको सुँगा’ कविताले पनि पर्यावरणीय चेतना प्रस्तुत गरेको छ । नेपाली फुटकर कवितामा पर्यावरणीय चेतनाका प्रारम्भकर्ताका रूपमा पनि पौडेललाई नै लिन सकिन्छ । यहाँ नेपाली कविताका विभिन्न धाराहरूमा आएका पर्यावरणीय चेतनाका सन्दर्भहरूलाई  प्रस्तुत गरिएको छ ।

लेखनाथ पौड्यालका ऋतुविचार, तरुण तपसीजस्ता काव्य तथा पिँजराको सुगा, वयोवृद्ध कोइलीको वयान, गौँथलीको चिरिबिरीजस्ता कवितामा पर्यावरणीय चेतना प्रकट भएको छ । उनले कृतिमा प्रकृतिकेन्द्रीय भाव सम्प्रेषण गरेका छन् । अध्यात्म र पर्यावरणलाई जोडेका छन् । पिँजडाको सुँगा कवितामा मानवले सुँगालाई थुनेर राखिएकाप्रति आक्रोश पोखेका छन् । गौथलीको चिरिबिरी कवितामा प्रकृतिमा मानवको समान अन्य प्राणीको पनि अधिकार भएको भावना व्यक्त गरेका
छन् । तरुण तपसी नव्यकाव्यमा आध्यात्मिक पर्यावरणीय  चेतनाको प्रयोग गरेका छन् । प्रथम पर्यावरणीय कविता मान्न सकिने ‘पिँजराको सुँगा’ कवितामा प्रकृतिमाथिको मानवीय हस्तक्षेपलाई यसरी प्रस्तुत गरिएको छ :

यो सब गगनैभरमा खास, जसका हुन्थे भोगविलास ।

उसको अब हा जीवनपात्र केवल सानो पिँजरामात्र ।(नेपाली पद्यसङ्ग्रह, २०५६, पृ. २१)

बालकृष्ण समले पनि इच्छालगायतका कविताहरूमा प्राकृतिक जीवनप्रति आदर्श प्रेम प्रकट गरेका छन् । परिष्कारवादी धाराका कविताहरूमा सामान्य पर्यावरणीय चेतना देखिन्छ । लेखनाथ पौड्याल, बालकृष्ण सम, सोमनाथ सिग्देल, धरणीधर कोइराला, महानन्द सापकोटा, माधवप्रसाद देवकोटा, भरतराज पन्त, भरतराज मन्थलीयलगायतका कवितामा प्रकृति र जीवनको अन्योन्याश्रिताको चित्रण भएको पाइन्छ (त्रिपाठी, २०७४, पृ.११५) । यस चरणका कविहरूले प्रकृतिको भावात्मक वर्णन गरेका छन् । मानव जीवन र समाजमा आएका परिवर्तनका कारण प्रकृतिमा परेका असरको चित्रण गरेका छन् । यस समयमा पर्यावरणीय चेतनाका मूलभूत सिद्धान्तलाई पूर्ण पछ्याएको नभए पनि प्रकृतिको संवेदनशीलतालाई ध्यानमा राखेर कवितात्मक कृतिहरू रचिएका छन् ।

स्वच्छन्दतावादी भावधारामा रहेर कविता रचना गर्ने कविहरूले पनि पर्यावरणीय चिन्तन प्रस्तुत गरेका छन् । स्वच्छन्दतावादको सुरुवात दार्शनिक रुसोको 'ब्याक टु नेचर' (प्रकृतितर्फ फर्क) भन्ने अभियानबाट भएको हो । स्वछन्दतावादी कविहरूले प्रकृतिलाई देवी, आमा, प्रेमिका आदि रूपमा लिएर बयान गर्दछन् । लक्ष्मीप्रसाद देवकोटा,भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भरतराज पन्त, धर्मराज थापा, मविवि शाह, विजय मल्ल, भूपी शेरचन, मुकुन्दशरण उपाध्याय, दुर्गालाल श्रेष्ठ लगायत कविका कवितात्मक कृतिमा पर्यावरणीय सन्दर्भहरू देखिएका छन् ।

लक्ष्मीप्रसाद देवकोटाले विभिन्न कविताकृतिहरूमा प्रकृतिमा मृतप्रायः भएका मानवहरूलाई समेत बचाउने क्षमता रहेको भाव व्यक्त गरेका छन् । उनले प्रकृति र मानवमा सारूप्य पनि देखाएका छन् ।'ज्वरसमाना प्रकृति' कवितामा देवकोटाले सिङ्गो पृथ्वी र सम्पूर्ण प्राणीको दुःख पीडा हराउने स्रोत प्रकृति रहेको कुरा यसरी बताएका छन् :

पृथ्वी तिमीलाई गर्मी छ, पर्ख स्वर्ग नै रुने छ
ए जीव हो तिमीलाई ताप छ, पर्ख मलमले हुनेछ
ए रोगी तिमीलाई जरो छ पर्ख ज्वर शमन हुनेछ
किनकि कोही लुकेर हेर्छ मायाले हुनेछ ।(देवकोटा, २०३३, पृ.१५६)

सिद्धिचरण श्रेष्ठका कवितामा पनि प्रकृतिप्रति अगाध प्रेम देखिन्छ । उनले मेरो प्यारो ओखलढुङ्गा कवितामा आफ्नो प्रकृतिप्रतिको अनुरागलाई हृदयस्पर्शी रूपमा प्रस्तुत गरेका छन् । उनले उर्वशी खण्डकाव्यमा पनि 'नियम प्रकृतिको तोड्न नखोज भस्म खरानी हौला' भन्दै प्रकृतिकेन्द्रीयताको भाव व्यक्त गरेका छन् । माधवप्रसाद घिमिरेका कवितामा पनि प्रकृति, मानव

र संस्कृतिको सम्बन्ध अन्योन्याश्रित रहेको भाव व्यक्त गरिएको पाइन्छ । म.वी.वि. शाहले पनि प्रकृतिलाई सर्वशक्तिमान् र सुखमय अस्तित्वका रूपमा चित्रण गरेका छन् । भूपी शेरचनका कवितामा पनि प्राकृतिक सौन्दर्यको अभिव्यक्ति तथा मानवीय अत्याचारले प्रकृतिमा आएका सङ्कटको अभिव्यक्ति पाइन्छ । मुकुन्दशरण उपाध्यायका कविताकृतिहरूले पनि प्रकृतिसौन्दर्यको वर्णन गर्दै मानवलाई प्रकृतिमाथि आक्रमण नगरी माया गर्न आग्रह गरेका छन् । दुर्गालाल श्रेष्ठले पनि 'चित्त शुद्ध होस् मेरो बोली बुद्ध होस्, मेरो पैतालाले किरै नमरोस्' भन्दै अहिंसावादी पर्यावरणीय चेतना प्रस्तुत गरेका छन् ।

यसरी स्वच्छन्दतावादी धाराका कविहरूले प्रकृतिलाई सुख र शान्तिको स्रोतका रूपमा व्याख्या गरेका छन् । प्रकृतिमाथि मानवीय क्रियाकलापले निम्त्याएका समस्याको चित्रण गरेका छन् । प्रकृतिलाई माया गर्न र प्रकृतिकै काखमा शान्तिपूर्ण जीवन बाँच्न सुझाव दिएका छन् ।

प्रयोगवादी नेपाली कवितामा पनि पर्यावरणीय चेतनाले स्थान प्राप्त गरेको देखिन्छ । यस धाराअन्तर्गतका मोहन कोइराला, ईश्वरवल्लभ, वैरागी काइँलालगायतका कवितामा पर्यावरणीय सन्दर्भहरू आएका छन् । देशमा वाक्स्वतन्त्रता नभएको अवस्थामा नवीन नवीन प्रयोगबाट अघि बढेको प्रयोगवादी कविता मूलतः समाजका विकृति, विसङ्गतिको विरोध, स्वतन्त्रताको आह्वान तथा मानवताको संरक्षणतर्फ झुकेको देखिन्छ । युद्धले ग्रस्त बनेको विश्वप्रति सहानुभूति प्रकट गर्न तथा सीमान्तकृतका जीवनको प्रस्तुतिका क्रममा यस चरणको कविताले पर्यावरणीय चेतना प्रस्तुत गरेका छन् ।

मोहन कोइराला पर्यावरणीय चेतना भएका कवि हुन् । उनको उत्तरवर्ती चरणमा प्रकाशित काव्यकृति 'सिमसारका राजदूत' उत्कृष्ट पर्यावरणीय कृतिका रूपमा प्रसिद्ध छ । उनका नीलो मह, गङ्गा प्रवास, नदी किनारका माझी, मोहन कोइरालाका कविताजस्ता कृतिभित्र पनि पर्यावरणीय चेतना देखिएको छ । सिमसारका राजदूत काव्यले पर्यावरणीय चेतनाका मूलभूत मान्यताहरूलाई आत्मसात् गरेर सुन्दर प्रयोग गरेको छ । यस काव्यले सिमसार क्षेत्रमा रहने विभिन्न चराचुरुङ्गीहरूलाई केन्द्रमा राखेर पर्यावरणीय चेतना प्रस्तुत गरेको छ । उदाहरणका लागि सिमसारका राजदूत काव्यको एउटा अंश प्रस्तुत गरिएको छ :

हाँस शरीरमा बसेर गम्भीरमान लुछिन लाग्यो

गम्भीरमान भूमिमा लोट्यो हाँसले लुछ्न छाडेन

अब त गाला, आँखा कोपर्न लागे

हाँसले लुछ्न छाडेन, युगयुगान्तरको रिस

मानव तेरो दुख्ने ठाउँ पनि छ र !

आज हाँस होइन मानव सिकार भयो....

यो बिघ्न हाँस तँमाथि खनिँदा

यो बिघ्न चुच्चो तँमाथि बर्सिदा,

के भयो गम्भीर आहाराले तँलाई आहारा गर्न लागे (कोइराला, २०६५, पृ. १२३)

यस काव्यांशमा हाँसहरूले मानवद्वारा कालान्तरसम्म हाँसहरूलाई दिइएको दुःखको बदला लिन खोजेको देखाइएको छ । यस काव्यमा चराहरूलाई केन्द्रमा राखेर मानवकेन्द्रीयतावादी सोचको विरोध गरिएको छ जसले पर्यावरणीय चेतनाका आधारभूत मान्यताहरूलाई पूर्णतः पालना गरेको देखिन्छ । नेपाली साहित्यमै आधुनिक पर्यावरणीय चेतनायुक्त प्रथम बृहदाकार कृतिका रूपमा आएको यस काव्यले पर्यावरणीय चिन्तनलाई मूलधारमा ल्याउने प्रयास गरेको देखिन्छ ।

ईश्वरवल्लभका कवितामा विज्ञान र प्रविधिको दुरुपयोगको विरोध, अहिंसाको पक्षधरता, मानव तथा सम्पूर्ण पृथ्वी रक्षाको भावनाजस्ता पर्यावरणीय चेतनाका आयामहरू देखिन्छन् । बैरागी काइलाका कवितामा पनि युद्ध र विनाशसँग सम्बन्धित विभिन्न सन्दर्भहरूमा पर्यावरणीय चेतनाले स्थान प्राप्त गरेको देखिन्छ । प्रयोगवादी धाराका कविहरूले मूल कथ्य प्रकृति नभए पनि प्रकृतिलाई ससम्मान प्रस्तुत गरेका छन् । ध्वस्त हुँदै गएको प्राकृतिक संरचनाप्रति खेद व्यक्त गरेका छन् । मानवताको रक्षाको लागि पनि प्रकृति रक्षित हुनुपर्ने चेतना प्रस्तुत गरेका छन् ।

वि.सं. २०३६ देखि वि.सं. २०५३ सम्मका कवितामा पूर्ववत् असचेत पर्यावरणीय चेतनाको प्रस्तुति पाइन्छ । वि.सं. २०५३ (सन् १९९६) मा अमेरिकी समालोचना जगत्मा ग्लटफेल्टीले पर्यावरणीय चेतनाको विधिवत् स्थापना गर्दछिन् । त्यसै समयमा नेपालमा पनि सरुभक्तको नेतृत्वमा 'संरक्षण कविता आन्दोलन' प्रारम्भ भएको देखिन्छ । उक्त आन्दोलनपछि केही विशेष ढङ्गले प्रकृति संरक्षणसम्बन्धी चेतना भएका कविता रचना भएको देखिन्छ ।

यस खण्डका दिनेश अधिकारी, सरुभक्त, तीर्थ श्रेष्ठ, नीलम कार्की, अविनाश श्रेष्ठ, शैलेन्द्र साकार, उपेन्द्र सुब्बा, टङ्क उप्रेती, मनप्रसाद सुब्बा, रामकुमार के.सी., दामोदर पुडासैनी, ललिजन रावल, हेमचन्द्र नेपाल, जगदीश घिमिरे, मित्रलाल पङ्गेनी, मनु मन्जिल, सरस्वती श्रेष्ठ, किशोर पहाडी, श्यामल, कृष्ण प्रधान, वासुदेव अधिकारी, राजेन्द्र भण्डारी, भीष्म उप्रेती, विष्णुभक्त घिमिरे, अशेष मल्ल, गगन विरही, विजय हितान, बुद्धिसागर, भूपिन खड्का,

देवेन सापकोटालगायत अन्य धेरै कविहरूका कवितामा पर्यावरणीय चेतना अभिव्यक्त भएको छ । विभिन्न साहित्यिक संस्थाद्वारा पर्या विशेषाङ्क प्रकाशन भइरहेका छन् जसमा सयौँ कविहरूका पर्यावरणीय कविताहरू प्रकाशित छन् । कालीगण्डकी, चुरे पर्वत, विभिन्न हिमशृङ्खला तथा सांस्कृतिक सम्पदाहरूको रक्षाका लागि पनि कविताका माध्यमबाट पर्यावरणीय चेतना अभिव्यक्त भएको देखिन्छ ।

समसामयिक नेपाली कवितामा प्रकृतिलाई केन्द्रीय अस्तित्वका रूपमा चित्रण गर्ने प्रयास गरिएको छ । मानवलगायत सम्पूर्ण जीवजन्तु तथा वनस्पति प्रकृतिमै आश्रित रहेकाले प्रकृतिको महत्त्व सर्वोपरि रहेको तथ्य अभिव्यक्त भएको छ । यस चरणका कविहरूले प्रकृतिको संरक्षण गर्न आह्वान गरेका छन् । साहित्य लेखन, समालोचना, राजनीतिक मुद्दाजस्ता क्षेत्रमा पनि पर्यावरणलाई स्थान दिन आग्रह गरेका छन् । यस चरणका कविताले मानवको पुँजीवादी चिन्तनले प्रकृतिको भोग मात्रै होइन प्राकृतिक स्रोत र साधनको अनियन्त्रित दोहन गरेकाले प्राकृतिक अस्तित्वमै नै खतरा आउने हो कि भन्ने भावनायुक्त मार्क्सवादी पर्यावरणीय चेतनासमेत प्रस्तुत गरेका छन् । यस चरणका कविताहरूले नारी र प्रकृति समान रूपमा संवेदनशील रहेको भाव पनि अभिव्यक्त गरेका छन् । नारी र प्रकृतिका समान पीडा, व्यथामाथि सहानुभूति प्रकट गर्ने यस्ता कविताहरूले नारीवादी पर्यावरणीय चेतनाको वरण गरेका छन् । यस चरणका कविताहरूले अहिंसाको अभिव्यक्ति दिएका छन् । प्रकृतिका सम्पूर्ण जीवजन्तुको पनि स्वतन्त्र अस्तित्व रहेकाले अनाहकमा उनीहरूको प्राण नहर्न आग्रह गरिएको छ । यस चरणका कवितामा पर्यावरणीय सङ्कट र त्यसबाट उत्पन्न अन्त्यको त्रासदीको अभिव्यक्ति पनि देख्न सकिन्छ । कविहरूले मानवका प्रकृतिविरोधी क्रियाकलाप नरोकिए मानव अस्तित्व नै लोप हुन सक्ने चेतावनी दिएका छन् । यसरी समसामयिक नेपाली कविताले पर्यावरणीय चेतनालाई ग्रहण गर्दै गएको देखिन्छ ।यस खण्डका केही कवितांशहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :
अहिंसावादसम्बन्धित उदाहरण :

सडकमा कमिलाहरू हिँडिरहेछन्
त्यसलाई नकुल्च
अलि छेउ लागेर आफ्ना घोडालाई लैजाऊ
नदीमा माछाहरू पौडिरहेछन्
त्यसलाई नकिच
सुस्तरी आफ्नो डुङ्गालाई खियाऊ (समकालीन नेपाली कविता, २०५५, पृ.६७)

पर्यावरणीय नारीवादसम्बन्धित उदाहरण :

आमा हुन साह्रै असजिलो छ

पहाडजस्तो

उचाइमा पुगेर मैदान भइदिनुपर्ने

मैदानमा पुगेर उकालो भइदिनुपर्ने

सन्तानहरू कहाँ पुग्छन् खोलाहरूजस्तो

सपनाहरू कहाँ पुग्छन् स्वच्छन्द चराहरूजस्तो

आमाहरू पहाडको छेउको चौतारी हुन अभिशप्त छन् ।(पाइलाका निबहरूले, २०५८, पृ.३७)

अन्त्यको त्रासदीसम्बन्धित उदाहरणः

लुप्त हुँदैछ बाघ जसरी नै आस्था

घट्दै छ माटोभित्र पानीको सतह जसरी नै मित्रता

डाइनोसर जसरी नै पृथ्वीबाट लुप्त हुनेछ

एकदिन मान्छेको प्रजाति

तर त्यसभन्दा अगाडि नै लुप्त हुँदैछ - मानवता(करोडौँ सूर्यहरूको अन्धकार, २०६०, पृ.५२)

संरक्षणमुखी पर्यावरणीय चेतनाको उदाहरण :

जुन माटामा तिमी र म जन्मियौँ

जुन माटो नभए तिमी पनि हुन्नौ म पनि हुन्न

त्यो माटोको अस्तित्व जोगाउने

जराका कविता लेख (अग्निसूत्र, २०६७, पृ.२५)

पृथ्वीको महत्त्व चित्रित उदाहरण :

जति तिमी पृथ्वी पारिको अपार्थिव कुरा गर्छौ

उति नै म रुखका जराहरूसित भित्र भित्रै फैलेर

पृथ्वीको काखभित्र घुसिरहन्छु (भुइँफुट्टा शब्दहरू, २०७०, पृ. ८-९)

वि.सं २०५३ साल असोज १० गते प्रारम्भ भएको ‘संरक्षण कविता आन्दोलन’ ले पर्यावरणमैत्री कविता रचनाका लागि वातावरण तयार गरेको देखिन्छ । यस अभियानका संयोजक सरुभक्त श्रेष्ठले हामी स्वच्छन्दतावादीहरूझैँ प्रकृतिका पुजारी नभई प्रकृतिका संरक्षक हौँ भनेर चिनाएका छन् । यस आन्दोलनका कविताले ग्रामीण जनजीवनलाई मौलिक अवस्थामै रहन दिनुपर्ने, प्रकृतिलाई अत्यधिक उपभोग गर्न नहुने, अव्यवस्थित बजारीकरणबाट प्रकृति बिगार्न नहुनेजस्ता पर्यावरणीय चेतनाका मान्यताहरूलाई प्रस्तुत गरेका छन् ।

गीता त्रिपाठीले आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना शीर्षकमा विद्यावारिधि गरेकी छन् । उक्त अनुसन्धानले पर्याकविताको विकासमा विशेष योगदान दिएको छ । गोविन्द भट्टराई र विजय हितानले सम्पादन गरेको ‘पर्या साहित्य सिद्धान्त र सिर्जना’ नामक पुस्तकमा पनि पर्यावरणीय कविताहरू र पर्यासमालोचना समाविष्ट छन् । विभिन्न पत्रिकाहरूले आफ्ना पर्या विशेषाङ्कहरू प्रकाशन गरिरहेका छन् । आर के अदिप्त गिरीको संयोजनमा अघि बढेको कालीगण्डकी बचाऔँ अभियानले कालीगण्डकीमाथि भएको दोहनको विरोधका निम्ति ‘नदी सप्तक’शृङ्खला भनेर सयओटा कविता सामाजिक सञ्जालमा प्रकाशन गरेको छ । विभिन्न साहित्यिक उत्सवहरूले पनि पर्यावरणीय कविता वाचनका कार्यक्रमहरू अघि बढाएको देखिन्छ । विभिन्न सङ्घसंस्थाहरूले पर्याकविता लेखन शृङ्खला तथा प्रतियोगिता आयोजना गरेर पर्याकवितालाई स्थान दिएको देखिन्छ । समग्रमा वि.सं २०३६ देखि वि.सं. २०८२ सम्मको समयमा व्यक्तिगत तथा संस्थागत रूपमा पर्यावरणीय कविता लेखन परम्परा अघि बढेको छ । असचेत पर्याकविता लेखन सचेत पर्याकविता लेखनको युगमा प्रवेश गरेको छ । कलामूल्यका दृष्टिकोणले सामान्य कविताहरू प्रकाशन हुने क्रम यथावत् रहे तापनि कलामूल्य र उच्च पर्यावरणीय चेतनायुक्त कविता रचना पनि प्रारम्भ भएको देखिन्छ ।

## ३.३ निष्कर्ष

नेपाली कविता पूर्वीय धर्मशास्त्रका विभिन्न प्रसङ्ग तथा लोक साहित्यका कविता तथा गाथाबाट विकसित भएको देखिन्छ । वैदिक, पौराणिक तथा लोक साहित्यमा पनि प्रकृतिलाई उच्च स्थान दिइएका प्रशस्त प्रसङ्गहरू पाइन्छन् । तिनैको अनुकरणले गर्दा नेपाली कवितामा पनि प्रारम्भिक चरणमै पर्यावरणीय चेतनाका असचेत प्रयोगहरू भेटिएका छन् । रामायण, कृष्णचरित्र तथा उदयलहरी हुँदै देखिएको पर्यावरणीय चेतनायुक्त कविताको यात्रा लेखनाथ पौड्यालको आगमनसम्म पृष्ठभूमिका रूपमा रहन्छ भने वि.सं. १९७३/७४ पछि विभिन्न वाद तथा चिन्तनसँग सहकार्य गर्दै वर्तमानसम्म विकसित हुँदै आएको देखिन्छ ।

लेखनाथ पौड्यालले ऋतुविचार खण्डकाव्यको माध्यमबाट प्रकृतिकेन्द्रित लेखनको आरम्भ गरेसँगै नेपाली मौलिक पर्यावरणीय चिन्तन पनि अघि बढेको देखिन्छ । उनको पिँजराको सुँगा कविताले फुटकर कवितामा पनि पर्यावरणीय चिन्तनलाई अवलम्बन गरेको छ । परिष्कारवादी धाराका कविहरूले प्रकृतिकेन्द्री कविता रचेका छन् । देवकोटालगायत स्वच्छन्दतावादी कविहरूले स्वच्छन्दतावादी पर्यावरणसँग निकट प्रकृतिकेन्द्री कविताहरूको रचना गरेका छन् । प्रगतिवादी नेपाली कविहरूले पनि मार्क्सवादी पर्यावरणीय चेतना प्रस्तुत गर्ने प्रयास गरेका छन् । प्रयोगवादी नेपाली कविता स्वतन्त्रताको स्वर र प्रयोगमा तल्लीन भए तापनि प्राकृतिक विषयको प्रस्तुति र युद्धको विरोधका क्रममा पर्यावरणीय चेतनासँग जोडिएको छ ।

वि.सं. २०३६ सालपछिको नेपाली कविता पर्यावरणीय चेतनाका दृष्टिले समृद्ध रहेको छ । विश्वव्यापी रूपमा प्रकृति दोहनको शृङ्खला अघि बढ्नुको प्रतिक्रिया पर्याकविताले देखाएका छन् । नेपाली कवितामा पनि यो प्रवृत्ति देखिन्छ । वि.सं. २०५३ मा प्रारम्भ भएको संरक्षण कविता आन्दोलनले प्रकृति संरक्षणमुखी चेतना भएका कविता रचनाको प्रारम्भ गरेको छ । पाश्चात्य समालोचनामा यही वर्ष प्रारम्भ भएको पर्यावरणीय चेतनालाई प्रारम्भमै नेपाली कविताले पनि ग्रहण गरेको छ । वि.सं. २०६२/६३ सालपछि नवीन चेतनातर्फ अघि बढेको नेपाली समाजले पर्यावरण संरक्षणलाई पनि एउटा पक्षका रूपमा स्विकारेको छ । नेपाली कविताले पनि प्रकृतिको महानतालाई मनन गरेर पर्यावरणीय चेतनालाई स्थान दिएको छ । विशेषतः वि.सं. २०७० पछि विभिन्न सङ्घ, संस्था, आन्दोलन, अभियान, पर्यावरणीय समालोचनात्मक एवं साहित्यिक पुस्तक प्रकाशनजस्ता माध्यमबाट नेपाली पर्याकविता अघि बढिरहेको छ ।

नेपाली पर्यावरणीय कविताले विशुद्ध पर्यावरणीय चेतना, गहन पर्यावरणीय चेतना, स्वच्छन्दतावादी पर्यावरणीय चेतना, नारीवादी पर्यावरणीय चेतना, मार्क्सवादी पर्यावरणीय चेतना, उत्तरऔपनिवेशिक पर्यावरणीय चेतनाजस्ता आयामलाई ग्रहण गरिसकेको छ । नेपाली कविताले पर्यावरणीय चेतनाका अधिकांश मूलभूत मान्यताहरूलाई ग्रहण गरिसकेको छ । वैज्ञानिक पर्यावरणीय चेतनायुक्त सचेत लेखनको भर्खर प्रारम्भ हुँदैछ । कवितात्मक कलामूल्य र पर्यावरणीय चेतनायुक्त कविताको सङ्ख्या कम भए पनि निकट भविष्यमा यो समस्या पनि समाधान हुने सम्भावना देखिन्छ ।समग्रमा नेपाली पर्यावरणीय कविता आफ्नै मौलिक पृष्ठभूमिबाट प्रारम्भ भई मौलिक चिन्तनकै रूपमा विकसित भएर आधुनिक वैज्ञानिक पर्यावरणीय चिन्तनसहित अघि बढिरहेको छ ।

## परिच्छेद : चार

## 'नदी सप्तक'शृङ्खलाका कविताको पर्यावरणीय अध्ययन

यस खण्डमा 'नदी सप्तक'शृङ्खलाका कविताहरूको पर्यावरणीय चेतनाका आधारमा अध्ययन एवं विश्लेषण गरिएको छ । उक्त शृङ्खलामा सयओटा कविताहरू सङ्कलित छन् । उक्त शृङ्खलाका कविताहरूबाट शोधसमस्याअनुरूपको पर्यावरणीय चेतना र कलामूल्यका आधारमा बत्तीसओटा कविताहरू छनोट गरेर अध्ययन गरिएको छ ।शृङ्खलाका सम्पूर्ण कविताहरूले पर्यावरणीय चेतनाका कुनै न कुनै आधार वा मान्यताहरूलाई प्रस्तुत गरेका छन् । उक्त कविताशृङ्खलामा प्रमुख रूपमा आएका पर्यावरणीय विचारहरू मूल्याङ्कन गरी प्रकृतिको केन्द्रीयता, प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोध र प्रकृति र मानिसको अन्तरसम्बन्धका आधारमा अध्ययन एवं विश्लेषण गरिएको छ । कविताहरू पुस्तकका रूपमा प्रकाशन नभएकाले छनोट गरिएका कविताहरूलाई परिशिष्टमा राखिएको छ ।

कविता विश्लेषणका क्रममा पर्यावरणीय चेतनाका विभिन्न आधारहरूलाई उपयोग गरिएको छ । प्रकृतिको केन्द्रीयताअन्तर्गत प्रकृतिकेन्द्री विषय, प्रकृतिको महत्त्वको महिमागान, प्रकृतिको स्वतन्त्रताको अभिव्यक्ति, प्रकृतिलाई सर्वशक्तिसम्पन्न सत्ताका रूपमा चित्रण जस्ता आधारहरू उपयोग गरिएको छ । प्रकृतिमाथिको मानवीय हस्तक्षेप र त्यसको विरोधको विश्लेषणका लागि प्रकृतिमाथि हस्तक्षेपको चित्रण, मानवीय हस्तक्षेपका कारण उत्पन्न समस्याको चित्रण, मानव केन्द्रीयतावादको विरोधजस्ता आधारहरू उपयोग गरिएको छ । मानव र प्रकृतिको अन्तरसम्बन्धको विश्लेषणका लागि प्रकृति र मानवीय क्रियाकलापको सम्बन्ध , मानव संस्कृति र प्रकृतिको सम्बन्ध, प्रकृति र मानव जीवनमा समानताजस्ता आधारहरू उपयोग गरिएको छ । समग्रमा यस खण्डमा 'नदी सप्तक'शृङ्खलाका कविताहरूको पर्यावरणीय चेतनाका आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### ४.१ 'नदी सप्तक'शृङ्खलाका कवितामा प्रकृतिको केन्द्रीयता

पर्यावरणीय समालोचनाले प्रकृतिलाई नै अध्ययनको केन्द्रमा राख्दछ । जसरी नारीवादी समालोचनाले लैङ्गिक सचेतताका आधारमा भाषा र साहित्यको मूल्याङ्कन गर्दछ । जसरी मार्क्सवादी समालोचनाले उत्पादनको प्रक्रिया र आर्थिक वर्गमा ध्यान दिएर पाठको अध्ययन गर्छ त्यसैगरी पर्यावरणीय समालोचनाले साहित्यको अध्ययन गर्दा पृथ्वीकेन्द्रित पद्धति अवलम्बन गर्दछ (ग्लटफेल्टी, सन् १९९६, पृ xviii) । ग्लटफेल्टीले पृथ्वी भने पनि सम्पूर्ण पर्यावरण भन्ने अर्थमा प्रयोग गरेकी हुन् ।  पर्यावरण सम्पूर्ण प्राणी वनस्पति तथा निर्जीव पदार्थहरूको साझा घर हो । पर्यावरणीय दृष्टिकोणमा पर्यावरणमा यी सबैको समान महत्त्व छ । गहन पर्यावरणवादी

दार्शनिक अर्ने नेइसले भनेझैँ प्रकृति र प्रकृतिका हरेक पदार्थको मूल्य मानवीय आवश्यकताका आधारमा नभएर स्वतन्त्र अस्तित्वका आधारमा हुन्छ ।'नदी सप्तक'शृङ्खलामा रचना गरिएका कविताहरूका पात्र, भाव, परिवेश, आशय इत्यादिमा पर्यावरणलाई नै केन्द्रमा राखिएको छ ।

कालीगण्डकी बचाऔँ अभियान आफैमा कालीगण्डकीको संरक्षणमा केन्द्रित आन्दोलन हो । कालीगण्डकीजस्ता नदीहरू पर्यावरणका अभिन्न अङ्गहरू हुन् । कालीगण्डकीका काखमा छुट्टै पारिस्थितिक प्रणाली अस्तित्ववान् छ ।ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न तथा विद्युतीय संरचना निर्माण गर्नका लागि नदीको संवेदनशीलतालाई नबुझी आयोजना अघि बढाइएको घटनाको प्रतिरोधस्वरूप यो अभियान आरम्भ भएको हो ।'नदी सप्तक'शृङ्खला कविताका माध्यमबाट कालीगण्डकीको सर्वाङ्ग रक्षाका लागि समर्पित अभियान हो । अतः उपर्युक्त अभियानमा लेखिएका सम्पूर्ण कविताहरू कालीगण्डकीको केन्द्रीयतामा रचना गरिएका छन् ।

यस शृङ्खलाका अधिकांश कवितामा शीर्षकका रूपमा कालीगण्डकी र नदी शब्दलाई समावेश गरिएको छ । भावात्मक परिवेशका रूपमा पनि कालीगण्डकीकै परिवेशको प्रस्तुति दिइएको छ । सम्पूर्ण कविताहरूको आशय पनि कालीगण्डकी, अन्य नदी तथा समग्र पर्यावरणको संरक्षण गर्नुपर्ने विषयमा केन्द्रित छ । कालीगण्डकी र नदीसँग सम्बन्धित विम्ब, प्रतीक र अलङ्कारहरूको प्रयोग गरिएको छ ।यस कविता शृङ्खलामा केन्द्रीय विषयका रूपमा प्रकृति (कालीगण्डकी) रहेकाले यस खण्डमा प्रकृतिको केन्द्रीयताको विश्लेषण गरिएको छ ।

### ४.१.१ प्रकृतिको महिमागान (महत्त्व)

पर्यावरणीय रचनामा प्रकृतिलाई सर्वशक्तिसम्पन्न र परमसौन्दर्यमय सत्ताका रूपमा चित्रण गरिएको हुन्छ ।'नदी सप्तक'शृङ्खलाका कवितामा पनि कालीगण्डकीको सौन्दर्य, यसले बोकेको प्राकृतिक र सांस्कृतिक महिमाको सुन्दर प्रस्तुति दिइएको छ । कालीगण्डकीको प्राकृतिक र सांस्कृतिक सौन्दर्यको महिमागान गरिएको माधवप्रसाद घिमिरेको २०६० सालमा प्रकाशित 'कालीगण्डकी' कविता पनि यस शृङ्खलामा समावेश गरिएको पाइन्छ । उक्त कविताको एक अंश यहाँ प्रस्तुत गरिएको छ :

माछापुच्छ्रे गिरिशिखरको पारमा मुक्तिक्षेत्र
बल्छन बत्ती झलमल जहाँ झुल्झुले मूलभित्र ।
तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिव्यधाम
कालीगङ्गा भन न कसरी कुँद्दछ्यौ शालिग्राम ।। (परिशिष्ट - १)

यस कवितांशमा कालीगण्डकीको उद्गमस्थलको सौन्दर्यको कलात्मक प्रस्तुति रहेको छ । माछापुच्छ्रेजस्ता सुन्दर हिमालभन्दा पारिबाट कालीगण्डकीको उत्पत्ति भएको छ । सुन्दर दीपहरू बलेको आकृति भएका मूलबाट कालीगण्डकीको जन्म भएको छ । कालीगण्डकीको जन्मस्थल नै ज्योतिको दिव्य धाम बनेर प्राकृतिक र सांस्कृतिक गरिमाले पूर्ण छ । कालीगण्डकीले यात्राका क्रममा हिन्दु धर्मले ईश्वर मानेका शालिग्रामको रचनासमेत गरेको छ । कविले कालीगण्डकीको उद्भव र यात्राको प्रवाहलाई विशेष महत्त्व दिएका छन् । अन्य विषयको सौन्दर्यको अभिवृद्धिका लागि कालीगण्डकीको प्रयोग भएको भए कविता प्रकृतिकेन्द्री हुने थिएन तर कालीगण्डकी नै प्रमुख भएकाले यो कविता प्रकृतिकेन्द्रित रहेको छ । यस शृङ्खलाका कविताहरूले कालीगण्डकीको प्राकृतिक सौन्दर्यलाई विशेष महत्त्व दिएर प्रस्तुत गरेका छन् । कालीगण्डकीले वहन गरेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक महत्त्वलाई केन्द्रीय विषयका रूपमा उठाएका छन् ।

कालीगण्डकीको आफ्नै अस्तित्व र महत्त्व रहेको छ ।यस शृङ्खलाका कविताहरूले क्षणिक स्वार्थको पूर्तिका लागि कालीगण्डकीको भविष्यसम्म बहने प्रवाहलाई बिगार्नुहुँदैन भन्ने भावना अभिव्यक्त गरेका छन् । सरुभक्तको 'कालीगण्डकी' शीर्षकको मुक्तक कवितामा पनि यस्तो भाव प्रस्तुत गरिएको छ :

अप्रतिम ऊर्जाहरूको तीर्थधाम हो कालीगण्डकी
सुरक्षित पर्यावरणको बन्द खाम हो कालीगण्डकी ।
तिमी त्यसलाई अपहरणको भद्दा प्रयास नगर
एउटा अक्षत सुन्दरताको नाम हो कालीगण्डकी । ।(परिशिष्ट - ९)

उपर्युक्त कवितांशमा कालीगण्डकीलाई ऊर्जाको स्रोत, पर्यावरणीय सुरक्षाको इतिहास र सुन्दरताको स्रोतका रूपमा परिचय दिइएको छ । कालीगण्डकीका निकटमा अथाह प्राकृतिक ऊर्जा रहेको छ । पूर्वजहरूले संरक्षण गरेर राखेकै कारण कालीगण्डकीले प्राकृतिक सौन्दर्य दिन सकेको छ । कालीगण्डकीको सौन्दर्य कसैबाट दोहन नहुनुमा नै टिकेको छ तसर्थ यस कवितामा मानिसले कालीगण्डकीको गरिमालाई मास्न नहुने चेतना अभिव्यक्त भएको छ ।

यस शृङ्खलाका कविताहरूले प्राकृतिक दृश्यहरूमा सजीवताको चित्रण गरेका छन् । कविताहरूले नदी, ढुङ्गा, माटोजस्ता पदार्थहरू पनि भावनावान् भएर सुख, दुःख, प्रेम, मिलन, बिछोड इत्यादिको अनुभव गरेका भावहरू प्रस्तुत गरेका छन् । नदीमा पनि मानिसमा जस्तै भावना रहेकाले नदीहरूलाई निर्जीव नठानी सजीव सौन्दर्यका रूपमा अभिव्यक्त गरिएको छ ।

यस शृङ्खलाका कविताहरूले प्रकृतिलाई नै मुख्य विषय बनाएर साहित्य रचना गर्न आह्वानसमेत गरेका छन् । उदाहरणका लागि असीम सागरको 'कविलाई कालीगण्डकीको चिठी' कविताबाट एउटा अंश विश्लेषणका निम्ति प्रस्तुत गरिएको छ :

मेरो सौन्दर्य होइन मभित्रको ज्वाला लेख

मेरो मौनता होइन म दुखेको गीत लेख

मेरो सुस्केरा होइन म रोएको साँझ लेख

मेरो सभ्यता होइन समुद्र पुग्ने मेरो सपना लेख । (परिशिष्ट - २१)

यस कविताशंमा कालीगण्डकीका वास्तविकता र विवशतालाई साहित्यको केन्द्रीय विषय बनाउन आग्रह गरिएको छ । कालीगण्डकीको सौन्दर्यको बयानमा मात्र सिमित नराखेर कालीगण्डकीको पीडालाई पनि लेख्न आग्रह गरिएको छ । नदीको मौनताका सट्टामा दुःखको गीत, सुस्केराको सट्टामा रोदन र विगतको सभ्यताको सट्टामा भविष्यको सपना लेख्न आग्रह गरिएको छ । यस शृङ्खलाका अधिकांश कविताहरूले कालीगण्डकीलाई केन्द्रमा राखेर यसकै विगत, वर्तमान र भविष्यसँग सम्बन्धित भावहरू प्रकट गरेका छन् । प्रकृतिलाई निर्जीव, शान्त र सौन्दर्यमय मात्र नदेखाई सजीव र चेतनायुक्त रूपमा चित्रण गर्न आह्वान गरेका छन् ।

नेत्र एटमको 'प्रिय काली', रमेश श्रेष्ठको 'कविताको नदी', गोविन्द गोपाल खतिवडाको 'मोक्षको द्वार उघारिदिन्छु' लगायत यस शृङ्खलाका अधिकांश कविताहरूमा कालीगण्डकी र यसको सौन्दर्यको बयान गरिएको छ । स्वच्छन्दतावादी पर्यावरणीय चेतनासँग निकट यस्ता कविताहरूले भावनात्मक रूपमा मात्र नभएर वस्तुगत सौन्दर्यलाई समेत प्रस्तुत गरेका छन् । अत : यस शृङ्खलाका कविताहरूले कालीगण्डकीलगायतका नदीहरू, नदीसँग जोडिएका सभ्यता तथा नदीका सौन्दर्यमय छटाहरूको महिमागान गरी प्रकृतिकेन्द्रीयता प्रस्तुत गरेका छन् ।

## ४.१.२ प्रकृतिको स्वतन्त्रताको अभिव्यक्ति

पर्यावरणीय साहित्यमा मानवले प्रकृतिमाथि लिन खोजेको नियन्त्रणको विरोध गरिएको हुन्छ । प्रकृतिमा रहेका सम्पूर्ण जैविक र अजैविक वस्तुहरूको स्वतन्त्र अस्तित्व छ । प्रकृतिमा भएका सम्पूर्ण वस्तुहरू मानिसको उपभोगका लागि मात्र होइनन् ।  पर्यावरणीय समालोचनाले वनजङ्गल विनाश गर्ने, नदी/खोलाहरूमा बाँध बाँध्ने, जथाभावी सडक खन्नेजस्ता पर्यावरण विरोधी कार्यक्रममा संलग्न मानिसहरूलाई संवेदनशील बन्न आग्रह गर्दछ । प्रकृतिको आफ्नै गति भएकाले उक्त गतिलाई नमोड्न तथा प्रकृतिका कुनै पनि अङ्गलाई नियन्त्रणमा लिने

प्रयास नगर्न सचेत गराउँछ ।'नदी सप्तक'शृङ्खलाका कविताहरूले पनि कालीगण्डकी नदीको आफ्नै गति भएको र त्यसको प्रवाहलाई रोक्ने तथा मोड्ने कुकृत्य गर्न उद्यत मानव समुदायलाई सम्झाउने काम गरेका छन् ।

कविताहरूमा कालीगण्डकी नदीले आफूलाई नियन्त्रणमा राख्न खोज्ने मानव समुदायसँग गुनासो पोखेकाप्रसङ्गहरू आएका छन् । कालीगण्डकीको सेरोफेरोमा रहेका सजीव र निर्जीव पदार्थहरू कालीगण्डकीकै स्वामित्वभित्र पर्दछन् । कविताहरूमा कालीगण्डकीले आफ्नो र आफ्ना अङ्गहरूको स्वतन्त्रता हनन गर्न खोज्ने मानवीय व्यवहारहरू अस्वीकार्य भएको भाव व्यक्त गरेको देखिन्छ । तीर्थ श्रेष्ठको 'म कालीगण्डकी' शीर्षकको कवितामा पनि यस्तो भाव प्रस्तुत गरिएको छ :

म बगिरहेछु
मैले आफैले बनाएको हुँ
मेरा किनारहरू
विशाल- विशाल फाँटहरू
हजारौँ वर्ष ननिदाएर
परिश्रमको गीत गाएर
बगाउँदै हिँडेको हुँ
शालिग्राम र शिलाहरू । (परिशिष्ट - १९)

यस कवितांशमा नदीले कालीगण्डकी क्षेत्रको दोहनमा लागेका मानिसहरूलाई सजग गराएको छ । कालीगण्डकीका किनार, समथर फाँटहरू, शालिग्रामहरू तथा नदीसमीपको सम्पूर्ण परिवेश नदीको अनन्तकालको प्रवाहले तयार भएका हुन् । यो शाश्वत सत्तालाई केही समयसम्मका लागि पृथ्वीमा आएको मानिसले नष्ट गर्ने कुनै अधिकार छैन । कविताले प्रकृति स्वतन्त्र रहेकाले मानवलाई उक्त स्वतन्त्रतामाथि अङ्कुश लगाउने अधिकार नरहेको भाव व्यक्त गरेको छ ।यस शृङ्खलाका कविताहरूले कालीगण्डकीले आफ्नो अस्तित्वका लागि आवाज उठाएको भाव व्यक्त गरेका छन् । कालीगण्डकीका सम्पूर्ण अङ्गहरूमा कालीगण्डकीकै स्वामित्व छ । कविताहरूमा कालीगण्डकीले आफ्नो स्वतन्त्रता र सम्पन्नतामाथि स्वामित्व लिन उद्यत मानिसहरूप्रति अस्वीकृतिको भाव व्यक्त गरेका छन् । मानिसहरूको मानवकेन्द्रीयतावादी सोच प्रकृतिलाई कदापि मान्य नहुने प्रकृतिकेन्द्री विचार व्यक्त गरेका छन् ।

कविताहरूले मानवद्वारा प्रकृतिको नियन्त्रण गर्न खोजिए त्यसको परिणाम खतरनाक हुन सक्ने भावसमेत व्यक्त गरेका छन् । कालीगण्डकी डाइभर्सनका नाममा नदीको बाटो नै परिवर्तन गर्न खोजेको विषयलाई पनि सचेतताका साथ उठाइएको छ । उदाहरणका लागि ईश्वरमणि अधिकारीको 'कालीको हुँकार' शीर्षकको कविताको एउटा अंश उल्लेखनीय छ :

म आफै कायम गर्छु मेरो गति

म आफै बनाउँछु मेरो राजमार्ग

तिमी को हौ ? मेरो गति रोक्ने ?

तिमी को हौ ? मेरो बाटो छेक्ने ?(परिशिष्ट - २७)

कवितामा कालीगण्डकीले कालान्तरदेखि निर्माण गरेको प्राकृतिक बाटोलाई थुनेर नयाँ बाटो बनाउन खोजिएकोप्रति आक्रोश पोखिएको छ । नदीले निषेध नसहने र असह्य भएमा मानवले निर्माण गरेका पर्खालहरू भत्काएर, बस्ती नै बगाएर भए पनि आफ्नै बाटोमा फर्कने चेतावनी दिएको छ । प्रकृति स्वतन्त्र सत्ता भएकाले यसको स्वतन्त्रतालाई नखल्बल्याउन आग्रह गरिएको छ । यस शृङ्खलाका कविताहरूले लाखौँ वर्षदेखि बगिरहेको नदीको प्रवाहलाई प्रदूषित/परिवर्तित गर्न खोज्ने मानव व्यवहारको प्रतिरोध गरेका छन् ।

नदी भनेको पानी मात्र होइन । पानी, जलचर, धेरै प्राणीहरू, जमिन, ढुङ्गा, बालुवा, घाट आदिको समग्र अस्तित्व हो । मानवलाई यी कुनै पनि पक्षमाथि नियन्त्रण राख्ने अधिकार छैन । नदीको वास्तविक स्वरूपलाई दर्साउने भीष्म उप्रेतीको 'नदी' शीर्षकको कविता उदाहरणार्थ प्रस्तुत गरिएको छ :

तर ती अज्ञानीहरूले

बगिरहेको पानीलाई मात्र नदी भने

पानी, बालुवा, ढुङ्गा र किनाराहरू

नदीका अविभाज्य अङ्गहरू हुन्

यी सबै एकै ठाउँ लयबद्ध हुनैपर्छ नदी हुनलाई

कालीगण्डकी हुनलाई । (परिशिष्ट - २२)

यस कवितांशले नदीको समग्रतालाई चिनाएको छ । नदीको स्वतन्त्रता बगेको पानीमा मात्र सीमित नरहेर बालुवा, ढुङ्गा तथा किनाराहरूसित समेत हुने धारणा अभिव्यक्त भएको छ ।

केशव चालिसेको 'तिमी अजम्बरी होइनौ', विक्रमपवन परियारको 'म नदी हुँ' लगायत यस शृङ्खलाका अधिकांश कवितामा कालीगण्डकीलाई कृत्रिम बाटोमा जान बाध्य नपार्न आग्रह गरिएको छ ।'नदी सप्तक'शृङ्खलाका कविताहरूले प्राकृतिक स्वतन्त्रताका पक्षमा आवाज उठाएका छन् । कालीगण्डकी डाइभर्सनजस्ता योजनाको विरोध गरेका छन् । कालीगण्डकी, नदीका बगर, ढुङ्गा, बालुवा, जलचर सबैको स्वतन्त्रताका लागि आवाज उठाएका छन् । यी कविताहरूमा कालीगण्डकी नदी र यसको स्वतन्त्रतालाई केन्द्रमा राखिएको छ ।

### ४.१.३ प्रकृतिलाई सर्वशक्तिसम्पन्न सत्ताको रूपमा चित्रण

परम्परागत साहित्यले पनि प्रकृतिलाई सम्पूर्ण स्रोत र साधनको आधारका रूपमा चित्रण गरेको थियो । पर्यावरणीय समालोचनाले कृतिमा प्रकृतिलाई सामर्थ्यवान् सत्ताका रूपमा उपस्थितिको अपेक्षा राख्दछ । मानव जतिजति प्रकृतिबाट टाढा हुँदै जान्छ त्यति आत्मिक शान्तिबाट पनि टाढा हुँदै जान्छ भन्ने तथ्यको चित्रण गर्दछ । पर्यावरणभरि फरकफरक पारिस्थितिक प्रणालीको निर्माण गरेर सृष्टि सञ्चालन हुनुमा प्रकृतिको शक्ति नै कारक रहेको छ ।

'नदी सप्तक'शृङ्खलाका कविताहरूले पनि प्रकृतिको शक्तिसम्पन्नतालाई प्रस्तुत गरेका छन् । कालीगण्डकी आफैमा शक्तिसम्पन्न भएकाले उसको शक्तिलाई कम आकलन गरी दोहन गरेमा त्यसको नतिजा भयानक हुनेतर्फ पनि सङ्केत गरिएको छ । उदाहरणका लागि महेश पौड्यालको 'इतिहासमा भन्न बाँकी केही कुरा छ' कविताबाट एउटा अंश प्रस्तुत गरिएको छ :

हरेकपल्ट थुनिएका बाटाहरू भत्काएर नदीहरू समुद्र पुगे
उठे, सगरमाथाको शिरमा हिउँ बनेर
भरे समुद्रको गर्भसम्मै पानी बनेर
धरतीमा सबै भन्दा उँचो ठाउँमा पनि नदीकै अंश छ
धरतीमा सबैभन्दा होचो ठाउँमा पनि नदीकै अंश छ । (परिशिष्ट - १४)

यस कवितांशमा नदी र पानीको सर्वव्यापकता तथा सामर्थ्यलाई प्रस्तुत गरिएको छ । नदीहरूमा कृत्रिम पर्खाल भत्काउने ताकत रहेको छ । नदीको पानीले समुद्रको पिँधदेखि हिमालको शिरसम्म ढाकेको छ तसर्थ नदी सामर्थ्यवान् छ भन्ने विचार अभिव्यक्त भएको छ । यस्तै सन्दर्भमा भूपीनको 'नदीहरू मान्छेजस्ता हुँदैनन्' शीर्षकको कविताको अंश पनि उल्लेखनीय छ :

रङ विभाजन गर्दैनन् नदीहरू

जात विभाजन गर्दैनन्

नदीहरूको संविधानमा सानो मूललाई पनि

सागर बन्ने उत्तिकै अधिकार हुन्छ

बिना कुनै प्रतिबन्ध

पहाड चढ्न सक्छन् नदीहरू

पहाड फाड्न सक्छन् नदीहरू । (परिशिष्ट - ३)

यस कवितांशले पनि प्रकृतिको महानता र सर्वशक्तिसम्पन्नतालाई प्रस्तुत गरेको छ । प्रकृति मानवभन्दा उदार हुन्छ । प्रकृतिमा सानो मूललाई पनि सागर बन्ने अधिकार र सामर्थ्य दुबै प्राप्त छ । आवश्यक परेको खण्डमा नदीहरू पहाड चढ्न र पहाड फाँड्न पनि समर्थ छन् भन्ने भाव अभिव्यक्त भएको छ जसले नदीको शक्तिलाई प्रस्तुत गरेको छ ।

प्रकृतिभित्र अथाह सृष्टि गर्ने शक्ति पनि रहेको हुन्छ । नदीमा पनि नयाँ नयाँ जीवलाई जन्म दिने तथा हुर्काउने सामर्थ्य रहेको छ । मानवले आफ्नो उपयोगिताका आधारमा पहिचान गरेका पदार्थबाहेक करोडौं अन्य पदार्थ पनि नदीमा अस्तित्ववान् छन् । नदीको सृष्टि सामर्थ्यलाई प्रस्तुत गरेको रोशन परियारको 'म कालीगण्डकी हुँ' कविताको एउटा अंश निम्नानुसार छ :

तिम्रा कलिला छोराछोरीजस्ता

अनगिन्ती नावालक जीवहरूको प्राण छ मभित्र

मार्न चाहन्छौ ?

तिम्रो विज्ञानको अनुसन्धानले कहिल्यै नभेट्ने

अनमोल वस्तुहरूको अस्तित्व छ मभित्र

मेट्न चाहन्छौ ? (परिशिष्ट - ४)

प्रस्तुत कवितांशमा नदीको गर्भभित्र छुट्टै संसार रहेको तथ्य उद्घाटन गरिएको छ । मानवका सन्तानजस्तै नदीका धेरै सन्तानहरू रहेका छन् । नदी र नदीका सन्तानलाई मान्छेले चाहेर पनि निमिट्यान्न पार्न सक्दैन । नदीसँग त्यसको प्रतिरोध गर्ने क्षमता छ । नदीमा मानिसले विज्ञानको प्रयोग गरेर पत्ता लगाउन पनि नसक्ने प्राणी तथा पदार्थको अस्तित्व निर्माण गर्ने क्षमता रहेको छ । यस कवितांशमा मानवले प्रकृतिको दोहन नगरोस् तथा प्रकृतिको शक्तिलाई कम आकलन नगरोस् भन्ने भाव अभिव्यक्त भएको छ ।

मानिसले विज्ञानको माध्यमबाट प्रकृतिसँग प्रतिस्पर्धा गर्न खोजे पनि पराजित भइरहेको छ । प्रकृतिको शक्ति र मानवको शक्तिलघुतालाई देखाउने राजु भल्लु प्रसादको 'पराजित मानिस' कविताको एउटा अंश यसप्रकार छ :

मानिसले गमला बनायो तर फूल फुलाइरहन सकेन

मानिसले प्लास्टिकको फूल सार्यो तर सुगन्ध बसाइराख्न सकेन

अत्तर छर्कियो तर भमरा डाकिरहन सकेन । (परिशिष्ट - ३२)

यस कविताांशमा मानवले अनेकौं स्रोत र साधन खर्च गरे पनि प्रकृतिका शक्तिका सामु घुँडा टेक्नुपर्ने तथ्यको उद्घाटन गरिएको छ । मानिसले गमला, प्लास्टिकका फूल, अत्तर बनाएर भमरा डाक्न खोजे पनि त्यसमा प्रकृतिको जस्तो सामर्थ्य नरहेको भाव देखाइएको छ । मानिसले ठुलो लागतले गर्न नसकेका कुरा प्रकृतिले स्वाभाविक प्रक्रियाका रूपमा नै गरिरहेको हुन्छ । यस शृङ्खलाका कविताहरूले मानिसलाई प्रकृतिको शक्तिसँग भिड्न छोडेर आत्मसात् गर्न आग्रह गरेका छन् ।

नदीको शक्ति प्राकृतिक जीवजन्तुको उत्पत्ति र विकासमा मात्र प्रमाणित छैन । नदीले आफ्नो प्रवाहसँगै अनेकौं संस्कृति र सभ्यताहरूको पनि विकास गरेको हुन्छ । यस शृङ्खलाका अधिकांश कविताहरूले कालीगण्डकी सभ्यता र त्यसको हिन्दु संस्कृति निर्माणसँगको सम्बन्धलाई प्रस्तुत गरेका छन् । उदाहरणका लागि ठाकुर बेलवासेको 'नदीको अन्तिम उग्रता' कविताको एउटा अंश विश्लेषणका निम्ति प्रस्तुत गरिएको छ :

मान्छेले

गडतीरबाटै देख्यो

नदीले निर्माण गरेको अशेष सभ्यता

नदीले निर्माण गरेको एउटा अभेद्य संस्कृति

र देख्यो मान्छेले

नदीको काखमा सुतेर

स्तन चुस्दै गरेको बालक धरती । (परिशिष्ट १७)

यस कविताांशले कालीगण्डकीकै तीरबाट सभ्यता र संस्कृतिको उद्भव र विकास भएको भाव व्यक्त गरेको छ । धरतीमा जीवन प्रारम्भ हुँदा नदीहरूले नै आमाले भैँ हुर्काएको विम्ब प्रस्तुत गरेको छ । यस शृङ्खलाका कविताहरूले नदीलाई अस्तित्व संरक्षक शक्तिका रूपमा चित्रण गरेका छन् । दुनियाँ प्राणीलाई प्राण दिने क्षमता पनि कालीगण्डकीमा रहेको छ ।

कालीगण्डकीको किनारमा विकसित भएको आदि सभ्यता पनि कालीगण्डकीकै कारणबाट सम्भव भएको हो । यिनै नदी किनारमा कृषि, अध्ययन, अध्यापन, जपतप गरेर यहाँका जीवनपद्धति र धर्मसंस्कृति विकसित भएका छन् । जीवनपद्धति, सभ्यता र संस्कृतिको निर्माण गर्नु पनि कालीगण्डकीको अतुलनीय सामर्थ्य हो ।

नदीमा मौलिक दर्शनको प्रारम्भ र विकास गर्ने सामर्थ्य रहेको हुन्छ । नदीका छालहरूको बहावमा जीवन र जगत्का यथार्थहरूलाई अनुभूत गराउने सामर्थ्यसमेत रहेको हुन्छ । उदाहरणका लागि अमर गिरीको 'कालीगण्डकी' कविताबाट एउटा अंश साभार गरिएको छ :

तिमी छ्यौ र त पहाडहरू छन्, वृक्षहरू छन्
जीवन छ, वाणी छ, शब्दहरू छन्
गीतहरू छन्, रागहरू छन्,सौन्दर्य छ
तिमी हिँडेको बाटो
जीवनबाट आरम्भ भएर जीवनमा सकिन्छ
सिर्जनाबाट सुरु भएर सिर्जनामै टुङ्गिन्छ
अविराम भित्र बाहिर गरिरहने श्वास तिमी
तिमीबिना कल्पना गर्न सकिन्न अस्तित्वको
अस्तित्व तिमीबाटै सुरु हुन्छ
र तिमीमै गएर सकिन्छ । (परिशिष्ट - २५)

प्रस्तुत कवितांशमा कालीगण्डकी अस्तित्वको केन्द्रमा रहेको छ । कालीगण्डकी समीपका क्षेत्रमा हुने पहाड तथा वृक्षहरू प्रकृतिका कारण अस्तित्ववान् छन् । गण्डकी क्षेत्रका जनजीवन, गीत, सङ्गीत, राग तथा सम्पूर्ण सौन्दर्य कालीगण्डकीसँग अन्तरसम्बन्धित छन् । कालीगण्डकीको यात्रा आरम्भदेखि अन्तसम्म जीवनदानमा समर्पित छ । कालीगण्डकीको उत्पत्तिदेखि विलयसम्म सर्वत्र सिर्जनशीलता छ । कालीगण्डकी सभ्यताका सदस्यहरूका लागि कालीगण्डकीबिना अस्तित्व असम्भव छ । यसरी यस कवितांशले कालीगण्डकी अस्तित्वको केन्द्रमा रहेको धारणा अभिव्यक्त गरेको छ ।

यस शृङ्खलाका अधिकांश कवितामा प्रकृतिको शक्तिसम्पन्नतालाई प्रस्तुत गरिएको छ । कालीगण्डकी बचाऔँ अभियानका कविताले प्रकृतिमा अतुलनीय सृष्टिसामर्थ्य रहेको भाव व्यक्त गरेका छन् । प्रकृतिले मानवनिर्मित सम्पूर्ण पर्खाल भत्काउन सक्ने सम्भावना व्यक्त गरिएको छ । जीवनपद्धति, संस्कृति, जीवनदर्शन र सभ्यता निर्माण गर्न सक्ने तथ्यलाई उद्घाटन गरिएको

छ । मानिसले धेरै समय, जनशक्ति र धन खर्च गरेर निर्माण गर्न नसक्ने कुरा प्रकृतिले सहजै निर्माण गर्न सक्ने तथ्यलाई प्रस्तुत गरिएको छ । कविताहरूले कालीगण्डकीलाई जीवनदायी शक्तिको रूपमा प्रस्तुत गर्दै सौन्दर्य, सभ्यता र संस्कृतिको उद्भवकर्ता र संरक्षकका रूपमा चित्रण गरेका छन् ।

समग्रमा 'नदी सप्तक'शृङ्खलाका कविताहरूले पर्यावरणीय चेतना प्रस्तुत गर्दै प्रकृतिलाई केन्द्रीय विषय बनाएका छन् । हस्तक्षेपकारी मानवीय व्यवहारका कारण क्षीण हुन लागेको कालीगण्डकीको अस्तित्व रक्षालाई कविता रचनाको उद्देश्य बनाइएको छ । प्राकृतिक सौन्दर्य र महत्त्वको महिमागान गरिएको छ ।कालीगण्डकी र यसका अवयवहरू स्वतन्त्र छन् भन्ने भाव अभिव्यक्त भएको छ ।मानिसले प्रकृतिलाई जित्न नसक्ने तथ्य प्रस्तुत गरी आफूलाई प्रकृतिको एउटा सदस्यका रूपमा स्वीकार गर्न आग्रह गरिएको छ । 'नदी सप्तक' शृङ्खलाका कविताहरूले केन्द्रीय विषयका रूपमा प्रकृतिको उठान गरेका छन् । यी कविताहरूमा केन्द्रीय कथ्यका रूपमा प्रकृतिको उपस्थिति, प्रकृतिको महत्त्वयुक्त महिमागान, प्राकृतिक स्वतन्त्रताको अभिव्यक्ति, प्रकृतिको सर्वशक्तिसम्पन्नताको चित्रणजस्ता मापकका आधारमा प्रकृतिको केन्द्रीय स्थान रहेको पुष्टि भएको छ ।यी कविताहरूमा प्रकृतिको केन्द्रीयताको प्रस्तुतिमा सफल देखिएका छन् ।

### ४.२ 'नदी सप्तक'शृङ्खलाका कवितामा प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोध

पर्यावरणीय चेतनाले मानवद्वारा प्रकृतिमाथि भएको हस्तक्षेपको विरोध गर्दछ । पर्यावरणीय चेतनाको प्रारम्भ हुनुमा पनि मानवद्वारा पर्यावरणमा छोडिएका घातक रसायनका कारण उत्पन्न प्रभाव रहेको मानिन्छ । मानिसले पर्यावरणमाथि गरेको सबैभन्दा डरलाग्दो आक्रमण भनेको हावा, पृथ्वी, नदी र समुद्रलाई दूषित गर्नु हो । मानिसले प्रकृतिमाथि गरेको यस्तो आक्रमणले जीवनरक्षा पद्धति मात्र नभएर जीवित तन्तुहरूमा समेत अपरिवर्तनीय असर परिरहेको छ (कार्सन, सन् १९६२, पृ.३) । मानव प्रकृतिको मालिक नभएर एउटा अङ्ग मात्रै हो । मानवले प्रकृतिमाथि राज गर्न अथवा विजय प्राप्त गर्न गरेका यस्ता क्रियाकलापले जीवजन्तु, वनस्पति, जैविक/अजैविक पदार्थ तथा मानव जीवनमै समेत नकारात्मक असर परिरहेको छ । गहन पर्यावरणीय मान्यताअनुसार मानिसलाई आफ्ना न्यूनतम आवश्यकताको पूर्तिका लागि मात्र प्रकृतिको प्रयोग गर्ने छुट छ । मानिस विवेकशील प्राणी भएका नाताले प्रकृतिको संरक्षण गर्नु उसको दायित्व

हो । मानिस दिनप्रतिदिन अनुत्तरदायी बन्दै गएकाले पर्यावरणीय समस्याहरू उत्पन्न भइरहेका छन् । कालीगण्डकी नदीको दोहन पनि त्यही मानवीय प्रवृत्तिको उपज हो । कालीगण्डकी

बचाऔँ अभियानको मर्मअनुरूप 'नदी सप्तक'शृङ्खलाका कविताहरूले मानवद्वारा प्रकृतिमाथि भएको हस्तक्षेप, त्यसका कारण र प्रभावका बारेमा आवाज उठाएका छन् । समग्रमा कविताहरूले प्रकृतिमाथिको मानवीय हस्तक्षेप विरुद्धको प्रतिरोधी विचारयुक्त पर्यावरणीय चेतना प्रस्तुत गरेका छन् । उक्त मानवीय हस्तक्षेप विरुद्धको चेतना प्रवाह गर्नुको उद्देश्य कालीगण्डकीको संरक्षण गर्नु रहेको छ ।

### ४.२.१ प्रकृतिमाथि मानवीय हस्तक्षेपको चित्रण

'नदी सप्तक'शृङ्खलाका कविताहरूले मानव समाजले कालीगण्डकीमाथि गरेको दुर्व्यवहारको चित्रण गरेका छन् । नदीको सेरोफेरोमा रहने जैविक विविधता, पारिस्थितिक प्रणाली, खाद्य शृङ्खला सबै नदीका अङ्गहरू हुन् । मानिसले आफ्नो स्वार्थपूर्तिका लागि नदीकिनारमा आधुनिक औजारको प्रयोग गरेर दोहन कार्यलाई निरन्तरता दिइरहेको छ । विकासका नाममा कालीगण्डकीजस्तो विशाल नदीको बाटो नै परिवर्तन गर्ने षड्यन्त्रसमेत भइरहेको छ । यस अभियानका कविताहरूले यस्तै हस्तक्षेपकारी प्रवृत्तिका उदाहरणहरू प्रस्तुत गरेका छन् । विक्रम पवन परियारको 'म नदी हुँ' शीर्षकको कविताको एउटा अंश उदाहरणार्थ प्रस्तुत गरिएको छ :

दुःख लाग्छ
मेरो छाती खोतलेर बालुवा निकाल्दा
दुख्छ पाउ खिल्चिँदा मिक्सचरले
दुख्छु शालिग्राम सम्फेर मुटु थुत्दा तिमीले
तिमीलाई लाग्दो हो म दुख्दिन
म दुख्छु र त रुँदै रुँदै बग्छु किनारै किनार ।(परिशिष्ट-१६)

यस कवितांशमा मानवीय हस्तक्षेपका कारण आहत बनेको प्रकृतिको चित्रण गरिएको छ । मानिसले नदीलाई निर्जीव ठानेर अत्याचार गरिरहेको अवस्थामा नदीमा पनि प्राण भएको भाव प्रस्तुत गरिएको छ । नदीका अङ्गका रूपमा बालुवा, शालिग्राम, गिट्टी आदि आएका छन् । नदीले आफ्नो शरीरमा गह्वङ्गा मेसिनले टेक्दा पीडा भएको भाव व्यक्त गरेको छ । बालुवा निकाल्दा नदीको छाती च्यातिएको छ । धार्मिक भावनाले निकालिएका शालिग्राम नै पनि आफ्नो छातीबाट टाढा नजाउन् भन्ने अभिव्यक्ति दिइएको छ । शालिग्राम कालीगण्डकीका मुटु भएकाले

चुडाएर अन्त नलैजान आग्रह गरिएको छ । सम्पत्तिको लोभमा परेर मानवले गरेका कुकृत्यले प्रकृतिमा कस्तो असर पारिरहेको छ भन्ने विषय प्रस्तुत भएको छ ।

मानिस प्रकृतिका सन्तान हुन् । कालीगण्डकी पनि जीवनदायी शक्ति हो । कालीगण्डकी निकटका मानिसहरू कालीगण्डकीका सन्तानजस्तै हुन् । आफ्नै सन्ततिबाट आघात सहनुपर्दा नदी छेदविच्छेद हुन पुगेका छन् । उदाहरणका लागि श्रवण मुकारुङको 'ए कालीगण्डकी' शीर्षकको कविताको अंश निम्नानुसार छ :

ए कालीगण्डकी

ए आमा गण्डकी

माकुराको माउ भयो तिम्रो जिन्दगानी

तिम्रो अमृत धारा पिई हुर्किएका सन्तान

तिम्रै कलेजो पो

कुटुकुटु खान्छन् (परिशिष्ट - २)

यस कवितांशमा सन्तानले आफ्नै आमाको दोहन गरेको गम्भीर भाव प्रस्तुत गरिएको छ । सन्तानले आमाको दुध पिउनुपर्ने हो तर मानिसहरू सिङ्गै प्रकृतिलाई निल्न उद्यत भएका छन् । जसरी माकुराका सन्तानले आफ्नै आमालाई भोजन बनाउछन् त्यसरी नै मान्छेले पनि काली गण्डकीलाई घायल बनाएका छन् । कालीगण्डकीले पिलाएको अमृतधाराको गुन तिर्नुको सट्टामा कालीगण्डकीकै मुटु र कलेजाजस्ता संवेदनशील अङ्गहरू खाइरहेका छन् । नदीजन्य पदार्थको दोहन गरिरहेका छन् । यस कवितांशले मानिसले आमासमानको कालीगण्डकीलाई माकुराका सन्तानले आमालाई खाएझै खाएर घायल बनाएको मार्मिक भाव प्रस्तुत गरेको छ ।

'नदी सप्तक'शृङ्खलाका धेरै कवितामा नदीजन्य पदार्थहरूलाई नदीकै अभेद्य अङ्गका रूपमा चित्रण गरिएको छ । मानिसले कालीगण्डकीमाथि आक्रमण गर्दा जीवन्त नदी आहत बनेको धारणा व्यक्त गरिएको छ । उदाहरणका लागि रोशन परियारको 'म कालीगण्डकी हुँ' शीर्षकको कविताबाट एउटा अंश प्रस्तुत गरिएको छ :

तिम्रा मृगौला जस्तै हुन् मेरा गिटीहरू

तिम्रो फोक्सो जस्तै हो मेरो बालुवा

तिम्रो मुटुको चाल जस्तै हो

मेरो जीवनको गति

निकालेर शरीरबाट अङ्गहरू

किन मार्न चाहन्छौ मलाई ? (परिशिष्ट - ४)

यस कवितांशमा नदीजन्य पदार्थहरू नदीका संवेदनशील अङ्गका रूपमा चित्रण गरिएका छन् । गिटीलाई मृगौलासँग, बालुवालाई फोक्सोसँग र मुटुको चाललाई कालीगण्डकीको गतिसँग तुलना गरिएको छ । मानिसले नदीको शरीरबाट संवेदनशील अङ्गहरू झिकिरहेको छ र नदी मृत्युको सम्मुख पुगेको छ । कविताले मानिसको हस्तक्षेपका कारण प्रकृति अङ्गभङ्ग भएर मरणासन्न भएको भाव प्रकट गरेका छन् ।

यस शृङ्खलाका कविताहरूले प्रकृतिको दोहन गरेर रमाइरहेको मानव समुदायमाथि पनि आक्रोश व्यक्त गर्दै उनीहरूको लाचारीपनको चित्रण गरेका छन् । उदाहरणका लागि विमला तुम्खेवाको 'यो बगिरहेको खोलाको कथा हो' शीर्षकको कविताले यस्तै अवस्थाको चित्रण गरेको छ :

सरकार स्टार होटलको गुप्त कोठाभित्र हुस्की डकार्छ

सोकल्ड अधिकारकर्मीहरू

केवल ढुङ्गा गिटी र माटोको थुप्रो देख्छन् कालीगण्डकीलाई

र सेलिब्रेट गर्छन् ठेकेदारहरू टेन्डर परेकोमा । (परिशिष्ट - २०)

यस प्रस्तुत कवितांशमा मानवले कसरी प्रकृतिमाथिको दोहनलाई उत्सवका रूपमा मनाइरहेको छ भन्ने विषयको चित्रण गरिएको छ । कालीगण्डकीको संरक्षण गर्नुपर्ने सरकारले कमिसन खाएर निदाएको अवस्था देखाइएको छ । अधिकारकर्मीहरू पनि प्राकृतिक मूल्य र मान्यता बिर्सिएर नदीमाथि भएको अत्याचारमा कुनै प्रतिक्रिया देखाएका छैनन् बरु दोहनका लागि सहायक बनेका छन् । पैसाका लागि जे पनि गर्न तयार भएका ठेकेदारहरू कालीगण्डकीलाई मुठीमा च्याप्न पाएकामा उत्सव मनाइरहेका छन् । यसरी यस कवितांशले कालीगण्डकी कसरी एक्लो बनेको छ र यसमाथि कसरी दोहन भइरहेको छ भन्ने विषयको चित्र उतारेको छ ।

बालाकृष्ण अधिकारीको 'कालीगण्डकीको चित्कार', अमृत क्षेत्रीको'एक्काइसौँ शताब्दीको शासक', निमेश निखिलको 'अर्थात् नदीहरू' लगायत अन्य कविताले पनि कालीगण्डकीमाथिको मानवीय हस्तक्षेपलाई चित्रण गरेका छन् । मूलत : कालीगण्डकीले आमा बनेर मानिसको पालनपोषण गरेको तर मानिसले शत्रु बनेर कालीगण्डकीको दोहन गरेको देखाइएको छ । बालुवा, गिटी, ढुङ्गा, शालिग्राम, नदीको मार्गजस्ता संवेदनशील विषयमाथि मानवीय हस्तक्षेप

भएको देखाइएको छ । सरकार, सुरक्षाकर्मी, अधिकारकर्मी, कवि, लेखक तथा जनसाधारणले समेत कालीगण्डकी दोहनलाई वेवास्ता तथा समर्थन गरेको प्रसङ्ग देखाइएको छ । यसरी 'नदी सप्तक'श्रृखलाका कविताहरूले स्वार्थी मानव समुदायले कालीगण्डकीमाथि गरेको दोहनको चित्रण गर्दै प्रतिरोधी चेतना प्रस्तुत गरेका छन् ।

### ४.२.२ मानवीय हस्तक्षेपका कारण उत्पन्न समस्याको चित्रण

मानवीय हस्तक्षेपका कारण प्रकृतिमा नकारात्मक प्रभाव परेको हुन्छ ।'नदी सप्तक'शृङ्खलाका कविताहरूले पनि मानवीय हस्तक्षेपका कारण प्रकृतिमा उत्पन्न भएका समस्याहरूको चित्रण गरी मानवीय हस्तक्षेपको विरोध गरेका छन् । प्राकृतिक स्रोत र साधनको दोहनका कारण विगत र वर्तमानमा पर्यावरणीय समस्याहरू उत्पन्न भइसकेका छन् । कविताहरूले भविष्यमा उत्पन्न हुन सक्ने समस्याहरूलाई समेत उठान गरेका छन् ।

मानिसले गरेका पर्यावरणविरोधी क्रियाकलापहरूले प्रकृतिको स्वरूपमा नकारात्मक परिवर्तन देखिएको छ । पर्यावरणीय प्रदूषणका कारण जीव तथा वनस्पतिको जीवनप्रक्रिया नै अवरुद्ध बन्न सक्छ । प्रकृति विनाशका कारण उत्पन्न समस्याले अन्ततः मानिसकै अस्तित्वमा खतरा आउन सक्ने आकलन गरिएको छ । कालीगण्डकीको दोहनका कारण प्रारम्भमा आर्थिक लाभ भए पनि त्यसको आयु लामो छैन । प्रारम्भमा नदीको स्वरूपमा परिवर्तन आएको छ, नदीको सौन्दर्य क्षीण भएको छ भने जलचरको जीवनमा सङ्कट उत्पन्न भएको छ । बिस्तारै नदीको यात्राका क्रममा बाढी, पहिरो, कटानजस्ता समस्या पनि उत्पन्न हुँदैछन् । कालान्तरमा नदीमा जलचरहरू रहन नसक्ने, सतहको पानी जमिनमुनि दब्दै जाने, सिँचाइको अभाव हुने, हरियाली नाश भएर जाने, कालीगण्डकी सभ्यता नै नष्ट हुने, शालिग्राम लोप हुने जस्ता अनेकौँ समस्याहरू उत्पन्न हुन सक्ने सम्भावना रहेको छ । यी र यस्तै सम्भावित पर्यावरणीय समस्याहरूको चित्रणमा यस अभियानका कविताहरू सफल देखिन्छन् ।

यस अभियानका कविताले कालीगण्डकीको अस्तित्वमाथि हस्तक्षेप हुँदै गएमा सिङ्गो पर्यावरण नै समस्याग्रस्त हुने भाव अभिव्यक्त गरेका छन् । प्रकृति मात्र नभएर प्रकृतिमा आधारित सभ्यता र संस्कृतिसमेत समाप्त हुन सक्ने सम्भावनाका विषयहरू उठाइएका छन् । उदाहरणका लागि जनक कार्कीको 'कालीलाई दागबत्ती' शीर्षकको कविताबाट एउटा अंश प्रस्तुत गरिएको

छ :

कालीसँगै निभ्ने छ

जलचरको दियो

स्थलचरको खुसी

नभचरले आगो पिउनुपर्नेछ

मरुभूमि बन्नेछ तपोभूमि

वातावरण सिकिस्त भएर

आइसियुमा पुग्नेछ । (परिशिष्ट - ५)

प्रस्तुत प्रतिनिधि कवितांशमा मानवीय हस्तक्षेपका कारण प्रकृति ध्वस्त भएपछि यसले चौतर्फी समस्या उत्पन्न गर्ने तथ्यलाई उजागर गरिएको छ । अत्यधिक दोहनपश्चात् कालीगण्डकीको अस्तित्व समाप्त हुँदा कालीगण्डकी भित्रका जलचरहरूको अस्तित्व मासिने छ । स्थलचरहरू तिर्खा लाग्दा पानी नपाएर तथा हरिया घाँसपात नपाएर तड्पने छन् । आकाशमा उड्ने चराहरूसमेत पिउन योग्य पानी नपाएर तिर्खाको आगोले जल्ने छन् ।गङ्गाका तीरमा सभ्यतालाई जन्म दिने तपोभूमि डोजरद्वारा खोस्रिएर मरुभूमि  बन्ने छ । वातावरण आफ्नो सम्पूर्ण अस्तित्व क्षीण भएका कारण मरणासन्न हुनेछ । कविकल्पनाका माध्यमबाट व्यक्त भएको यस अंशमा सम्भावित भविष्यको समस्याग्रस्त अवस्थाको चित्रण गरी मानिसलाई सजग रहन आग्रह गरिएको छ ।

यस शृङ्खलाका अधिकांश कविताहरूले कालीगण्डकी तथा प्रकृतिको दोहन कालान्तरमा मानिस जातिकै लोपको कारण बन्ने आँकलन गरेका छन् ।  मानिसले आफैलाई आश्रय दिने प्राकृतिक स्रोत र साधनको दोहन गरेका कारण अन्य प्राणीभन्दा मानवजीवन नै सङ्कटमा पर्ने अनुमान गरिएको छ । उदाहरणका लागि रमेश श्रेष्ठको ‘कविताको नदी’ शीर्षकको कविताको एउटा अंश साभार गरिएको छ :

ए शालिग्रामकी आमा

तिम्रो रगतले सिञ्चित सभ्यता

मानिसको अनुहारैपिच्छे दुखेर

मेरो कवि आहत भएको छ

म मेरो मृत्युलाई तिम्रो नागबेली यात्राको

पाठेघरमा राखेर सोचिरहेको छु

यतिखेर मेरो देश

कविताको गतिमान नदीभन्दा

उल्टो बगिरहेको छ । (परिशिष्ट - ११)

यस कवितांशमा कालीगण्डकीमाथिको वर्तमान मानवीय व्यवहार र सम्भावित भविष्यको चित्रण गरिएको छ । अहिलेको मानिसले कालीगण्डकीकै पानीले सिञ्चित धरतीबाट जीवन पाएको छ । कालीगण्डकी सभ्यताकै सदस्यका रूपमा आफूलाई उभ्याएको छ तर क्षणिक स्वार्थका लागि उही कालीगण्डकीमाथि अन्धाधुन्ध प्रहार गरिरहेको छ । कविताको गतिजस्तै प्राकृतिक जीवनगतिमा अघि बढ्नुपर्ने मानवसमुदाय उल्टो गतिमा हिँडिरहेको छ । मानव जीवनको अस्तित्व कालीगण्डकीको कोखमा छ भन्ने जान्दाजान्दै पनि मानिसले कालीगण्डकीकै गर्भमा प्रहार गरिरहेको छ । आफ्नै जीवन, सभ्यता र संस्कृति बोकेको कालीगण्डकी रक्षणीय विषय नबन्नु मानव समुदायकै समाप्तिको कारण बन्न सक्ने छ । यस अभियानका कविताहरूले वर्तमानको प्रकृतिदोहनले भविष्यमा मानव अस्तित्वमाथि नै सङ्कट उत्पन्न गर्न सक्ने भाव अभिव्यक्त गरेका छन् ।

यस अभियानका कविताहरूले प्रकृतिको विनाशले अन्तत : धरतीलाई श्मशानतुल्य बनाउने धारणा व्यक्त गरेका छन् । उदाहरणका लागि हरिहर तिमिल्सिनाको ‘तिमीले खोजेको कुरा’ कविताको एउटा अंश प्रस्तुत गरिएको छ :

मेरो बगरमा न म हुने छु

न तिमी नै हुने छौ

केवल खियाले खाएका डोजर एक्साभेटर र

असरल्ल लासहरू हुनेछन् ।(परिशिष्ट - १३)

यस प्रतिनिधि कवितांशले अन्त्यको त्रासदीलाई प्रस्तुत गरेको छ । कालीगण्डकीमाथि मानवीय हस्तक्षेप बढ्दै गएको खण्डमा पर्यावरण नै विनाश भएर जमिन लासले भरिन सक्ने अवस्थाको आँकलन गरिएको छ । कालान्तरमा नदीको अस्तित्व समाप्त हुन सक्ने, मानव अस्तित्व लोप हुन सक्ने, नदीका बगरमा खिया लागेका मेसिनहरू रहने र मानिसका अस्थिपञ्जर मात्र रहन सक्ने समस्याग्रस्त भविष्यको आँकलन गरिएको छ । प्रकृतिका निकटमा जीवन हुन्छ । मानिस जति प्रकृतिबाट टाढा हुँदै जान्छ त्यति धेरै द्वन्द्व, अशान्ति र मृत्युको नजिक पुग्दछ ।‘नदी सप्तक’शृङ्खलाका कविताहरूले पर्यावरणमाथिको मानवीय हस्तक्षेप नरोकिए सम्पूर्ण पर्यावरण नै समस्याग्रस्त भएर सृष्टि अन्त्यको मुखमा पुग्न सक्ने विषयलाई

संवेदनशीलतापूर्वक उठाएका छन् ।

मानवीय हस्तक्षेपका कारण भविष्य समस्याग्रस्त हुने सम्भावना त छँदैछ तर वर्तमानमै पनि धेरै समस्या देखिइसकेका छन् । कालीगण्डकी र समग्र विश्वमा उत्पन्न पर्यावरणीय समस्या पनि यस अभियानका कविताका विषय बनेका छन् । उदाहरणका लागि मनोज विश्वकर्माको 'तिमी सँगसँगै रहेर' शीर्षकको कविताको एउटा अंश प्रस्तुत गरिएको छ :

यो जल्दै गरेको नदी
यो फैलिँदै गएको बगर
यो तातिँदै गएको धरती
ती डुब्दै गएका माल्दिभ्स
तिमीद्वारा लेखिएको सबसे उदास कथा भएँ
हाम्रो प्रेम कथामा
यति विभत्स ट्राजेडी लेख्ने तिमी नै हैनौ ? (परिशिष्ट - १२)

यस प्रतिनिधि कवितांशमा मानवीय हस्तक्षेपका कारण पर्यावरणमा उत्पन्न भइसकेका जटिल समस्याहरूको उठान गरिएको छ । नदी प्राकृतिक स्वरूपमा बग्न नपाएर जलिरहेको छ । मानवद्वारा गरिएको दोहनका कारण बगरहरू दिनप्रतिदिन विशाल बन्दै मरुभूमिको आकार लिन लागेका छन् । मानवद्वारा गरिएका पर्यावरणीय अपराधहरूले गर्दा धरतीमा तापमान बढिरहेको छ । हिमालबाट हिउँ सकिँदै गएको छ भने समुद्र किनारका देशहरू डुबानमा परिरहेका छन् । प्रकृतिले सम्पूर्ण प्राणीसँग प्रेम गरेको छ तर मानिसले प्रकृतिमाथि अधिकार जमाएसँगै प्रकृतिको अवस्था नै विभत्स बन्दै गएको छ । यसरी 'नदी सप्तक'शृङ्खलाका कविताहरूले पर्यावरणमा उत्पन्न भएका समस्याहरूलाई संवेद्य शैलीमा प्रस्तुत गरेका छन् ।

कालीगण्डकी बचाऔँ अभियानका अधिकांश कविताहरूले मानवीय हस्तक्षेपका कारण उत्पन्न समस्यालाई गहनताका साथ उठाएका छन् । पर्यावरण प्रदूषित बन्दै गएको, जलचर, स्थलचर र नभचरको जीवन प्रक्रियामा नै समस्या आएको तथा मानव सभ्यता र संस्कृतिमा नकारात्मक प्रभाव परेको जस्ता उदाहरणहरू प्रस्तुत गरिएका छन् । प्रकृति तथा कालीगण्डकीमाथि प्रहार गर्ने मानिसहरू प्रकृतिबाट टाढा हुँदै जाँदा अशान्ति फैलिएको छ । मानव अस्तित्व नै पनि मृत्युका नजिकमा पुगेको छ । प्रकृतिको संवेदनशीलतालाई नबुझी दोहन कार्यलाई निरन्तरता दिएमा निकट भविष्यमा मानव, पशुप्राणी, वनस्पति तथा सिङ्गो पर्यावरण

नै समस्याग्रस्त बन्ने छ र अन्त्यको त्रासदीलाई अनुभव गरेर सम्पूर्ण कुरा विलय हुनेछ ।कविताहरूमा भग्न बन्दै गएको कालीगण्डकीको अवस्थाका सम्बन्धमा निराशामूलक भावहरू अभिव्यक्त भएक छन् । यसरी यस अभियानका कविताहरूले कालीगण्डकीमाथिको मानवीय हस्तक्षेपका कारण विगतमा उत्पन्न भएका, वर्तमानमा उत्पन्न भइरहेका र भविष्यमा उत्पन्न हुन सक्ने समस्याहरूको चित्रण गरी ती समस्याबाट बँच्न प्रकृतिमाथिको हस्तक्षेप रोक्न सुझाव दिएका छन् । समग्रमा यस अभियानका कविताहरूले मानवीय हस्तक्षेपका कारण प्रकृतिमा उत्पन्न समस्याहरूको जीवन्त चित्रण गरेका छन् । यी कविताहरूको उद्देश्य मानवलाई सजग र संयमित बनाएर प्रकृतिको रक्षा गर्नु रहेको
छ ।

### ४.२.३ मानवकेन्द्रीयतावादको विरोध

मानवकेन्द्रीयतावादलाई मानव जातिलाई विश्व ब्रह्माण्डको केन्द्रमा राख्ने विश्वव्यापी दृष्टिकोणका रूपमा लिइन्छ । संसारका अनेकौँ प्राणी तथा जैविक र अजैविक वस्तुहरूमध्ये मानवलाई नै सबैभन्दा महत्त्वपूर्ण र प्रभावशाली मान्नुलाई मानवकेन्द्रीयतावाद भनिन्छ । यो अन्य जीवित प्राणी तथा प्रकृतिका तुलनामा मानवीय आवश्यकता, रुचि र मूल्य नै महत्त्वपूर्ण हुन्छ भन्ने मान्यता हो । मानवकेन्द्रीयतावादी सोचले प्रकृतिलाई उपभोग्य सामग्रीका रूपमा चित्रण गर्दछ । साहित्य तथा समालोचनाका अनेकौँ वादहरू मानवकेन्द्रीयताका पक्षधर छन् तर पर्यावरणीय चेतना मानवकेन्द्रीयताका विरुद्ध पर्यावरणकेन्द्रीय चेतना हो । पर्यावरणीय समालोचनाले हरेक वस्तुको मानवीय आवश्यकताका आधारमा मूल्य निर्धारण गर्नु हुँदैन किनभने अस्तित्ववान् हरेक पदार्थको आफ्नै मूल्य हुन्छ भन्ने धारणा राख्दछ । मानवकेन्द्रीयतावादले मानव जीवन समृद्ध बनाउनका लागि प्रकृतिको दोहनलाई पनि जायज देख्छ । मानव समृद्धिका लागि प्रकृतिको दोहन गर्ने यो मान्यता पर्यावरणविरोधी मान्यता हो ।

पर्यावरणीय समालोचनाले मानवकेन्द्रीय क्रियाकलापका कारण प्रकृतिमा परेको असरको चित्रण गर्दै मानवीय एकाधिकारको विरोध गर्दछ । कालीगण्डकी बचाऔँ अभियानका कविताहरूले पनि मानवले आफ्ना आवश्यकतालाई मात्र वैध ठानेर प्रकृतिमाथि गरेको अत्याचारको विरोध गरेका छन् । धनसञ्चय तथा स्वार्थपूर्तिका लागि कालीगण्डकीको अस्तित्व नै सङ्कटमा पार्ने गरेर नदीजन्य पदार्थको दोहन गर्नु मानवकेन्द्रीयतावादको उदाहरण हो । यस अभियानका कविताहरूले मानवलाई प्रकृतिको एउटा अङ्गका रूपमा आफूलाई स्विकार्न र प्रकृतिमाथि ज्यादती नगर्न सुझाव दिएका छन् ।

'नदी सप्तक'शृङ्खलाका कविताहरूले वर्तमान मानवले आफ्नो स्वार्थका लागि प्रकृतिका अन्य पशुपन्छी, नदीनाला तथा समग्र पर्यावरणलाई गरेको वेवास्ताको चित्रण गरेका छन् । उदाहरणका लागि अविनाश श्रेष्ठको 'मेरी आराध्या, मेरी नदी : कालीगण्डकी' कविताको एउटा अंश प्रस्तुत गरिएको छ :

कालीगण्डकी कुरूप बनुन्, सुकुन्, मरुन्, मासिउन्

वा फेरिउन् नदीबाट नालीमा

मेरो राजनीतिको खेतबारी सधैँ रहिरहनुपर्छ हराभरा

म बाँचिरहूँ, म हाँसिरहूँ

मेरो सिंहासन रहोस् सुरक्षित सर्वदा । (परिशिष्ट - २६)

प्रस्तुत कविताांशमा अहिलेका मानिसहरूको चरम व्यक्तिवादी मानवकेन्द्रीयतावादी चिन्तनलाई प्रस्तुत गरिएको छ । अहिलेका मानिस पर्यावरण र अन्य प्राणी तथा वनस्पतिप्रति त उदासीन छन् नै तर आफ्नै सभ्यता र भविष्यको पुस्ताका बारेमा समेत उदासीन रहेका छन् । मानिस क्षणिक स्वार्थका कारण संवेदनाहीन बनेको छ । उसलाई अन्य प्राणी मरे पनि कुनै चिन्ता छैन । भविष्यमा कालीगण्डकी रहे पनि नरहे पनि कुनै सरोकार छैन । कालीगण्डकीले मानवकै परम्परा, धर्म, सभ्यता, संस्कृति र जनजीविका तयार गरिदिएको छ तथापि मानिस धनकै लागि आफ्नै खुट्टामा बञ्चरो हान्न तयार रहेको छ । राजनीतिक व्यक्तिहरू पनि आफ्नो शक्ति र सत्ताको सुरक्षाका लागि कालीगण्डकीलाई बेवास्ता गरिरहेका छन् । यस कविताांशले समकालीन मानवहरूको चरम स्वार्थी स्वरूपलाई चित्रण गर्दै घृणाभाव व्यक्त गरेको छ ।

यस शृङ्खलाका कविताहरूमा मानव केन्द्रीयतावादका विरुद्धमा प्रकृतिका तर्फबाट पनि उद्गारहरू अभिव्यक्त भएका छन् । कालीगण्डकी, प्रकृति तथा नदी आदि पर्यावरणीय सदस्यका तर्फबाट निस्केका यी उद्गारहरूले मानवकेन्द्रीयतावादी सोचको चित्रण गर्दै त्यसको विरोध गरेका छन् ।बालाकृष्ण अधिकारीको 'कालीगण्डकीको चित्कार' शीर्षकको कविताले पनि यस्तै भाव अभिव्यक्त गरेको छ :

ए मान्छे !

प्रकृति तिम्रा लागि मात्र होइन

तिम्रो युगका लागि मात्र होइन

यसरी दुई चार पैसाका लागि

समयको कालकूट पखालिरहने मेरो छाती

निर्मम भएर ताछ्ने अधिकार

कसले दियो हँ तिमीलाई ? (परिशिष्ट - १८)

प्रस्तुत प्रतिनिधि कवितांशमा कालीगण्डकीका माध्यमबाट मानिसमाथि गहन प्रश्न गरिएको छ । मान्छेले दुई चार पैसाको लोभले प्रकृतिमाथि गरेको अत्याचारको विरोध गरिएको छ । मानव केन्द्रीयतावादी सोचले ग्रस्त मान्छेले प्रकृतिमा अरू प्राणीको पनि अधिकार छ भन्ने तथ्य बिर्सिएको छ । भविष्यका पुस्ताले पनि कालीगण्डकीबाट प्राप्त हुने हार्दिक फाइदा लिन पाउनुपर्छ भन्ने चेतनासमेत वर्तमान मानिसले बिर्सिएको छ । बिना कुनै स्वार्थ पर्यावरणको सेवामा समर्पित कालीगण्डकीको दोहन गर्ने मानिसले आफ्नो कर्तव्य र अधिकार दुबै भुलेको छ । यसरी यस कवितांशमा आफूले निर्माण गर्न नसक्ने पदार्थ नष्ट गर्न उद्यत मानवलाई त्यसको कुनै अधिकार नभएको विचार अभिव्यक्त भएको छ ।

मानवकेन्द्रीयतावाद सम्पूर्ण मानवको साझा स्वार्थ जस्तो देखिए पनि अन्ततः यो व्यक्तिगत स्वार्थसँग जोडिएको हुन्छ । व्यक्तिगत स्वार्थबाट प्रेरित मानिसले प्रकृतिबाट सहज रूपमा मानवलाई प्राप्त हुने सामग्रीहरूमा पनि एकाधिकार जमाउने प्रयास गर्छ । नदीनाला, जङ्गल, हिमालजस्ता पर्यावरणीय बासस्थानमा पर्यावरणमैत्री भएर बसेका मानवसमुदायमाथि समेत अत्याचार गरी प्रकृतिको दोहन गर्दछ । यस अभियानका कविताहरूमा पनि त्यो चेतना देखिएको छ । उदाहरणका लागि अमृत क्षेत्रीको 'एक्काइसौँ शताब्दीको शासक' कविताबाट एउटा अंश प्रस्तुत गर्न सकिन्छ :

ऊ कहिलेकाहीँ हाम्रो पखेरातिर आउँछ

र हाम्रो जीविका चलेको नदीलाई

कता हो कता लैजान्छु भन्छ

आदिम संस्कृति बोकेर पुजेको नदीलाई

गिद्दे आँखा लगाउँछ

आफ्नो सुनौलो सभ्यता बोकेको युगलाई

अचानक भत्काउन खोज्छ । (परिशिष्ट - ६)

यस प्रतिनिधि कवितांशमा पर्यावरणबाट टाढा भएको शासकले पर्यावरणमैत्री जनताका आवश्यकतालाई समेत बेवास्ता गर्दै प्रकृति दोहन गरेको विषय उठाइएको छ । शासक भन्नाले राजनीतिक व्यक्तिहरू, सरकारका प्रतिनिधिहरू तथा ठेकेदारहरूलाई सङ्केत गरिएको हो । नदी

किनारमा खेतीपाती इत्यादि क्रियाकलाप गरेर बाँचेका समुदायलाई नदीको अनुपस्थितिले मृत्यु समान अवस्थामा पुर्याउँछ । विकास योजनाका नाममा कालीगण्डकी डाइभर्सनको योजना अघि बढाउन खोजिएको छ । त्यसो भएको खण्डमा कालीगण्डकी थुनिएको क्षेत्रबाट माथि डुबानमा पर्ने छ भने तलतिर नदीको ठाउँमा सुख्खा हुने छ । जलचरहरू नष्ट हुने छन् । खेतीयोग्य जमिनलगायत अन्य पशुप्राणी तथा वृक्षहरूले पानी पाउने छैनन् । नदीका तटमा रहेका धर्म, संस्कृति र सभ्यताका संवाहक स्थलहरू अलपत्र पर्नेछन् । कालीगण्डकी क्षेत्रका मानिसहरू जीवनका महत्त्वपूर्ण क्षणमा कालीगण्डकीमा गएर स्नान, तर्पण, पूजन इत्यादि कर्म गर्छन् । कालीगण्डकी नै नभएको खण्डमा त्यो जीवनपद्धति पनि भङ्ग हुन सक्छ । वास्तविकता यस्तो हुँदाहुँदै पनि व्यक्तिगत स्वार्थले लिप्त भएको मानिसले जस्तासुकै योजना अघि बढाउन पछि नपरेको प्रसङ्ग देखाएर यो कलुषित भावनाको विरोध गरिएको छ ।

तीर्थ श्रेष्ठको 'म कालीगण्डकी', लक्ष्मण थापाको 'कालीगण्डकी', विमला तुम्खेवाको 'यो बगिरहेको खोलाको कथा हो' लगायतका अधिकांश कविताहरू मानवकेन्द्रीयताका विरुद्धमा लेखिएका छन् । अनादिकालदेखि अनेकौँ जीवजन्तु, वनस्पति, सभ्यता र संस्कृतिको संरक्षक बनेको कालीगण्डकी नदीलाई दोहन गर्ने स्वार्थी प्रवृत्तिको विरोधमा कविताहरू केन्द्रित रहेका छन् । यस शृङ्खलाका कविताहरूले मानवकेन्द्रीय धारणाको यथार्थ चित्रण गरेका छन् । मानवकेन्द्रीय सोचका कारण विगत, वर्तमान र भविष्यमा आएका र आउन सक्ने समस्याको चित्रण गरेका छन् ।कविहरूले आफ्ना कविताहरूमार्फत् मानिसका मानवकेन्द्रीयतावादी विचार र प्रकृतिमाथिको हस्तक्षेपको विरोध प्रकट गरेका छन् ।

समग्रमा 'नदी सप्तक'शृङ्खलाका कविताहरूले प्रकृतिमाथिको मानवीय हस्तक्षेपलाई सजीव रूपमा चित्रण गरेका छन् । मानवीय हस्तक्षेपका कारण पर्यावरणमा उत्पन्न भएका र हुन सक्ने समस्याहरूको चित्रण गरेका छन् । मानवकेन्द्रीयतावादी सोचका कारण उत्पन्न भएका समस्याको चित्रण गर्दै उक्त सोचको विरोध गरेका छन् । पर्यावरणीय संवेदनशीलतालाई ख्याल नराखी नदीजन्य पदार्थको दोहन गरिएका दृश्यहरूलाई प्रस्तुत गरेका छन् । नदीका निकटमा रहेका ढुङ्गा, माटो, बालुवा, जलचर प्राणी, नदीको बाटो सबै नदीका अङ्गका रूपमा चित्रण गरिएको छ । कालीगण्डकीलाई आमाको रूपमा चित्रण गर्दै कालीगण्डकीको दोहनलाई आफ्नै आमाको दोहनसँग तुलना गरेर प्रस्तुत गरिएको छ । जलचर, स्थलचर र नभचरको जीवनमा पर्ने नकारात्मक प्रभावहरू प्रस्तुत गरिएको छ ।कविताहरूमा मानवको प्रकृतिमाथिको व्यवहार निराशादायक रहेको भाव प्रस्तुत गरिएको छ । कविताहरूले वर्तमान मानवीय प्रवृत्ति देखेर कालीगण्डकीको सुन्दर भविष्यतर्फ आशावादी भाव प्रस्तुत गर्न सकेका छैनन् । नदीले जोगाएका

सभ्यता, संस्कृति, चालचलन लोप भएर जाँदा मानव अस्तित्व पनि सङ्कटापन्न बन्दै जाने विषयमा सजग गराइएको छ । कविताहरूमा मानवले आफ्नो आवश्यकतालाई मात्रै वैध मानेर प्रकृतिमाथि निर्मम प्रहार गरेको वास्तविकताप्रति आक्रोश प्रकट गरिएको छ । मानिस विवेकशील प्राणी भएका नाताले अन्य पशुप्राणी तथा मानवहरूको अधिकार पनि ख्याल राख्नुपर्छ भन्ने भाव अभिव्यक्त भएको छ । यस शृङ्खलाका कविताहरू कालीगण्डकीमाथिको मानवीय हस्तक्षेपको विरोध गरी कालीगण्डकीको संरक्षणका लागि आवाज उठाएका छन् ।

### ४.३ 'नदी सप्तक'शृङ्खलाका कवितामा मानव र प्रकृतिको अन्तरसम्बन्ध

पर्यावरणीय समालोचनाले मानव र प्रकृतिका सम्बन्धका आधारमा आलोच्य कृति र प्रयुक्त विचारको मूल्याङ्कन गर्दछ । मानव प्रकृतिमा जन्मन्छ, प्रकृतिमै हुर्कन्छ, जीवनयापन गर्छ र अन्त्यमा मृत्युपश्चात् प्रकृतिमै मिलेर जान्छ । मानिसको जन्मदेखि मृत्युपछिसम्मको आश्रय प्रकृति नै भएकाले प्रकृति र मानवका बिचमा विशिष्ट सम्बन्ध रहेको हुन्छ । मानवले प्रकृतिकै आधारमा जीवनपद्धति, मूल्य, मान्यता, संस्कृति र सभ्यताको समेत विकास गरेको हुन्छ । सबै लेखक तथा समालोचकहरू भाषामा मात्रै अड्किएका देखिन्छन्, हामी पनि प्रकृति र संस्कृतिलाई विपरीत सत्ताका रूपमा प्रस्तुत गर्छौं तर वास्तवमा प्रकृति र संस्कृति बगिरहेको खोलाका पानी र माटोजस्तै सँगसँगै आउने अन्तरसम्बन्धित कुराहरू हुन् (होवार्थ, सन् १९९६, पृ. ६९) । मानव समुदायले प्राचीन समयदेखि प्रकृतिसँगको अन्तरसम्बन्धका कारण विकसित भएको मानव सभ्यता, संस्कृति र जीवनपद्धतिको संरक्षणका लागि पनि प्रकृति र मानवको सौहार्द सम्बन्धलाई कायम राख्नुपर्छ भन्ने धारणा पर्यावरणीय समालोचनाले राख्दछ ।

कालीगण्डकी बचाऔँ अभियानको उदयको कारण नै मानव र प्रकृतिबिचको सौहार्द सम्बन्धमा दरार आउनु हो । मानवजीवन र कालीगण्डकीबिचको सम्बन्धमा समस्याहरू आएका कारण त्यसले कस्तो नतिजा आउने छ भन्ने विषयमा कविताहरू रचिएका छन् । प्रकृति र मानवको अन्तरसम्बन्धलाई प्रस्तुत गर्नका लागि प्राकृतिक पदार्थसँग मानव जीवनको तुलना गरेर समानताको चित्रण पनि गरिन्छ । यस अभियानका कविताहरूले पनि प्रकृति र मानवका बिचमा भएका समानतालाई चित्रण गरेका छन् । प्रकृति र मानवको समानता र सम्बन्धलाई प्रभावकारी रूपमा प्रस्तुत गर्नका लागि प्रकृतिको मानवीकरणको पनि प्रयास गरिएको छ । यस अभियानमा प्रकृति र मानवका बिचमा रहेको सम्बन्धको चित्रण गरिएको छ । प्राकृतिक सम्बन्ध बिग्रदै गएका कारण उत्पन्न समस्याहरूलाई प्रस्तुत गरिएको छ र मानवलाई व्यक्तिगत स्वार्थ त्यागेर आफ्नो प्रकृतिसँगको संवेदनशील सम्बन्धलाई निरन्तरता दिन आग्रह गरिएको छ । यस खण्डमा प्रकृति र मानवीय क्रियाकलापको सम्बन्ध, मानव संस्कृति र प्रकृतिको सम्बन्ध तथा

प्रकृति र मानव जीवनमा देखिएको समानताका आधारमा कविताहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.३.१ प्रकृति र मानवीय क्रियाकलापको सम्बन्ध

'नदी सप्तक'शृङ्खलाका कविताहरूले मानव र प्रकृतिका बिचमा चलिरहेको सङ्घर्षात्मक वास्तविक सम्बन्धको चित्रण गरेका छन् । 'कालीगण्डकी बचाऔँ अभियान' नामले नै कालीगण्डकी असुरक्षित रहेको भाव स्पष्ट हुन्छ । मानवले प्रकृतिसँगको सहज, सरल सम्बन्धलाई त्यागेर आक्रामक बनेका कारण पर्यावरणीय समस्याहरू उत्पन्न भएका छन् । यस शृङ्खलाका कविताहरूले वर्तमान मानिसले कालीगण्डकीसँग कस्ता क्रियाकलाप गरिरहेको छ र त्यसको नतिजा के आइरहेको छ भन्ने विषय प्रस्तुत गरेका छन् ।

कालीगण्डकी सभ्यताका मानिसहरूका आदिपुर्खादेखि वर्तमान पुस्तासम्मका लागि कालीगण्डकीले मातृवत् व्यवहार गरिरहेको छ । मानवले भने आफ्नो कर्तव्य बिर्सिएर जननी समान कालीगण्डकीमाथि अत्याचार गरिरहेको छ । उदाहरणका लागि सुवास देवकोटाको 'कालीगण्डकी : हाम्रो सभ्यता' शीर्षकको कविताबाट एउटा अंश प्रस्तुत गरिएको छ :

बराजुहरूले
कालीगण्डकीको तिरैतिर
जीवनका लयहरू खोस्रिए
जीवनका असीमित ऊर्जाहरू बटुले
कालीगण्डकीको वक्ष चुसेर
जीवनको यात्राको आरम्भ गर्नु
समग्र मानव जातिको
उत्थान र प्रगतिको प्रारम्भ थियो । (परिशिष्ट - २९)

यस प्रतिनिधि कवितांशमा कालीगण्डकी निकटका मानिसहरूको सभ्यताको विकास नै कालीगण्डकीका कारण भएको देखाइएको छ । आदिमानवदेखि वर्तमान मानवसम्म सबैले कालीगण्डकीमै आश्रय लिएर जीवनयापन गरेको देखिन्छ । कालीगण्डकीकै समीपमा खेतीपाती गरेर जीवनयापन गरेको देखिन्छ । कालीगण्डकीकै पानी र वातावरणमा घुलेर जीवनको अर्थ बुझेको, जीवनऊर्जा प्राप्त गरेको तथा मानव सभ्यतालाई यहाँसम्म डोहोर्‍याएर ल्याएको देखिन्छ । यस कवितांश तथा यस शृङ्खलाका अन्य कविताहरूले पनि प्रकृतिले मानवलाई

आश्रय दिने काम गरेको विषय प्रस्तुत गरेका छन । प्रकृतिकै आश्रयमा सन्तानको सम्बन्धमा बसेको मानिसले जीवनपद्धति, संस्कृति र सभ्यताको समेत निर्माण गरेको छ । यस्ता कविताांशहरूले मानवजीवन प्रकृतिमाथि आश्रित भएको तथ्यलाई प्रस्तुत गरेका छन् ।

यस शृङ्खलाका कविताहरूले कालीगण्डकी अहिले पनि मानवका लागि नि : स्वार्थ आश्रय प्रदान गर्ने नदी रहेको भाव व्यक्त गरेका छन् । मानिसले उपकार गरोस् अथवा नगरोस् तर प्रकृतिले निरन्तर मानवको सेवा गरिरहेको छ । उदाहरणका लागि निमेश निखिलको 'अर्थात् नदीहरू' शीर्षकको कविताको एउटा अंश उल्लेखनीय छ :

तिमीले माग्न नपाउँदै

आफै रित्तिने गरी दिएँ सबै थोक

खेतबाट सुनौला बाला बनेर

चाहारे तिम्रै नसा नसामा

भन कहाँबाट आयो

तिम्रा लालाबालाको ओठमा फुलेको मुस्कान ? (परिशिष्ट - ८)

यस प्रतिनिधि कविताांशमा प्रकृतिले आफूले मानवका निम्ति गरेको त्याग र योगदानको उदाहरण दिएको छ । प्रकृतिले मानिसहरूलाई आमाले सन्तानलाई दिए जस्तै माया दिइरहेको छ । स्रोत र साधनको कमी हुँदा पनि मानवीय आवश्यकता पूरा गर्न प्रकृति लागिपरेको हुन्छ , त्यही कार्य कालीगण्डकीले पनि गरेको छ । कालीगण्डकी खेतखेतमा गएर अन्न फलाउन योगदान दिएको छ । अन्न तथा पानीका माध्यमबाट शक्ति बनेर मानिसहरूका नसानसामा बगिरहेको छ । भोका बालबच्चाको भोक मेटेर मुहारमा मुस्कान ल्याउने कार्य गरेको छ । यस कविताांशमा काली गण्डकीले अथाह त्याग गर्दा पनि मानिस कृतघ्न बनेकाले नदी दुःखित भएको भावसमेत देखाउन खोजिएको छ ।

यस शृङ्खलाका कविताहरूले मानिसले कालीगण्डकीमाथि गरेको आक्रमणलाई कृतघ्नताको उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । धन आर्जनको लालसाले जननीसमान कालीगण्डकीमाथि गरिएको आक्रमणप्रति गुनासाका भावहरू अभिव्यक्त भएका छन् । आमाले निः स्वार्थ दुग्धपान गराउँदा पनि सन्तान रक्तपान गर्न तम्सिएको देखेर आक्रोश व्यक्त गरिएको छ । उदाहरणका लागि प्रकाश आचार्यको 'नदीको आक्रोश' शीर्षकको कविताबाट एउटा अंश प्रस्तुत गरिएको छ :

जबरजस्त बन्द गर्न नखोज यो बाटो

जहाँ म आजसम्म अनवरत हिँडिरहेकै छु
यही बाटो भएरै पुगेको छु तिम्रो खेतसम्म
र फलाएको छु अनाज
जुन खाएर भरेका छौ आफ्नो पेट
पुगेको छु तिम्रो आँगनको धारासम्म
जहाँबाट मेटाइरहेका छौ आफ्नो प्यास । (परिशिष्ट - २८)

उपर्युक्त कवितांशमा प्रकृति र मानव क्रियाकलापमा द्वन्द्वात्मक सम्बन्ध देखाइएको छ । प्रकृति अनादिकालदेखि मानवको सेवामा संलग्न रहेको छ । मानवले प्रकृतिको प्रत्युपकार गर्नुको सट्टा नदीको वास्तविक स्वरूपलाई परिवर्तन गर्ने, नदीको बाटो नै फेर्न खोज्ने तथा अस्तित्व नै मास्न खोज्ने क्रियाकलाप गरिरहेको छ । नदीले खेतमा सिँचाइ गरिदिएको छ । अन्न बनेर भोक मेटेको छ भने पानी बनेर प्यास पनि मेटेको छ । मानिसले भने कालीगण्डकीलाई उपभोग्य सामग्रीको मात्रै व्यवहार गरिरहेको छ । यस शृङ्खलाका कविताहरूले मानिसको यस्तो क्रियाकलापले कालीगण्डकी विक्षिप्त बनेको भाव व्यक्त गरेका छन् ।

यस शृङ्खलाका कविताहरूले कालीगण्डकी र मानवको सम्बन्ध सनातन रहने धारणा व्यक्त गरेका छन् । मानिसको प्रहारबाट आहत बनेको कालीगण्डकीले आफ्नो उपयोग मानवको वर्तमान पुस्ताका लागि मात्र नभएर भविष्यका लागि समेत रहेको भाव व्यक्त गरेको देखिन्छ । केशव चालिसेको 'तिमी अजम्बरी होइनौ' शीर्षकको कविताबाट एउटा अंश निम्नानुसार छ :

तिमी बुढो हुन्छौ
म बगिरहन्छु निरन्तर
तिम्रो मृत्युमा दुःखी हुन्छु
जसरी तिम्रा पुर्खाको मृत्युमा थिएँ
तिमी अजम्बरी त होइनौ नि
तिम्रो मात्र एक जीवन
अनि म तिम्रा हजारौं पुर्खाको साथी
र पनि किन गर्छौ तिमी ममाथि राजनीति ? (परिशिष्ट - २३)

यस कवितांशले कालीगण्डकी सदैव मानिसको साथी बन्दै आएको र भविष्यमा पनि बन्न चाहेको भाव अभिव्यक्त गरेको छ । हजारौं वर्षदेखि बग्दै आएको कालीगण्डकीको

जीवनयात्रालाई अत्यन्तै छोटो उमेर भएको मानिसले रोक्न खोज्नु अत्यन्तै दुःखद कुरा हो । कालीगण्डकीले मानवलाई सदैव माया र साथ दिएको छ । मानवका पुर्खाहरूको मृत्युमा पीडा अनुभव गर्दै बिदाइ गरेको छ । जति दुःख दिए पनि अहिलेका पुस्ताको मृत्युमा पनि नदीले पीडाबोध गर्ने छ । नदीलाई मानिसका भविष्यका पुस्तासँग पनि सुखदुःखको सहयात्री बन्ने इच्छा रहेको छ । यसरी कालीगण्डकी मानिसको सदैव भलो चाहने प्रकृतिको प्रतिनिधि रहेको छ । मानिसले भने प्रकृतिको गरिमा र जीवनको यथार्थलाई नबुझ्रेर सनातन परम्परामाथि नै प्रहार गरिरहेको छ । यस सम्बन्धले मानवलाई दोषी ठहर गरेको छ । कविताहरूले मानवलाई आफ्नो अधिकार र कर्तव्य नभुल्न आग्रह गरेका छन् । कालीगण्डकीले कालान्तरदेखि मानवसेवा गर्दै आइरहेको छ भने मानवले पनि कालीगण्डकीको संरक्षकको भूमिका निर्वाह गर्नुपर्छ भन्ने भाव अभिव्यक्त भएको देखिन्छ ।

यस अभियानका अधिकांश कवितामा मानवीय क्रियाकलाप र प्रकृतिका बिचको सम्बन्धलाई चित्रण गरिएको छ । कालीगण्डकी संरक्षणको मूल मर्ममा सम्बन्धित कविताहरूले कालीगण्डकी र मानवको सम्बन्धलाई आमा र सन्तानको, साथी र साथीको तथा संरक्षक र संरक्षितको स्वरूपमा प्रस्तुत गरेका छन् । कालीगण्डकीले आदिमानवदेखि वर्तमान मानवसम्म सबैका दुःखसुखमा साथ दिएको छ । जीवनयापन, संस्कृति र सभ्यता निर्माणका लागि आधार प्रदान गरेको छ । विगतमा मानवले प्रकृतिको दोहन गरेका थिएनन् भने वर्तमान पुस्ता नदीमाथि आक्रामक बनिरहेको छ । यस अभियानका कविताहरूले वर्तमान मानवको अतिउपभोक्तावादी सोचको विरोध गरेका छन् । मानवका अत्याचारपूर्ण क्रियाकलापको विरोध गरेका छन् र मानवलाई विश्वप्रकृतिको काखमा आनन्दित भएर बाँच्न आग्रह गरेका छन् ।

## ४.३.२ मानव संस्कृति र प्रकृतिको सम्बन्ध

'नदी सप्तक'शृङ्खलाका कविताहरूले मानव संस्कृति र प्रकृतिको अन्तरसम्बन्धका माध्यमबाट पर्यावरणीय चेतना प्रस्तुत गरेका छन् । धेरै समयदेखि देशकाल सापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै पनि राष्ट्र,समाज, जाति आदिको स्वरूप खुटिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधनलाई संस्कृति भनिन्छ ( प्रज्ञा नेपाली बृहत् शब्दकोश, २०४०, पृ. १२११) । पर्यावरणीय समालोचनाका अनुसार कुनै निश्चित पर्यावरणमा बस्ने मानिसहरूको संस्कृति प्रकृतिसँग अन्तरसम्बन्धित रहेको हुन्छ । कालीगण्डकी लामो इतिहास र व्यापक मात्रामा जलराशि बोकेर बगिरहेको नदी हो । यस

नदीका तीरहरूमा विभिन्न तीर्थस्थलहरू रहेका छन् । कालीगण्डकी शालिग्राम पाइने विश्वको एक मात्रै नदी हो । शालिग्रामलाई हिन्दु धर्ममा भगवान विष्णुको स्वरूप मानिन्छ ।'नदी सप्तक'शृङ्खलाका कविताहरूले कालीगण्डकी क्षेत्रको संस्कृति र सभ्यता कालीगण्डकीसँग कसरी सम्बन्धित छ भन्ने विषय प्रस्तुत गरेका छन् । यस अभियानका कविताहरूले कालीगण्डकीको संरक्षण गर्न नसकेमा यो क्षेत्रको मानव संस्कृति र सभ्यता नै सङ्कटमा पर्ने धारणा गम्भीरतापूर्वक उठाएका छन् ।

लामो समयसम्म मानव र प्रकृतिले सहकार्य गरिसकेपछि विशिष्ट जीवनशैलीको निर्माण हुन्छ । पर्यावरणीय सहजताका आधारमा विभिन्न आस्था तथा विश्वासहरू निर्माण हुन्छन् । प्रकृतिकै विभिन्न अङ्गहरूलाई जोडेर मिथक, लोककथा, लोकगीत, लोकमान्यता आदि निर्माण हुन्छन् । मानिसहरूले जीवनका महत्त्वपूर्ण क्षणमा पर्यावरणसँग सम्बन्धित कर्मकाण्ड /क्रियाकलाप/ नियमहरूको निर्माण गर्दछन् । नेपाली समाजका देवीदेउराली पुज्ने, वरपिपलको चौतारी बनाउने, तुलसी र शालिग्रामको विवाह गरिदिने, सङ्क्रान्ति नुहाउने, हरेक धार्मिक कार्यमा गङ्गाजल प्रयोग गर्नेजस्ता हजारौँ चलनहरू हाम्रो पर्यावरणकै सापेक्षमा निर्माण भएका हुन् ।

कालीगण्डकी नदीले यो क्षेत्रका मानिसहरूलाई कालान्तरदेखि सहयोग गर्दै आइरहेको छ । त्यसैले यहाँको संस्कृति र परम्परामा पनि कालीगण्डकीको अपरिहार्य उपस्थिति देखिएको छ । यो मानव संस्कृति र कालीगण्डकीबिचको गहिरो सम्बन्ध हो । विशेषतः हिन्दु संस्कृतिअनुसार भर्खर जन्मेको बच्चाको जन्मसंस्कार गर्दा गङ्गाजलको आवश्यक पर्छ भने कसैको मृत्युपछि दाहसंस्कार पनि कालीगण्डकीकै तटमा हुने गर्दछ । यसरी कालीगण्डकी नदी यहाँको संस्कृतिबाट छुट्याउनै नसकिने अङ्ग बनेको छ । यो गहिरो सम्बन्धमा टकराब आएको खण्डमा यहाँको संस्कृति र सभ्यतासमेत छिन्नभिन्न हुने छ । यस अभियानका कविताहरूले कालीगण्डकी र त्यस क्षेत्रको मानव संस्कृतिको सम्बन्धलाई जीवन्त राख्न आग्रह गरेका छन् ।

हिन्दु संस्कार र सभ्यताका विभिन्न मिथकहरू कालीगण्डकीसँगै जोडिएका छन् । पुराना पौराणिक ग्रन्थमा पनि मानव र कालीगण्डकीबिच गहिरो सम्बन्ध थियो भन्ने प्रशस्त उदाहरणहरू पाइन्छन् । यस अभियानका कविताहरूले कालीगण्डकी पानी मात्र नभएर हिन्दु सभ्यताको महत्त्वपूर्ण अङ्ग भएको भाव प्रकट गरेका छन् । उदाहरणका लागि माधवप्रसाद घिमिरेको 'कालीगण्डकी' शीर्षकको कविताबाट एउटा अंश साभार गरिएको छ :

यै कोल्टामा जडभरतले हो तपस्या गरेको  
पानी भर्दा सुरयुवतीको स्वर्णपुष्पी झरेको ।

छोए जस्तै अभय भगवान् विष्णुका पाइलाले

बाँधेका छन् अमरपुरका शिल्प मेरा शिलाले । (परिशिष्ट - १)

यस कवितांशमा हिन्दु धार्मिक परम्परा र संस्कृति अनादिकालदेखि नै कालीगण्डकीसँग सम्बन्धित थियो भन्ने तथ्य उजागर गरिएको छ । जडभरतले तपस्या गरेको क्षेत्र कालीगण्डकीकै काख रहेको छ । यही नदीका तीरमा अप्सराहरूले जल भर्दा स्वर्णपुष्पी झरेका कथाहरू प्रचलित छन् । यही नदीका तटमा रहने शिला शालिग्राम भगवान् विष्णुका प्रतीकका रूपमा पुजिन्छन् । शालिग्रामको निर्माण धेरै कालसम्मको बहावपछि मात्र भएको हुन्छ । शालिग्रामभित्रको कलात्मकतालाई कविले भगवान्को चमत्कार मानेका छन् । यसरी कालीगण्डकी नदी अनादिकालदेखि हिन्दु संस्कृतिसँग अभेद्य सम्बन्धमा गाँसिएको छ । यस अभियानका कविताहरूले मानवसंस्कृतिको संरक्षणका लागि पनि गण्डकीलाई प्राकृतिक स्वरूपमा बग्न दिनुपर्ने भाव अभिव्यक्त गरेका छन् ।

हिन्दु संस्कृतिमा कालीगण्डकीको जललाई विशिष्ट महत्त्व दिइएको छ । कालीगण्डकीका घाटघाटलाई परम पवित्र मानिएको छ । कालीगण्डकीमा स्नान गरेमा पाप नाश हुने लोकविश्वास रहेको छ । कालीगण्डकी तीरमा तर्पण, श्राद्ध आदि कर्म गर्दा पितृहरूले समेत मोक्ष प्राप्त गर्ने लोकविश्वासयुक्त सांस्कृतिक अवधारणा रहेको छ । कालीगण्डकी नदीसँग गाँसिएका संवेदनशील सांस्कृतिक विषयहरूले यस कविता शृङ्खलामा स्थान प्राप्त गरेका छन् । उदाहरणका लागि रोशन परियारको 'म कालीगण्डकी हुँ' शीर्षकको कविताको अंश निम्नानुसार छ :

मुक्तिनाथमा पाप पखाल्छौ

विनासर्त बगाइदिएको छु

कागबेनीमा प्रसाद चढाउँछौ

पितृसम्म पुर्याइदिएको छु (परिशिष्ट - ४)

माथिको कवितांशमा गहन मानवीय आस्थासँग कालीगण्डकी जोडिएको देखाइएको छ । आस्था खण्डित भयो भने मानव स्वस्थ जीवन बाँच्न सक्दैन । मुक्तिनाथमा स्नान गरेर आफूलाई पवित्र अनुभव गर्न पाएन भने र कागबेनीमा तर्पण र पितृलाई प्रसाद अर्पण गरेन भने उसको हृदयले शान्ति प्राप्त गर्न सक्दैन । कवितांशमा कालीगण्डकीले पाप बगाइदिन्छु र पितृलाई प्रसाद पुर्याइदिन्छु भनेको प्रसङ्गले यहाँ कालीगण्डकीप्रति कति गहिरो आस्था छ भन्ने स्पष्ट छ

। यहाँका मानिसमा पूर्ण विश्वास भएकै कारणले कविले कालीगण्डकीका पक्षबाट त्यो उद्गार प्रस्तुत गर्न सम्भव भएको हो ।

कालीगण्डकीकै तीरमा रहेका विभिन्न तीर्थ तथा आश्रमहरूले पनि यस क्षेत्रको संस्कृति निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । कालीगण्डकीको प्राकृतिक बहाव निरन्तर नरहेमा तीर्थ, घाट तथा आश्रमहरूको अस्तित्वमा समेत सङ्कट उत्पन्न हुनेछ ।'नदी सप्तक'शृङ्खलाका कविताहरूले कालीगण्डकीका समीपमा रहेका विशिष्ट क्षेत्रहरूको परिचय दिँदै तिनको संरक्षणार्थ पनि कालीगण्डकी दोहनलाई रोक्नुपर्ने धारणा अभिव्यक्त गरेका छन् । प्रकट पङ्गेनीको 'कालीगण्डकी' शीर्षकको कविताबाट एउटा अंश उदाहरणार्थ प्रस्तुत गरिएको छ :

वैदिक कालको सूत्रधार
कालीगण्डकी पवित्र धामले
कागबेनी, गलेश्वर, मोदीवेणी,जैमिनी
रिडी, रुद्रवेणी, उत्तरवाहिनी, रामदी, देवघाट
सभ्यता, संस्कृति, जीवन र जगत्सँग आबद्ध कालीगण्डकीलाई
आफ्नै लयमा बग्न देऊ
आफ्नै वयमा रम्न देऊ । (परिशिष्ट - १०)

यस प्रतिनिधि कवितांशमा कालीगण्डकीले धार्मिक तथा सांस्कृतिक केन्द्रहरू तथा धर्म, संस्कृति र सभ्यतालाई जोडेर राखेको भाव अभिव्यक्त गरिएको छ । मुक्तिनाथदेखि कागबेनी, गलेश्वरधाम, मोदीवेणी, जैमिनीघाट, रिडी क्षेत्र, रुद्रवेणी,उत्तरवाहिनी क्षेत्र, राम्दीघाट तथा देवघाटजस्ता अनेकौं संस्कृतिका संवाहक स्थलहरू कालीगण्डकीकै सूत्रमा बेरिएका छन् । कालीगण्डकीले यो सभ्यतालाई हिमालयदेखि महासागरसम्म जोडेको छ । समग्र हिन्दु संस्कृतिकै आधार कालीगण्डकीसँग सम्बन्धित रहेको स्पष्ट देखिन्छ । कालीगण्डकी डाइभर्सनका नाममा नदीको मार्ग परिवर्तन गर्ने योजना, नदीजन्य पदार्थको अनियन्त्रित दोहन, कालीगण्डकीलाई प्रदूषित बनाउने योजनाजस्ता विभिन्न क्रियाकलापहरूले कालीगण्डकीको सांस्कृतिक मूल्यलाई क्षीण बनाउँछन् । नदीका तीरमा रहेकै कारण ठुलो सभ्यता विकास गरेका धामहरू अलपत्र पर्छन् र अन्ततः मानवद्वारा मानवका लागि विकसित सभ्यता, संस्कृति र जीवनपद्धति नै खण्डित हुन्छ । यसरी यस अभियानका कविताहरूले कालीगण्डकीको मार्ग परिवर्तन गर्न नहुने तथा कालीगण्डकीको दोहन रोक्नुपर्ने भाव अभिव्यक्त गरेका छन् ।

कालीगण्डकी नदीमा रहेका शालिग्रामसँग पनि हिन्दु संस्कृतिले गहिरो सम्बन्ध गाँसेको छ । शिलालाई ढुङ्गा मात्र होइन भगवानको स्वरूप मानेर पूजन गर्ने गहिरो आस्था रहेको छ । उदाहरणका लागि गोविन्द गोपाल खतिवडाको 'मोक्षको द्वार उघारिदिन्छु' शीर्षकको कविताको एउटा अंश प्रस्तुत गरिएको छ :

बिर्सेर लक्ष्मी र समुद्रलाई

म भित्र खेल्छन् भगवान आई ।

पाषाणको सुन्दर खोल ओढी

बस्छन् मलाई कहिल्यै नछोडी ।। (परिशिष्ट - ३१)

यस कवितांशमा भगवान विष्णुले प्राणप्रिया लक्ष्मी र उनको बासस्थान समुद्रलाई छोडेर कालीगण्डकीमा आएर शालिग्रामका रूपमा निवास गर्ने भावनात्मक आस्था प्रकट गरिएको छ । कालीगण्डकीको जल र शालिग्रामको सङ्गमले मानवलाई मोक्ष प्रदान गर्ने लोकविश्वास समेत प्रकट गरिएको छ । आँखाले देख्न नसकिने ईश्वरलाई शिलाको रूप लिएको धारणा हिन्दु संस्कृतिमा पाइन्छ । भगवानका स्वरूप शालिग्रामको दोहन हुनु संस्कृति र आस्थामाथिको अपराध हो । यस अभियानका कविताहरूले पनि यो जनविश्वासमाथि प्रहार नगर्न आग्रह गरेका छन् ।

शालिग्रामहरूलाई अत्यधिक मात्रामा नदीबाट उठाउनाले पनि भविष्यमा समस्या उत्पन्न हुन सक्छ । कालीगण्डकीका तीरका शालिग्राम अहिले घरघरमा तथा देशविदेशमा समेत पुग्न थालेका छन् । यसरी शालिग्राम निकालिनु पनि कालान्तरमा संस्कृति खण्डनको कारण बन्न सक्छ । यस शृङ्खलाका केही कवितामा यस्ता भावले पनि स्थान पाएका छन् । लक्ष्मण थापाको 'कालीगण्डकी' शीर्षकको कविताबाट एउटा अंश उल्लेखनीय छ :

अनन्त बैंस बोकेका

अनन्त भोगेच्छा बोकेका

शालिग्रामहरू तुलसीसँग विवाह गर्छन्

तर सन्तानोत्पादन गर्दैनन्

त्यसैले शालिग्रामहरू

सङ्कटमोचन गर्दागर्दै सङ्कटापन्न छन् । (परिशिष्ट - ७)

कवितांशमा हरिबोधनी एकादशीमा तुलसीको विवाह गर्ने नेपाली संस्कृतिको एउटा झाँकी प्रस्तुत गरिएको छ । धार्मिक भावनाले भए पनि नदीबाट शालिग्राम निकाल्ने क्रम

निरन्तर चलिरहेको छ । शालिग्रामले सृष्टिको अन्त्यसम्म आफ्नो उमेर जोगाउनुपर्ने छ तर मानवले नदीबाट निकाल्ने क्रम नरोकिने हो भने कालीगण्डकीबाट शालिग्राम लोप हुन पनि सक्छन् । यस कवितांशमा शालिग्राम विवाह गर्छन् तर सन्तान जन्माउँदैनन् भनेर शालिग्रामको सङ्ख्या बढ्दै नजाने तथ्यतर्फ सङ्केत गरिएको छ । मानवीय संस्कृतिका अङ्ग बनेका शालिग्रामको अत्यधिक दोहन भएमा शालिग्रामकै लोप भएर पर्यावरणीय र सांस्कृतिक क्षति हुन सक्छ । यस अभियानका कविताहरूले शालिग्रामजस्ता संस्कृति र पर्यावरणसँग सम्बन्धित विषयको संरक्षण गर्न समेत आह्वान गरेका छन् ।

अविनाश श्रेष्ठको 'मेरी आराध्या, मेरी नदी : कालीगण्डकी', बालाकृष्ण अधिकारीको 'कालीगण्डकीको चित्कार', जनक कार्कीको 'कालीलाई दागबत्ती' लगायत अन्य कविताहरूमा पनि कालीगण्डकी र संस्कृतिको अन्तरसम्बन्धलाई प्रस्तुत गरिएको छ ।'नदी सप्तक'शृङ्खलाका कविताहरूले सभ्यताको प्रारम्भदेखि नै कालीगण्डकी र मानव संस्कृति सम्बन्धित रहेको भाव प्रकट गरेका छन् । पौराणिक मिथक तथा लोक विश्वासका आधारमा कालीगण्डकी र मानवको सांस्कृतिक सम्बन्धलाई प्रमाणित गरेका छन् । कालीगण्डकीका तीरमा रहेका विभिन्न धाम, तीर्थ तथा घाटहरूले सांस्कृतिक साइनो गाँसेको र मानव संस्कृतिलाई उत्तरोत्तर अघि बढाएको भाव प्रकट गरेका छन् । यी कविताहरूमा कालीगण्डकीको प्राकृतिक अस्तित्वबिना कालीगण्डकी निकटका बासिन्दाको अस्तित्व तथा समग्र हिन्दु संस्कृति खण्डित हुने भएकाले मानव संस्कृतिको संरक्षणका लागि पनि कालीगण्डकी सुरक्षित रहनुपर्ने धारणा अभिव्यक्त गरिएको छ ।

### ४.३.३ प्रकृति र मानव जीवनमा समानता

प्रकृति र मानव जीवनमा समानता देखिनुलाई पनि मानव र प्रकृतिबिचको अन्तरसम्बन्धको उदाहरण मानिन्छ । मानव र प्रकृतिबिचको समानताले मानव पनि प्रकृतिको एउटा अङ्ग हो र मानव मात्रै ब्रह्माण्डको केन्द्रमा हुँदैन भन्ने तथ्यलाई प्रमाणित गर्छ । मानिसले प्रकृतिका नदी, रुख, जीवजन्तु आदिबाट अनुकरण गरेर पनि आफ्ना विभिन्न क्रियाकलापहरू गरिरहेको हुन्छ ।मानिसका शरीरका अङ्गहरू र प्रकृतिका विभिन्न अङ्गहरूको तुलना गरिनु पनि मानिस र प्रकृतिका बिचमा समानताको सम्बन्ध छ भनेर प्रमाणित गर्नु हो । कालीगण्डकी संरक्षण अभियानको 'नदी सप्तक'शृङ्खलाका कवितामा पनि प्रकृति र मानवमा समानता रहेको र मानवले प्रकृतिलाई आफूसमान मान्नुपर्ने धारणा अभिव्यक्त भएको छ ।

प्रकृति र मानवमा समानता देखाउनका लागि विभिन्न जीवजन्तुसँग मानव जीवनको तुलना गरिएको छ । नदी संरक्षणको चेतना प्रस्तुत गर्ने क्रममा नदीका अङ्गहरूलाई मानिसका

शरीरका अङ्गहरूसँग तुलना गरिएको छ । नदीको पानी स्वरूप परिवर्तन गरी मानिसका अङ्गमा प्रवेश गरेर नसानसामा बग्दै प्रकृति र मानव एकाकार भएको भावसमेत अभिव्यक्त भएको छ ।'नदी सप्तक'शृङ्खलाका केही कवितामा सचेत तथा असचेत ढङ्गले मानव र प्रकृतिको समानतायुक्त सहसम्बन्धमय पर्यावरणीय चेतना प्रस्तुत गरिएको छ ।

'नदी सप्तक'शृङ्खलाका कविताहरूमा कालीगण्डकीले एउटा पात्र बनेर मानवका लागि सहायता दिएको भाव प्रकट भएको देखिन्छ । कालीगण्डकीका पनि मानिसका जस्तै अङ्ग भएको भाव प्रकट गर्दै नदी दोहन गर्दा शरीरबाट अङ्ग छुट्याए जस्तै पीडा हुने भाव प्रकट गरिएको

छ । नदीले आफ्ना अङ्गले मानव र अन्य जीवजन्तुको संरक्षण गरिरहेका उदाहरणहरू पनि आएका देखिन्छन् । उदाहरणका लागि शरद पोखेलको 'नदी' शीर्षकको कविताको एउटा अंश प्रस्तुत गरिएको छ:

नदी हाम्रो शिर हो हामीलाई ओतेको छ

नदी हाम्रो पैताला हो हामीलाई अडाएको छ

नदी हाम्रो नसा हो हामीलाई जीवित राखेको छ । (परिशिष्ट - ३०)

उपर्युक्त कवितांशमा नदी एउटा पात्र बनेर मानिसहरूलाई संरक्षण गरिरहेको भाव प्रकट गरिएको छ । नदीले शिर बनेर मानिसहरूलाई ओतेर राखेको छ । विभिन्न प्रकारका महामारी, भोक र तिर्खाबाट बचाएको छ । नदीकै कारण मानिस निश्चित क्षेत्रमा व्यवस्थित भएर बाँच्न पाएका छन् । नदीले पैताला बनेर मानव समुदायको संरक्षण गरिरहेको छ । नसामा रगत बग्नु जति महत्त्वपूर्ण छ त्यति नै पर्यावरणमा नदी बग्नु पनि महत्त्वपूर्ण रहेको छ । नदीले नै स्वरूप परिवर्तन गरेर शक्ति र रगत बनेर मानवका शरीरमा ऊर्जा प्रवाह गरेको छ । यस कवितांशले नदी मानिसमा नै एकाकार भएको तथा एउटा पात्र बनेर मानवको संरक्षण गरेको भाव प्रकट गरेको छ । यस दृष्टान्तले मानव र प्रकृतिको समानतामूलक सम्बन्धलाई उजागर गरेको छ ।

यस शृङ्खलाका कविताहरूमा प्रकृतिमा पनि मानवमा जस्तै भावनाहरू हुने भाव प्रकट गरिएको छ । जसरी मानवमा भोक, शोक, क्रोध, माया, प्रेमजस्ता भावहरू हुन्छन् त्यस्तै भावहरू प्रकृतिमा पनि हुन्छन् । कालीगण्डकी बचाऔँ अभियानका कविताहरूमा पनि कालीगण्डकी तथा समग्र प्रकृतिमा भावनात्मक क्रिया तथा प्रतिक्रिया जनाउने क्षमता भएको भाव प्रकट गरिएको छ । उदाहरणका लागि नेत्र एटमको 'प्रिय काली' शीर्षकको कविताबाट एउटा अंश प्रस्तुत गरिएको छ :

कति खोले उम्लेको छ

तिम्रै चुच्चे चम्कामा

कति क्रोध सनसनाएको छ

तिम्रै काला आँखामा

कति अर्थहरू छापिएका छन्

तिम्रै श्यामशिलाका गर्भमा

सबै सबैलाई हुर्काएर जलाधारको पाठेघरमा

सबै सबैलाई गतिशील बनाएर

बतासको गोरेटोमा

जीवन्त रगत झैँ बगिरहेछ्यौ हामीभित्र

सास लिइरहेछौँ हामी तिम्रै सुवास । (परिशिष्ट -१५)

प्रस्तुत प्रतिनिधि कवितांशमा कालीगण्डकी र मानवमा समानता रहेको तथा कालीगण्डकी मानवमै पनि एकाकार भएको भाव अभिव्यक्त भएको छ । अनेकौँ घरको भोक मेट्न कालीगण्डकी खोले बनेर आएको छ । कालीगण्डकीलाई एउटी नारीका रूपमा चित्रण गर्दै कालीगण्डकीमा गर्भाशय रहेको र उक्त गर्भाशयमा अनेकौँ प्राणीहरूको प्राण हुर्किरहेको धारणा व्यक्त गरिएको छ । कालीगण्डकी भित्रका श्यामशिलाहरूमा अनेकौँ अर्थ मानव हृदयमा जसरी नै छापिएको कल्पना गरिएको छ । कालीगण्डकीले आमाजस्तै बनेर सबैलाई हुर्काइरहेको छ । जीवन्त रगत बनेर हरेक प्राणीका शरीरमा बगिरहेको छ भने फेर्ने स्वासमा पनि कालीगण्डकीको अंश आएको छ । यसरी मानवको सेवा गर्दा पनि मानवले नै आक्रमण गर्दा कालीगण्डकीमा पनि क्रोधजस्ता भावनाहरू उत्पन्न भएकन छन् । नदी क्रोधित र दुःखी भएको देखाउनु पनि समानताको चित्रण गर्नु हो । यस अभियानका कविताहरूले नदीमा चेतना भएको अस्तित्वका रूपमा चित्रण गरेका छन् जसले प्रकृति र मानवमा रहेको समानतामूलक सहसम्बन्धलाई पुष्टि गरेको छ ।

'नदी सप्तक'शृङ्खलाका कविताहरूले नदीको यात्रा र मानवको जीवन यात्रालाई पनि समानतापूर्वक प्रस्तुत गरेका छन् । नदीको अस्तित्व रहँदासम्म मात्र मानवको अस्तित्व रहने सन्दर्भहरू प्रस्तुत गरेका छन् । भीष्म उप्रेतीको 'नदी' शीर्षकको कविताबाट एउटा अंश विश्लेषणका लागि प्रस्तुत गरिएको छ :

नदी जिउँदो रहेपछि मात्र

जिउँदो रहन्छ सभ्यता र सम्भावना

नदी अग्लो रहेपछि मात्र

अग्लिदै जान्छ मान्छेको प्रगति र मनोकामना

नदी बाँकी रह्यो भने मात्र रहन्छ मान्छे यो धरामा । (परिशिष्ट - २२)

प्रस्तुत कवितांशमा नदी र मानव जीवनका बिचमा रहेको आश्रयमूलक सम्बन्धलाई देखाइएको छ । नदीको जीवन उत्कर्ष र अपकर्षसँग मानिसको जीवन र मानव सभ्यताको उत्कर्ष र अपकर्षलाई तुलना गरिएको छ । नदी बाँचेको खण्डमा मात्रै गण्डक सभ्यताका मानिसहरूको सभ्यता बाँच्ने समानतामूलक धारणा प्रस्तुत गरिएको छ । नदी जीवित रहुन्जेल मात्र मानव जीवनमा सम्भावनाहरू जीवित रहने भाव अभिव्यक्त भएको छ । नदी अग्लो हुनु अथवा नदीको महिमा बढ्नुसँग मानिसको प्रगति हुनु र मनोकामना पूर्ण हुनुसँग सादृश्य देखाइएको छ । मान्छे तबसम्म मात्र संसारमा रहने छ जबसम्म नदीहरू बाँकी रहने छन् भनेर मानव र नदीको अस्तित्वको यात्रालाई पनि समानतामूलक भावका साथमा प्रस्तुत गरिएको छ । यस अंशमा मानव प्रकृतिमा आश्रित रहेको छ तथापि दुवैको जीवन यात्रामा समानता देखाइएको छ ।

'नदी सप्तक'शृङ्खलाका कविताहरूमा मानिसले आफ्नो जीवनका भावनात्मक क्षणहरू प्रकृतिसँग साटासाट गरेका प्रसङ्गहरूसमेत प्रस्तुत गरिएको छ । मानिसले कालीगण्डकीलाई आमा तथा साथीका रूपमा व्यवहार गरेको देखिन्छ । प्रकृतिका सदस्यहरूलाई मानिसले आफूजस्तै ठानेर भावना अभिव्यक्त गर्नु पनि प्रकृति र मानवबिचको समानता हो । यस्तै भाव बोकेको मनिषा गौचनको 'हे काली' शीर्षकको कविताबाट एउटा अंश उदाहरणार्थ प्रस्तुत गरिएको छ :

म एक यात्री तिम्रै किनारामा हुर्किएकी

मैले तिमीसँगै जिन्दगीको गीत गाएकी छु

तिमीले कोरेका चट्टानहरूमा

आफ्नो कथा पनि मिसाएकी छु

र पटक पटक मनको भारी तिम्रा छहालहरूमा

बिसाएकी छु । (परिशिष्ट - २४)

प्रस्तुत प्रतिनिधि कवितांशमा मानवले प्रकृतिलाई भावनात्मक मित्रका रूपमा ग्रहण गरेको विषयलाई प्रस्तुत गरिएको छ । मानिसले आफ्नो जीवनका सुखदुःखमा प्रकृतिका काखमा बसेर प्रतिक्रिया दिएको हुन्छ । मानिसका वालापनका विभिन्न अनुभवहरू प्रकृतिसँगै गाँसिएका

हुन्छन् । यस कवितांशले कालीगण्डकीले कोरेका चट्टानहरूमा कविले पनि जीवनका कथाहरू मिसाएको भाव प्रस्तुत गरेको छ । मानिसले कसैसँग सुनाउन र देखाउन नसकेका भावना पनि प्रकृतिसामु प्रकट गरेका हुन्छन् । यस कवितांशमा पनि मनका भारीहरू कालीगण्डकीका छालहरूलाई सुनाएको भाव अभिव्यक्त भएको छ । प्रकृतिले जेजस्तो क्रियाकलाप गरिरहेको हुन्छ त्यसमै मानव एकीकृत भएर व्यवहार गर्नु पनि पर्यावरण र मानवको समानताको  दृष्टान्त हो ।

यस अभियानका अधिकांशकविताहरूमा मानव र प्रकृतिको समानतामूलक सम्बन्धलाई प्रस्तुत गरिएको छ । यस अभियानका कवितामा मानव जीवन र प्रकृतिका अन्य अङ्गका बिचमा सादृश्य देखाइएको छ । मानवले प्रकृतिलाई भावनात्मक नाता दिएर भावना आदानप्रदान गरेको देखाइएको छ । मानव जीवनमा कालीगण्डकी विभिन्न माध्यमबाट घुलमिल भएर एकाकार भएको भाव पनि प्रकट गरिएको छ । नदीको अस्तित्व र मानव अस्तित्व पनि अन्तरसम्बन्धित रहेको विचार अभिव्यक्त भएको छ । नदीमा पनि आत्मा हुन्छ र नदीले पनि मानवले जस्तै भावनात्मक क्रिया र प्रतिक्रिया देखाउँछ भन्ने भावका माध्यमबाट मानव र प्रकृतिका बिचमा समता देखाइएको छ । समग्रमा 'नदी सप्तक'शृङ्खलाका कविताहरू मानव र प्रकृतिको समानतामूलक सम्बन्धलाई प्रस्तुत गर्न सफल देखिन्छन् ।

'नदी सप्तक'शृङ्खलाका कविताहरूले आफ्नो कर्तव्य भुल्दै गएको मानवलाई सत्मार्गमा ल्याउनका लागि प्रकृति र मानवको समानता र सहअस्तित्वका विभिन्न दृष्टान्तहरू प्रस्तुत गरेका छन् । मानव र प्रकृति कसरी एकअर्कामा अन्तरसम्बन्धित छन् भन्ने विषयलाई प्रकाश पारेका

छन् । मानव र प्रकृतिको सम्बन्ध केही क्षणको मात्र नभएर सनातनदेखि चलिआएको धारणा व्यक्त गरेका छन् । भविष्यको पुस्ताका लागि पनि कालीगण्डकी आवश्यक पर्ने विचार व्यक्त गरेका

छन् । प्रकृतिले आमा बनेर मानवका सम्पूर्ण आवश्यकता पूरा गरेको अवस्थामा मानवले कृतघ्न बनेर प्रकृतिमाथि आक्रमण गरिरहेको विषयलाई उठाएका छन् । कविताहरूले वर्तमान मानवीय प्रवृत्तिको विरोध गरेर पर्यावरणमैत्री बन्न आग्रह गरेका छन् । गण्डकी क्षेत्रका मानिसहरू तथा हिन्दु धर्म संस्कृति पालना गर्ने मानिसहरूको संस्कृति पनि कालीगण्डकीबिना अपूर्ण हुने भाव अभिव्यक्त गरेका छन् । सांस्कृतिक मूल्य मान्यताका आधारमा मानवले नदीलाई सम्मान दिएको र नदीले मानवलाई उन्नत सभ्यता दिएको विषयलाई पनि प्रस्तुत गरिएको छ । कालीगण्डकीको अभावमा गण्डक सभ्यता, हिन्दु संस्कृति र यसका धरोहरहरू अलपत्र रहने भएकाले कालीगण्डकीलाई प्राकृतिक स्वरूपमै छोडिदिन आग्रह गरिएको छ । मानिसले यो प्रकृतिसँगको

नैसर्गिक सम्बन्धलाई जोगाउन नसके भयावह हुन सक्ने धारणा व्यक्त गरेका छन् । संस्कृति र सभ्यताको रक्षाका लागि पनि संस्कृतिसँग सम्बन्धित कालीगण्डकीको रक्षा गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । प्रकृति र मानवको समानतामूलक सम्बन्धको चित्रण गर्दै पर्यावरण-मानव सम्बन्धलाई जोगाउन आह्वान गरेका छन् । यस शृङ्खलाका कविताहरू कालीगण्डकी र मानिसको अन्तरसम्बन्ध, उक्त सम्बन्धमा देखिएका समस्याहरू र ती समस्याहरूको समाधानका लागि प्रस्तुत गरेका विचारका आधारमा पर्यावरणीय चेतनायुक्त देखिएका छन् ।

### ४.४ निष्कर्ष

कालीगण्डकी बचाऔँ अभियान अन्तर्गतको 'नदी सप्तक'शृङ्खलाका कविताहरूले आधुनिक पर्यावरणीय चेतना प्रस्तुत गरेका छन् । यस शृङ्खलाका सम्पूर्ण कविताहरू कालीगण्डकी र प्रकृतिमा आधारित छन् । पर्यावरणीय विषय पनि सहायक तत्त्वका रूपमा नभएर केन्द्रीय तत्त्वका रूपमा आएको देखिन्छ । कालीगण्डकी नदी पर्यावरणको एउटा महत्त्वपूर्ण प्रतिनिधि अङ्ग हो । उक्त कालीगण्डकी नदीकै केन्द्रीयतामा कविताहरू रचना गरिएका छन् । कविताहरूमा प्रस्तुत गरिएका भाव तथा विचारहरूले पर्यावरणीय समालोचनाका मूलभूत मान्यताहरूलाई अङ्गीकार गरेको देखिन्छ ।

यस शृङ्खलाका कविताहरूमा प्रकृतिकेन्द्रीयताको अभिव्यक्ति पाइन्छ । कविताका केन्द्रीय कथ्य, भाव तथा उद्देश्यमा कालीगण्डकीकै अस्तित्वसँग सम्बन्धित विषयहरू रहेका छन् । कविताहरूले प्रकृतिलाई सम्पूर्ण प्राणीहरूको साझा घरका रूपमा चित्रण गर्दै कालीगण्डकीको विशिष्ट महत्त्व रहेको भाव व्यक्त गरेका छन् । प्रकृति र प्रकृतिका सम्पूर्ण सदस्यहरू मानवका अधीनमा नभएर स्वतन्त्र छन् भन्ने विचार प्रस्तुत गरिएको छ । प्रकृति सर्वशक्तिसम्पन्न सत्ता भएकाले मानवले प्रकृतिको शक्तिसँग खेलबाड गर्न नहुने सन्देश प्रवाह गरिएको देखिन्छ । यस शृङ्खलाका कविताहरूले पर्यावरणमाथि हुने मानवीय हस्तक्षेपको चित्रण तथा विरोध गरेका छन् । कालीगण्डकीमाथिको हस्तक्षेपका कारण उत्पन्न भएका र हुन सक्ने समस्याका दृष्टान्तहरू प्रस्तुत गरेका छन् । प्रकृतिमाथिको मानवीय हस्तक्षेप नरोकिए अन्ततः मानव जीवन पनिसङ्कटमा पर्ने भाव व्यक्त गरेका छन् । मानिसहरूको मानवकेन्द्रीयतावादी सोचको पर्दाफास गरी आफ्ना अहङ्कार त्यागेर विश्वप्रकृतिको एक सदस्यका रूपमा प्राकृतिक जीवन बाँच्न आग्रह गरेका छन् । मानव र प्रकृतिका अन्तरसम्बन्धका विभिन्न आयामहरू प्रस्तुत गरेका छन् । मानव सभ्यताको प्रारम्भदेखि वर्तमान समयसम्म मानव र कालीगण्डकीमा अन्तरक्रियात्मक सम्बन्ध रहेको भाव व्यक्त गरेका छन् । कालीगण्डकी नदीको अस्तित्वकै कारण गण्डकी सभ्यता र हिन्दु संस्कृति विकसित भएको विचार व्यक्त गरेका छन् । दामोदर कुण्ड,

मुक्तिनाथ, कालीगण्डकी, शालिग्राम तथा तीर्थधामहरूको अन्तरसम्बन्धलाई जोडेर प्रकृति र संस्कृति अन्तरसम्बन्धित भएको भाव व्यक्त गरेका छन् । मानवले आफ्ना सुखदुःखमा प्रकृतिको सहारा लिएको भाव पनि प्रस्तुत गरिएको छ । मानव पनि प्रकृतिकै एउटा अङ्ग हो भन्ने बोध गराउनका लागि मानव र प्रकृतिका विभिन्न अङ्गहरू एकाकार भएका विम्बहरू पनि प्रस्तुत गरिएको छ । यसरी पर्यावरणीय चेतनाका महत्त्वपूर्ण आयामहरूलाई आत्मसात् गरेकाले यस शृङ्खलाका कविताहरू पर्यावरणीय मूल्ययुक्त देखिएका छन् ।

पर्यावरणीय समालोचनाका दृष्टिमा यस अभियानका कविताहरूमा विभिन्न शक्ति र सीमाहरू देखिएका छन् । पर्यावरणीय चेतनाका मूलभूत मान्यताहरूका आधारमा कालीगण्डकीको पर्यावरणीय महत्त्वलाई प्रस्तुत गरी संरक्षणको आवाज उठाउनु कविताहरूको मुख्य शक्ति हो । पर्यावरणीय विषय प्रस्तुतिमा कलामूल्यको कमी देखिनु, विषयको पुनरुक्ति हुनु र पर्यावरणीय समस्याको समाधानतर्फ ध्यान कम पुग्नुजस्ता सीमाहरू पनि रहेका छन् । पर्यावरणीय चेतनाका विभिन्न मान्यताहरूको वरण गरेका यी कविताहरूमा मूलतः प्रकृतिकेन्द्रीयताको अभिव्यक्ति, प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोध र पर्यावरण र मानिसको अन्तरसम्बन्धको प्रस्तुतिका कारण संरक्षणमुखी पर्यावरणीय चेतना  प्रस्तुत भएको छ ।

# परिच्छेद : पाँच

# सारांश र निष्कर्ष

यस परिच्छेदमा शोधकार्यको सारांश र निष्कर्षलाई क्रमश : प्रस्तुत गरिएको छ। सारांश खण्डमा शोधकार्यका सम्पूर्ण परिच्छेदबाट प्राप्त निष्कर्षको सार प्रस्तुत गरिएको छ । निष्कर्ष खण्डमा शोधकार्यबाट पत्ता लागेका शोध समस्यासँग सम्बन्धित निष्कर्षहरूलाई समावेश गरिएको छ। शोधकार्यको सारांशलाई विभिन्न अनुच्छेदमा विभक्त गरेर प्रस्तुत गरिएको छ भने निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

## ५.१ सारांश

पाँच परिच्छेदमा विभाजित यस शोधको पहिलो परिच्छेदमा शोधको परिचय प्रस्तुत गरिएको छ । शोधपरिचयअन्तर्गत विषय परिचय,शोधशीर्षक, समस्या कथन, उद्देश्य कथन, पूर्वकार्यको समीक्षा, शोधकार्यको क्षेत्र, शोधकार्यका सीमा, शोधकार्यको औचित्य, शोधविधि र शोधकार्यको रूपरेखालाई समावेश गरिएको छ । यस शोधको शीर्षक 'नदी सप्तकशृङ्खलाका कवितामा पर्यावरणीय चेतना' राखिएको छ । विषय परिचयअन्तर्गत प्रस्तुत शोधकार्यलाई चिनाउने प्रयास गरिएको छ । शोधकार्यको समस्या कथनमा पर्यावरणीय चेतनामा आधारित शोधप्रश्नहरूलाई समावेश गरिएको छ। ती प्रश्नहरू विषयको केन्द्रीयता, प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोधको कारण तथा प्रकृति र मानवको अन्तरसम्बन्धमा आधारित रहेका छन् । उद्देश्य कथनमा शोध समस्याका शोध प्रश्नहरूमा आधारित भएर उद्देश्य निर्धारण गरिएको छ । पूर्वकार्यको समीक्षाअन्तर्गत 'नदी सप्तक'शृङ्खलाका कविताहरू र पर्यावरणीय समालोचनासँग सम्बन्धित पूर्व अध्ययनहरूलाई समावेश गरिएको छ । पूर्वकार्यको समीक्षामा उक्त अध्ययनहरूका शक्ति, सीमा र महत्त्वलाई समावेश गरिएको छ। पूर्वकार्यको समीक्षाबाट 'नदी सप्तक'शृङ्खलाका कविताहरूको यथोचित अध्ययन नभएको निष्कर्ष निकालिएको छ । पर्यासमालोचनासम्बन्धी सामग्रीलाई सहायक सामग्रीका रूपमा उपयोग गरिएको जानकारी दिइएको छ । शोधकार्यको क्षेत्रअन्तर्गत 'नदी सप्तक'शृङ्खलाका पर्यावरणीय चेतना र काव्यमूल्यका आधारमा छानिएका बत्तीस कविताहरूलाई समावेश गरिएको छ । कालीगण्डकीसँग सम्बन्धित अन्य कृतिहरू, छनोटमा नपरेका कविताहरूको अध्ययन तथा चयन नगरिएका मान्यतामा आधारित विश्लेषणलाई शोधकार्यको सीमाका रूपमा राखिएको छ । शोधकार्यको औचित्यअन्तर्गत कालीगण्डकीको पर्यावरणीय महत्त्व र 'नदी सप्तक'शृङ्खलाका कविताको अध्ययनमा रहेको रिक्ततालाई प्रस्तुत गरिएको छ । शोधविधिअन्तर्गत सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि, विश्लेषणका सैद्धान्तिक मान्यताहरू तथा विश्लेषण

विधिका लागि पर्यावरणीय समालोचनाका सैद्धान्तिक मान्यताहरूलाई उल्लेख गरिएको छ । शोधपत्रको रूपरेखाअन्तर्गत प्रस्तुत शोधपत्रको संरचना प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक परिचयलाई प्रस्तुत गरिएको छ । पर्यावरणीय समालोचनाको पृष्ठभूमि, आरम्भ र विकासलाई सङ्क्षेपमा चर्चा गरिएको छ । पर्यावरणीय चेतनाको सैद्धान्तिक मूल मर्मलाई प्रस्तुत गरिएको छ । पर्यावरणीय समालोचना भनेको मुख्यत : साहित्यिक कृति र भौतिक वातावरणबिचको अन्तरसम्बन्धको अध्ययन गर्ने पर्यावरणकेन्द्री सिद्धान्त हो । यसका गहन पर्यावरण, स्वच्छन्दतावादी पर्यावरण, नारीवादी पर्यावरण, उत्तरऔपनिवेशिक पर्यावरण, मार्क्सवादी पर्यावरणजस्ता शाखाहरू हुन्छन् । यहाँ तिनको परिचय दिइएको छ । यसै खण्डमा पर्यावरणीय समालोचनाका कृति विश्लेषणका प्रमुख आधारहरू प्रस्तुत गरिएको छ । उक्त आधारहरू जैविक विविधता, पर्यावरण र मानिसको सहसम्बन्ध, पारिस्थितिक प्रणाली, प्रकृतिको केन्द्रीय महत्त्व, प्रकृतिको सार्वभौमपन, प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोध, विज्ञानको दुरुपयोगको विरोध, अहिंसाको पक्षधरता, प्रकृति र संस्कृतिको अन्तरसम्बन्ध, ग्राम्यता र अप्रदूषित परिवेश, पर्यावरणीय सङ्कट, विषाक्त सङ्कथनजस्ता मान्यताहरूसँग सम्बन्धित रहेका छन् । समग्रमा यस परिच्छेदमा पर्यावरणीय चेतना र समालोचनाको परिचय यसका शाखाहरूको परिचय र विश्लेषणका पर्याधारहरूलाई चिनाउने प्रयास गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा नेपाली काव्यमा पर्यावरणीय चेतनाको सर्वेक्षण गरिएको छ । उक्त अध्ययनका लागि प्रतिनिधि कविताहरूको पठन तथा पर्यावरणीय समालोचकहरूद्वारा समालोचना गरिएका कविताहरूको विशेष पठनबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ । पर्यावरणीय कविताको पृष्ठभूमिका रूपमा पूर्वआधुनिक कालखण्डलाई समावेश गरिएको छ । लेखनाथ पौड्यालको 'ऋतुविचार' खण्डकाव्य तथा 'पिँजराको सुँगा' कविता प्रकाशनपछि वर्तमानसम्मको समयलाई एउटै खण्डमा राखेर अध्ययन गरिएको छ । उक्त खण्डमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रयोगवादी र समसामयिक धाराका कविताहरूमा आएका पर्यावरणीय कविताहरूको सामान्य रेखाङ्कन गरिएको छ । नेपाली पर्यावरणीय कविता लेखनको परम्परामा लोकसाहित्य र प्राथमिककालीन कविताको पृष्ठभूमिबाट अघि बढेको तथा आधुनिक कालका विभिन्न वादसँग सहकार्य गर्दै वर्तमान समयमा सैद्धान्तिक र कलामूल्ययुक्त रचना पनि प्रारम्भ भएको निष्कर्ष निकालिएको छ । परम्पराका सापेक्षतामा 'नदी सप्तक' कविता शृङ्खला पनि पर्यावरणीय चेतनाको प्रतिपादनका दृष्टिले उल्लेखनीय देखिएको छ ।

प्रस्तुत शोधकार्यको चौँथो परिच्छेदमा 'नदी सप्तक'शृङ्खलाका कवितामा प्रस्तुत भएको पर्यावरणीय चेतनालाई विश्लेषण गरिएको छ । यस खण्डलाई मुख्य तीनओटा शीर्षक र तिनका पनि विभिन्न उपशीर्षकमा विभाजन गरेर कविताहरूको विश्लेषण गरिएको छ ।यी सबै शोध समस्यासँग सम्बन्धित छन् । पहिलो शीर्षक (४.१) मा'नदी सप्तक'शृङ्खलाका कवितामा प्रस्तुत भएको केन्द्रीयअभिव्यक्तिलाई विश्लेषण गरिएको छ । कालीगण्डकी बचाऔँ अभियान नदीको संरक्षणमा समर्पित अभियान हो । कालीगण्डकी नदी पर्यावरणको छुट्याउनै नसकिने अङ्ग हो । कविताहरू कालीगण्डकीकै केन्द्रीयतामा रचिएका हुनाले यी कवितामा प्रकृतिको केन्द्रीयताले स्थान पाएको छ । यस शृङ्खलाका कविताहरूमा प्रकृतिको केन्द्रीयतालाईप्रमाणित गर्न प्रकृतिको महिमागान (महत्त्व), प्रकृति स्वतन्त्रताको अभिव्यक्ति, प्रकृतिको शक्तिसम्पन्नताको चित्रणजस्ता उपशीर्षकमा विश्लेषण गरिएको छ । अध्ययन एवं विश्लेषणपश्चात् केन्द्रीय विषयका रूपमा प्रकृतिलाई उठाएको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधकार्यको चौँथो परिच्छेदको दोस्रो शीर्षक (४.२) मा'नदी सप्तक'शृङ्खलाका कविताहरूमा प्रस्तुत प्रकृतिमाथि मानवीय हस्तक्षेपको विरोधको विश्लेषण गरिएको छ । कालीगण्डकी नदीको दोहन, मार्ग परिवर्तनको प्रयास, पर्यावरणीय प्रदूषण आदि मानवीय क्रियाकलापहरूले कालीगण्डकीको अस्तित्व सङ्कटमा पर्न लागेको छ । कालीगण्डकीमाथि मानवीय हस्तक्षेप भएका कारण यी समस्याहरू उत्पन्न भएकाले उक्त आधारमा विश्लेषण गरिएको हो । प्रकृतिमाथिको मानवीय हस्तक्षेपको प्रतिरोधी चेतनाको विश्लेषणका लागि प्रकृतिमाथि मानवीय हस्तक्षेपको चित्रण, हस्तक्षेपका कारण उत्पन्न समस्याहरूको अभिव्यक्ति, मानव केन्द्रीयतावादको विरोधजस्ता विभिन्न उपशीर्षकमा राखेर चर्चा गरिएको छ । कविताहरूको विश्लेषणपश्चात् कविताहरूले मानव केन्द्रीयतावादी विचारलाई परास्त गर्न र पर्यावरणको संरक्षण गर्न मानवीय हस्तक्षेपको विरोध गरेको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधकार्यको चौँथो परिच्छेदको तेस्रो शीर्षक (४.३) मा 'नदी सप्तक'शृङ्खलाका कवितामा प्रयुक्त मानव र प्रकृतिको अन्तरसम्बन्धको विश्लेषण गरिएको छ । पर्यावरणीय समालोचनाले हरेक क्षेत्रका मानव र प्रकृति अन्तरसम्बन्धित हुने धारणा राखेको छ । प्रकृति र संस्कृतिका बिचमा पनि विशेष सम्बन्ध रहेको हुन्छ । मानव जीवन प्रकृतिमा आश्रयी सम्बन्धले रहेको हुन्छ भने प्रकृतिको संरक्षक हुनु पनि मानवीय नैतिक दायित्व हो । यस खण्डमा प्रकृति र मानवको अन्तरसम्बन्धलाई विश्लेषण गर्नका लागि प्रकृति र मानवीय क्रियाकलापको सम्बन्ध, प्रकृति र संस्कृतिको अन्तरसम्बन्ध तथा प्रकृति र मानवमा समानताको चित्रणजस्ता उपशीर्षकमा राखी चर्चा गरिएको छ । यस खण्डमा कालीगण्डकी र मानवको प्राकृतिक सम्बन्ध,

मानवले कालीगण्डकीलाई गरेको व्यवहार, कालीगण्डकी र गण्डक तथा हिन्दु संस्कृतिबिचको अन्तरसम्बन्ध कसरी प्रस्तुत गरिएको छ भन्ने अध्ययन गरिएको छ । कविताहरूको विश्लेषणपश्चात् कविताहरूले कालीगण्डकी र मानिसको अन्तरसम्बन्ध, प्राकृतिक सम्बन्धमा आएका समस्या, सम्बन्ध बिग्रदा देखिएका परिणामहरू र मानवले अपनाउनुपर्ने संवेदनशीलताहरूलाई प्रस्तुत गरेको निष्कर्ष निकालिएको छ । चौथो परिच्छेदको निष्कर्ष खण्डमा पर्यावरणीय चेतनाको मूल्याङ्कन गरी कलामूल्यको कमी, समाधानमुखी विचारको अभाव तथा विषयको पुनरुक्तिजस्ता सीमाहरूलाई पनि सङ्केत गरिएको छ । कविताहरूमा रहेको कालीगण्डकीको अस्तित्व र संरक्षणमूलक चेतनाका आधारमा पर्यावरणीय मूल्य भएको पुष्टि गरिएको छ ।

प्रस्तुत शोधकार्यको पाँचौं परिच्छेदमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । सारांश खण्डअन्तर्गत हरेक परिच्छेदहरूको परिच्छेदगत सारांश प्रस्तुत गरिएको छ । निष्कर्ष खण्डमा शोध समस्यासँग सम्बन्धित प्रश्नहरूको आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी प्राप्त भएको निचोडलाई प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधकार्यका शोध समस्याहरूमा केन्द्रित भएर गरिएको अनुसन्धानबाट प्राप्त भएका शोध निष्कर्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) 'नदी सप्तक'शृङ्खलाका परिशिष्टमा चयन गरिएका कविताहरूले पर्यावरणीय समालोचनाका आधारभूत मान्यताहरूलाई पालना गरेका छन् । प्रकृतिलाई काव्यसौन्दर्यवर्धक तत्त्वका रूपमा चित्रण गर्ने परम्पराका विपरीत कविताहरू कालीगण्डकीलाई नै केन्द्रीय विषय बनाएर रचना गरिएका छन् । कालीगण्डकी नदीको संरक्षणसँग सम्बन्धित भएकाले यी कवितामा संरक्षणमुखी पर्यावरणीय चेतना रहेको छ ।

ख) 'नदी सप्तक'शृङ्खलाका कविताहरूमा प्रकृतिको केन्द्रीयता देखिन्छ । कवितामा विधातात्त्विकरूपमा प्रकृतिको उपस्थिति रहेको छ । कालीगण्डकीको महत्त्व र सार्वभौमपनसहितको महिमागान गरिएको छ । कालीगण्डकीको स्वतन्त्रताको अभिव्यक्ति दिइएको छ । कालीगण्डकीलाई शक्तिसम्पन्न सत्ताका रूपमा चित्रण गरिएको छ । अत : यस शृङ्खलाका कविताहरूमा प्रकृतिकेन्द्रीयताका रूपमा पर्यावरणीय चेतना प्रस्तुत भएको छ ।

ग) 'नदी सप्तक'शृङ्खलाका कविताहरूले पर्यावरणमाथिको मानवीय हस्तक्षेपको विरोध गरेका छन् । कालीगण्डकीबाट नदीजन्य पदार्थको दोहन गर्ने तथा कालीगण्डकीको मार्ग परिवर्तन

गर्न खोज्नेजस्ता हस्तक्षेप विरुद्ध आवाज उठाएका छन् ।यस शृङ्खलाका कविताहरूमा कालीगण्डकी संरक्षणको उद्देश्य राखेर पर्यावरणमाथिको मानवीय हस्तक्षेपको विरोध गरिएको छ । कविताहरूले कालीगण्डकीमाथि भएका औद्योगिक रसायनहरूको उत्सर्जन, सहरी फोहोर उत्सर्जन, पर्यटन व्यवसायी संस्थाको अतिक्रमणजस्ता विषयमा खासै ध्यान दिएको देखिँदैन । नदीजन्य पदार्थको दोहन र मार्ग परिवर्तनका विरुद्ध भने सशक्त विचार अभिव्यक्त भएको

छ ।

घ) 'नदी सप्तक'शृङ्खलाका कविताहरूले मानवकेन्द्रीयतावादको विरोध गरेका छन् । कालीगण्डकी नदीको आफ्नै प्रवाह भएकाले मानिसलाई त्यसमाथि आक्रमण नगर्न आग्रह गरेका छन् । कालीगण्डकीको उपभोग वर्तमान मानिसले मात्र नभएर पर्यावरणका अन्य पक्ष र भावी मानवपुस्ताले पनि गर्न पाउनुपर्ने र कालीगण्डकीले पनि स्वतन्त्र अस्तित्व पाउनुपर्ने धारणा व्यक्त गरिएको छ ।

ङ) 'नदी सप्तक'शृङ्खलाका कविताहरूले मानिस र प्रकृतिको अन्तरसम्बन्धलाई प्रस्तुत गरेका छन् । मानिस पनि पर्यावरणको एउटा अङ्ग भएकाले मानिसको प्रकृतिसँग हुने प्राकृतिक सम्बन्धलाई जोगाउनुपर्ने धारणा राखेका छन् । मानिसका स्वार्थप्रेरित क्रियाकलापहरूले प्रकृति -मानव सम्बन्धमा आएका समस्या र तिनका परिणामहरूलाई प्रस्तुत गरेका छन् । कालीगण्डकीसँगको सम्बन्ध प्राकृतिक राख्न आग्रह गरिएका यी कविताहरूमा पर्यावरणीय चेतना रहे पनि पर्यावरण र मानिसको सम्बन्धलाई कसरी जोगाउन सकिन्छ भन्ने समाधानमूलक विचार र चेतनाको कमी रहेको छ ।

च) 'नदी सप्तक'शृङ्खलाका कविताहरूमा पर्यावरण र संस्कृतिको अन्तरसम्बन्धलाई पनि प्रस्तुत गरिएको छ । कालीगण्डकी, शालिग्राम तथा मुक्तिनाथलगायतका तीर्थक्षेत्रको उपस्थितिले प्रकृतिलाई संस्कृतिसँग जोडेका छन् । खानपान, रहनसहन, जीवनपद्धति पनि संस्कृतिका अङ्गहरू हुन् तर यस शृङ्खलाका कविताहरू धार्मिक भावना र लोकविश्वासगत संस्कृतिका सीमाभित्र रहेका छन् ।

छ) यस शृङ्खलाका अधिकांश कविताहरू निराशामूलक भावले भरिएका छन् । कालीगण्डकीको अस्तित्वमाथि प्रश्न चिन्ह खडा भएका बेलामा निराशा र आक्रोशका भावना आउनु स्वाभाविक हो तर सकारात्मकता र आशावादिता नआउनु कमजोरी हो । यसले कालीगण्डकी तथा प्रकृतिको सुन्दर भविष्यतर्फ ध्यान नपुगेको देखिन्छ ।

ज) यस शृङ्खलाका कविताहरूमा पुनरावृत्तिको समस्या रहेको छ । सय दिनसम्म प्रकाशन भएका कविताहरूमा समान शीर्षक, समान विषय, समान उद्देश्य, समान सन्देश , समान विम्ब, प्रतीक र अलङ्कारहरूको आवृत्ति देखिन्छ । आधुनिक मेसिनको प्रयोगद्वारा कालीगण्डकीबाट नदीजन्य पदार्थको दोहन गरिएको प्रसङ्ग नै अधिकांश कविताको विषयक्षेत्र बनेको छ ।

झ) यस शृङ्खलाका कविताहरूमा पर्यावरणीय चेतना रहे पनि अधिकांश कविताहरूमा कलामूल्यको अभाव देखिन्छ । यस शृङ्खलाका एक चौथाइ कविता मात्र कलामूल्य र पर्यावरणीय चेतना दुबै दृष्टिले महत्त्वपूर्ण रहेका छन् ।

ञ) पर्यावरणीय चेतनासँग सम्बन्धित यस कविता शृङ्खलाले पर्यावरणीय साहित्यको लेखनका विकासका पनि वातावरण प्रदान गरेको छ । यस शृङ्खलामा अग्रजदेखि अनुज पुस्ताका कविहरूका पर्यावरणीय कविताहरू समेटिएका छन् । यसकै प्रभावस्वरूप भविष्यमा अन्य नदी तथा प्राकृतिक सम्पदाको रक्षाका लागि पनि पर्यावरणीय साहित्यको रचना गर्ने परिपाटी बस्न सक्ने देखिन्छ ।

ट) परम्पराका सापेक्षतामा पनि यस शृङ्खलाका छनोटमा परेका कविताहरूमा पर्यावरणीय चेतनाको अभिव्यक्ति सशक्त बनेर आएको छ । अत : यो कविता शृङ्खला पर्यावरणीय चेतना सञ्चारका दृष्टिले महत्त्वपूर्ण बनेको छ ।

# परिशिष्ट

### १. कालीगण्डकी

- माधवप्रसाद घिमिरे

माछापुच्छ्रे गिरिशिखरको पारमा मुक्तिक्षेत्र
बल्छन् बत्ती झलमल जहाँ भुल्भुले मूलभित्र
तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिव्य धाम
काली गङ्गा! भनन कसरी कुँद्दछ्यौ शालिग्राम ।

बेँसीदेखिन् बगरबगरै हाँसले लेक पुग्ने
छाया बग्लासरि लहरमा तीरका वृक्ष झुक्ने
घुम्छन् मैरै यस हृदयमा स्रोत तिम्रा पवित्र
गङ्गाजस्तै शिखर तपसी जह्नुका कोखभित्र ।

यै कोल्टामा जडभरतले हो तपस्या गरेको
पानी भर्दा सुरयुवतिको स्वर्ण-पुष्पी झरेको
छोएजस्तै अभय भगवान् विष्णुका पाइलाले
बाँधेका छन् अमरपुरका शिल्प मेरा शिलाले ।

फोरी अग्ला शिखर यसरी दूरसम्मन् घुमेथेँ
खस्रोमस्रो पनि सरसतासाथ मैले चुमेथेँ
लेख्छौ क्यारे यति भनि तिमी चिन्ह के के शिलामा
मैलाई नै प्रकट कसरी गर्नु मैले कलामा ।

मान्छे तेरे हृदयमनि छन् गुप्त अज्ञात तन्त्री
ब्युँझन्छन् रे विविध रँगका मूर्ति तैबाट मन्त्री
सारा शोभा, सकल सुखको एउटै मूल तैं होस्
मूर्छा तेरै हृदय छ भने सृष्टिको भूल तैं होस् ।

यो मट्टीमा अकुशल कलाकारको मूर्ति रुन्छ
हाँसी हिँड्छन् पथिक, अरुको दर्द को आज सुन्छ
मेरो शिल्पी ! यस सकलमा स्वस्थ आकार देऊ
यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ ।

छाया होओस् हरित वनमा फैलिने धूप होओस्
कैलेकाहीँ यस नगरमा डोलिने रूप होओस्
रूपैलाई अमरपुरमा साँचिने सीप होओस्
साक्षी मेरो विजन कुटिमा तैलको दीप होओस् ।

मेरो सच्चा सुख छ दिनहुँ क्यै नयाँ सिर्जनामा
आफैलाई पनि सृजनको सोखमा बिर्सनामा
आफ्नै छातीमनि स्वरसको मूल भेट्दैन जस्ले
तिर्खा कैल्यै पनि हृदयको हेर मेट्दैन त्यस्ले ।

गर्दागर्दै परिश्रम जसै देह यो लस्त होला
हेर्दाहेर्दै चरम गिरिमा सूर्य जो अस्त होला
त्यै लालिकासित पलक यो ढालुला शान्तिसाथ
काली तिम्रा बगरबगरै आउँला मुक्तिनाथ ।

झुमा मेरी अमरवयसी शैलकी देवदासी
लोटेका छन् विपुल जसका पीठमा केशराशि
यै सन्ध्यामा चमरि घिउमा दिव्य बत्ती जलाई
लैजाने छन् चरम गिरिको कन्दरामा मलाई ।

बस्लान् बासा हिमशिखरका सूर्यका शेष रश्मि
छिप्लान् छायामनि दिवसका रङ्गरेखा तिलस्मी

बस्लान् खाली अचल गिरिझैँ ध्यानमा मुक्तिनाथ
बाँधी दामोदर शिखरमा शुभ्र नक्षत्र सात ।।

### २. ए कालीगण्डकी...!

-श्रवण मुकारुङ-

ए कालीगण्डकी...!
हे आमा गण्डकी...!
माकुरोको माउ भयो
तिम्रो जिन्दगी

तिम्रो अमृतधारा पिई
हुर्किएका सन्तान
तिम्रै मुटु कलेजा पो
कुटुकुटु खान्छन्
ए कालीगण्डकी...

तिम्रो नाम कैलाशदेखि
काशी गङ्गासम्म
तर तिम्रै काख रित्तो,
लुटे शालिग्राम
ए कालीगण्डकी...

तिम्रो निश्चल बगाइमा
हिमाल ऐना हेर्थ्यो
कौडा नाच्थे डाँफे मुनाल
घामले भाका फेर्थ्यो
ए कालीगण्डकी..

यता गैह्रो उता पैह्रो
च्वँ । च्वँ ! कठैबरा
कुन विरह बोकी बसाइँ
सर्यो पानीचरा
ए कालीगण्डकी....

पुर्खा थिए माहुरीझैँ
तिमी तिनकी रानी
तर तिम्रो सन्तान चै
तिम्रै मलाम जानी
ए कालीगण्डकी...

लाज, घिन, पाप, धर्म
छैन कुनै डर
आफ्नै आमा बेची मान्छे
बनाउँदैछन् घर
ए कालीगण्डकी...

### ३. नदीहरू मान्छेजस्ता हुँदैनन्

- भूपिन

नदीहरू
मान्छेले झैँ राजनीति गर्दैनन्
नदीहरू मान्छेले झैँ
कूटनीति जान्दैनन्

निर्जीव सञ्चेतनाका पर्खालहरू भत्काएर
कुरूप हातहरू उचाल्दैन् नदीहरू
हिलो छ्यापाछ्याप गर्दैनन्
पानी बाराबार गर्दैनन् ।

रङ विभाजन गर्दैनन्
नदीहरू
जात विभाजन गर्दैनन्
नदीहरूको संविधानमा सानो मूललाई पनि
सागर बन्ने उत्तिकै अधिकार हुन्छ
सानो खोलालाई पनि
सागर बन्ने उत्तिकै अधिकार हुन्छ
बिनाकुनै प्रतिबन्ध
पहाड चढ्न सक्छन नदीहरू
पहाड फाँड्न सक्छन् नदीहरू ।
नदीहरू
मन लागे सुक्न जान्दछन्
मन लागे फुक्न जान्दछन्
तर कदाचित् नदीहरू
मान्छेजस्तै झुक्न जान्दैनन्
मान्छेजस्तै दुख्न जान्दैनन् ।
नदीहरू मान्छेले झैँ
अहम्मा चोट लाग्ने भयले
सृष्टिले ठगेका गरिव र पुड्का खोलाहरू देखेर
टाढैबाट तर्किएर हिँड्दैनन्
नदीहरू मान्छेले झैँ
रङ नमिल्ने भयले
छुट्टै बाटो ताकेर हिँड्दैनन्
नदीको कालो पानी
नदीको सेतो पानीसँग मिल्न सक्छ
नदीको सेतो पानी
नदीको कालो पानीसँग मिल्न सक्छ
नदीहरू जन्मजात निग्रा हुँदैनन्
नदीहरू जन्मजात गोरा हुँदैनन्
नदीहरू आर्य मङ्गोलियन हुँदैनन्
हिन्दु, मुस्लिम हुँदैनन् नदीहरू
बुद्धिष्ट क्रिस्चियन हुँदैनन् नदीहरू ।

नदीहरू
नदीहरूजस्तै हुन्छन्
मान्छेजस्ता हुँदैनन् ।

### ४. म कालीगण्डकी हुँ

- रोशन परियार

मेरा जन्मदाताले दिएको स्वतन्त्रतामाथि
तिम्रो अवरोध, आक्रमण र अतिक्रमण सह्य छैन मलाई

मेरो पवित्रता पिएर
मेरै अनुहारभरि जुठो छर्ने अधिकार
कसले दियो तिमीलाई ?

मुक्तिनाथमा पाप पखाल्छौ, बिनासर्त बगाइदिएको छु
कागवेनीमा प्रसाद चढाउँछौ, पितृसम्म पुर्याइदिएको छु

तिम्रा कलिला छोराछोरीजस्ता
अनगिन्ती नाबालक जीवहरूको प्राण छ मभित्र
मार्न चाहन्छौ ?
तिम्रो विज्ञानको अनुसन्धानले कहिल्यै नभेट्ने
अनमोल वस्तुहरूको अस्तित्व छ मभित्र
मेट्न चाहन्छौ ?
तिम्रो आस्थाले पुज्ने ईश्वरजस्तै शालिग्रामको खानी छ मभित्र
पुर्न चाहन्छौ ?
तिम्रो भूगोलको क्यानभासमा
प्रकृतिले पोतेको सर्वोत्तम सुन्दरता हुँ म
के बिगार्यो मेरो सुन्दरताले ?
तिम्रा मिर्गौला जस्तै हुन् मेरा गिटीहरू
तिम्रो फोक्सो जस्तै हो मेरो बालुवा
तिम्रो मुटुको चाल जस्तै हो
मेरो जीवनको गति
निकालेर शरीरबाट अङ्गहरू
किन मार्न चाहन्छौ मलाई ?

तिमीले तिम्रो भाषामा मेरो मौनतालाई दोहन गर्छौ भने सम्झ
मैले मेरो भाषामा बोलेको दिन
तिम्रो मानव सृष्टिको अन्त्येष्टि निश्चित छ
तिमीले टेक्ने जमिनको समाप्ति निश्चित छ

म कालीगण्डकी हुँ
मेरो स्वभावको अर्थ
मैले भन्दा ज्यादा तिमीले बुझेको हुनुपर्छ
कृपया !
मलाई लुछेर मेरो धैर्यको परीक्षा लिन बन्द गर

### ५. कालीलाई दागबत्ती

- जनक कार्की

सभ्यताको शृङ्गारमा
मायालु मुस्कानले स्वागत गर्ने
ऋषिमुनिको पाठशाला
वेदका ऋचाहरूको जनक
शालिग्रामको कालो टीकामा ध्यानस्थ
परम्परा र संस्कारको गुरु
प्रत्येक श्वासमा सुमार्ग सुसाएर
प्राणजल पिलाउने
कालीको दागबत्ती दिन लम्केका छन्
असुररूपी सरकारका हात

कालीसँगै निभ्नेछ
जलचरको दियो
स्थलचरको खुसी
नभचरले आगो पिउनुपर्नेछ
मरुभूमि बन्नेछ तपोभूमि
वातावरण सिकिस्त भएर
आइसियुमा पुग्नेछ ।

विकासको ललिपप देखाएर
विनाशको षड्यन्त्र गरिरहेको
ए सरकार !
पानीमा आगो लगाउने यो दुस्साहसले
जननीलाई जिउँदै दागबत्ती दिने

तिम्रो तयारीले
बन्नेछ यो देश आत्माबिनाको पुत्ला !

### ६. एक्काईसौं शताब्दीको शासक

-अमृत क्षेत्री

हाम्रो हितमा बोलोस्
हाम्रो दुःखमा थप्थपाउन आओस्
हाम्रो घाउमा मलम लगाओस्
हामीले नजानेका कुरा सिकाओस्
हाम्रा नानीहरूभैँ सुकोमल बनोस्
भनी पठाएको ऊ
सिंहदरबारमा सिंह बनेर गर्जन्छ
र हामीलाई नै तर्साउँछ ।

ऊ कहिलेकाहीँ हाम्रो पखेरातिर आउँछ
र हाम्रो जीविका चलेको नदीलाई
कता हो कता लैजान्छु भन्छ
आदिम संस्कृति बोकेर पुजेको
नदीलाई गिद्दे आँखा लगाउँछ
आफ्नो सुनौलो सभ्यता बोकेको युगलाई
अचानक भत्काउन खोज्छ

ऊ बेलाबेला एउटा-एउटा निहुँ पारेर
अचेल हुरीभैँ आउँछ
बच्चालाई तर्साएभैँ
हाम्रो अनुहारमा भय छोडेर
आफ्नो अनुहार हँसिलो बनाउँछ

उसलाई हाम्रो मुस्कानले पोल्छ
जब हाम्रा खुसीहरूमा उत्सव मनाउँछन्
तब ऊ कालोनिलो हुन्छ
ऊ हाम्रो पौरखले जोगाएको
यो नदी थुन्छु भन्छ
हामीले पुजेको थलो बेच्न खोज्छ
हामीले हिँडेको बाटो भत्काउन खोज्छ

म, हामी र तपाईंहरूले रोजेको
ए शासक !
जब जनताको अनुहारमा कालो बादल
मडारिन्छ नि
तब तेरो अन्त्य निश्चित छ ।

### ७. कालीगण्डकी

- लक्ष्मण थापा

चाँदीभैँ टल्केका माछाहरू छन्
सुनभैँ भल्केका माछाहरू छन्
जो सलल बगेको पानीमा
ढलपल ढलपल गर्दै नाचिरहन्छन्
मौन कालीगण्डकी आफ्ना पवित्रताका
अथाह पराकम्पहरू पर-परसम्म बाँडिरहन्छिन् !

शालिग्रामहरू छन्
जो संस्कृतिका सोपानहरूमा रङ भरिरहन्छन्
जो विश्व पर्यावरणीय चिन्तनको आराधना गरिरहन्छन्
हिमशिखर र हरित पाखाहरूको ऐना हेरिरहन्छन्
र प्रीतिकर ध्वनि निकाल्दै एकापसमा ठोक्किइरहन्छन्
अनन्त बैंस बोकेका
अनन्त भोगेच्छा बोकेका
शालिग्रामहरू तुलसीसँग विवाह गर्छन्
तर सन्तानोत्पादन गर्दैनन्
त्यसैले शालिग्रामहरू
सङ्कट मोचन गर्दागर्दै सङ्कटापन्न छन् ।

दामोदरकुण्ड, मुक्तिनाथ, देवघाट, त्रिवेणी
कण-कणमा देवताको बास छ
र फैलिएको छ ज्ञानरश्मि, ध्यानरश्मि र मोक्षरश्मि हिमाल,
पहाड, मैदानमा ऊर्जाशील वाङ्मयिक उफानहरू
समेटेर आफ्ना छातीभरि
बगिरहन्छ आदिसृष्टिदेखि अन्त्यसृष्टिसम्म

आज धर्मविम्ब, कर्मविम्ब र मोक्षविम्ब
कालजयी कालीगण्डकी काल कवलित हुँदै छ
किनभने
त्यहाँ भित्रभित्रै सुरुङ बनाउने मुसाहरू पसेका छन् त्यहाँ
मेरुदण्ड खुस्काउने डोजरहरू पसेका छन्
र भष्मासुरहरूले चारैतिरबाट हुँडलिरहेका छन् ।

देशले आत्महत्या गरोस्
वा कालीगण्डकी पातालमा भास्सियोस्
उनीहरूलाई मतलब हुँदैन
किनकि
द्रव्यपिशाचहरू बिरालीको घिउ बेच्न पछि पर्दैनन्
द्रव्यपिशाचहरू बुहारीको जिउ बेच्न पछि पर्दैनन्
द्रव्यपिशाचहरू बेच्ने कुरा बेच्न पछि पर्दैनन्
द्रव्यपिशाचहरू नबेच्ने कुरा बेच्न पछि पर्दैनन् !

रगत बेचे सायद रगत सकियो
नदी बेचे सायद नदी सकिए
अब बालुवा बेच्दै छन्
ढुङ्गा बेच्दै छन्
गिट्टी बेच्दै छन्
र, बेच्दै छन् विश्व पर्यावरणका अवयवहरू !

हे कालीगण्डकी
तिमीलाई जोगाउने हातभन्दा
तिमीलाई मासिखाने हातहरू बलिया हुने हुन् कि ?

### ८. अर्थात् नदीहरू

- निमेष निखिल

फेरि तिम्रा ओठहरूमा गीत बनी टाँसिएर
म अक्षम राजनीतिज्ञको बेसुरो प्रशंसा चाहन्नँ ।

उप्काएर संवेदनाका पत्रहरू
रगताम्मे भइसकेकी छु ।

बिर्सिसकेकी छु दुख्न
आफन्ती पीडाहरूमा- पराईको के कुरा ।

तिमीले रोपिगएको आशाको लहरामा
अहँ फलेनन् आँत शान्त पार्ने पानीका घोगाहरू ।

बदलामा सलहको सुनामी पसेको छ
मेरो जीवनदायी बहावमा ।

तिमीले माग्न नपाउँदै
आफै रित्तिने गरी दिएँ सबैथोक ।

खेतबाट सुनौला बाला बनेर
चहारेँ तिम्रा नसा-नसामा ।

भन, कहाँबाट आयो
तिम्रा लालाबालाको ओठमा फुलेको मुस्कान ?

बिर्सेर, बग्ने मेरो प्रकृतिलाई
तिमीले पटकपटक उभ्याएपछि
अहङ्कारको पर्खाल
म क्रमशः आगोमा रूपान्तर भइरहेछु ।
तिम्रो दम्भको परिणति खरानीबाहेक केही होइन
नबिर्स
त्यो खरानी बगाई लैजाने पनि मै हुँ ।
अर्थात् म नदी
म द्रोणाचर्यको गुरुदक्षिणाले श्रापित
एकलव्यको आलो घाउ हुँ ।

### ९. कालीगण्डकी : चार मुक्तक

- सरुभक्त

(१)
अप्रतिम उर्जाहरूको तीर्थधाम हो कालीगण्डकी
सुरक्षित पर्यावरणको बन्द खाम हो कालीगण्डकी
तिमी त्यसलाई अपहरणको भद्दा प्रयास नगर
एउटा अक्षत सुन्दरताको नाम हो कालीगण्डकी ।
(२)
आत्मिक सिर्जनाहरूको सृष्टिधाम हो कालीगण्डकी सद्धर्म
आस्था र विश्वासको बन्द खाम हो कालीगण्डकी
युगौंदेखिको प्रवाहलाई तिमी गन्तव्यमा बग्न देऊ
एउटा प्राकृत इतिहासको नाम हो कालीगण्डकी ।
(३)
हिमालभन्दा पनि जेठो शाश्वत धाम हो कालीगण्डकी
जीवन फुल्ने मातृत्वको बन्द खाम हो कालीगण्डकी
शालिग्रामलाई तिमी मात्र पत्थर सम्झ वा भगवान्
एउटा विराट सभ्यताको नाम हो कालीगण्डकी ।
(४)
सन्ततिका लागि भविष्यधाम हो कालीगण्डकी सजलतामा
प्रेरणाको बन्द खाम हो कालीगण्डकी
तिमी त्यसलाई बेनाम अस्तित्वको खहरे नसम्झ
एउटा उज्ज्वल भविष्यको नाम हो कालीगण्डकी ।

### १०. कालीगण्डकी

-प्रकट पङ्गेनी (शिव)

फरक हुन्छन्
बग्ने खोलाका धारहरू
बग्ने नदीका सिमानाहरू र
माटोलाई स्पर्श गर्दै हिँड्ने पानीका लयहरू

पानीले लिएर बग्ने संस्कार
खोलाले दिएर बग्ने उद्गार
नदीले जुनीजुनी जिएर बग्ने ओमकारहरू

त्यो पानी
त्यो खोला
त्यो भिन्दै नदीको
मुहान भएर बग्ने
उनी कालीगण्डकी हुन्
उनै नदीका छालहरूले पिट्दै
आकार लिएको शालिग्राम
र आदिम युगको दस्तावेज बनेर
हाम्रो शिरमा उभिएको मुक्तिनाथ
हाम्रो धरोहर हो
वैदिककालको सूत्रधार
कालीगण्डकी पवित्रधामले
कागवेनी, गलेश्वर, मोदीवेणी, जैमिनी
रिडी, रुद्रवेणी, उत्तरवाहिनी, राम्दी, देवघाट
सभ्यता, संस्कृति, जीवन र जगत्सँग
आबद्ध कालीगण्डकीलाई
आफ्नै लयमा बग्न देऊ
आफ्नै वयमा रम्न देऊ

होसियार-
कालीगण्डकीमाथि
कुनै कुशासनको नजर नपरोस् ।

### ११. कविताको नदी

- रमेश श्रेष्ठ

मानचित्रमा थुप्रै नदीहरू छन्
नदीहरूका आ-आफ्नै रहरहरू हुन्छन्
निर्वस्त्र बगरका ढुङ्गाहरूको निधार धुँदै/पखाल्दै
अविराम अविराम बगिरहन्छन् ।

जब आकाशले भोको अँध्यारो पस्कन्छ नदीमा
भोका, निमुखा ढुङ्गाहरूलाई अँगाल्दै
नदी पर्वमय आँसुको गीत बगिरहन्छन्,
अँध्यारोमा नयाँ आकार खोज्दै बग्दा,
प्रत्येक रात नगरबधुले झैँ
आकारविहीन पाउँछन् आफैलाई
र अत्तासिँदै आकाशको धुवाँ घुमेको
धमिलो अनुहारमा
आँफैलाई कोर्दै चुपचाप बगिरहन्छन्

मानचित्रमा थुप्रै नदीहरू छन्
नदीहरूका आ-आफ्नै तहतह सपनाहरू हुन्छन्
गर्मीका छेपारोजस्तै अल्छी दिनहरू
निथ्रुक्क रुझेका चल्लाहरू जस्ता
जाडोका कठ्याङ्ग्रिने रातहरूमा
कतै च्यातिएको सपना ओड्दै
कतै हराएका सपनाहरूको सुस्केरा बिछ्याउँदै
बाँसुरीको बाटोजस्तै भएर बगिरहन्छन्

जब रातको कामुकतालाई चिर्दै
उज्यालोको वेगवान् आगमन हुन्छ नदीमा
उन्मुक्त बैँसालु विभा बोकेर नदी
पोखिएला-पोखिएला झैँ भएका
चखेवाका आँखाहरूबाट अनेक रहर बगिरहन्छन्

आफ्नो अनियन्त्रित मुस्कानहरू छर्दै
जब दिनको निधारमा आगो लगाउँदै

रातको अहङ्कारमा डुब्न खोज्छ सूर्य
युद्ध मैदानका घाइते सिपाहीहरू झैँ
नदी रग्ताम्य मुद्राअग्निमा
आफ्नै रगत चाट्दै बगिरहन्छन्

मानचित्रमा थुप्रै नदीहरू छन्
नदीका आ-आफ्नै भ्रमप्रिय विश्वासहरू हुन्छन्
विश्वासै विश्वासमा बगिरहँदा
ठूला नदीहरू साना नदीहरूलाई
आफू उभिएको पानीको तिखर्भो विभ्रम पिइरहन्छन्
मानिसहरूका हृदयबाट सपनाका गीतहरू सुसेल्दै काँचा
भ्रमहरूसँगै तन्नेरी भएर बगिरहन्छन्

ए शालिग्रामकी आमा !
तिम्रो रगतले सिञ्चित सभ्यता
मानिसको अनुहारैपिच्छे दुखेर
मेरो कवि आहत भएको छ,
म मेरो मृत्युलाई तिम्रो नागबेली यात्राको
पाठेघरमा राखेर सोचिरहेको छु
यतिखेर मेरो देश
कविताको गतिमान नदीभन्दा
उल्टो बगिरहेको छ ।

### १२. तिमी सँगसँगै रहेर

- मनोज विश्वकर्मा

तिमी सँगसँगै रहेर...
म रूखहरू उभिएँ, म बीजहरू उम्रिएँ
म फूलहरू फूलेँ म बतासहरू फैलिएँ

बगेको छु म
र बाँचेका छौ तिमी ।
थोपा भएर तिमीसम्म
रहेको तिम्रो प्रत्येक थोपा अस्तित्व मै हुँ ।

लहर भएर तिमीसम्म
बगिरहेको तिम्रो अविच्छिन्न प्रवाह मै हुँ ।

नदी भएर तिमीसम्म
बाँचिरहेको जीवनको पहिलो प्यास
हिँडिरहेको सभ्यताको एकेक पदचाप

हुँ एकमात्र साक्षी
धरतीमा पहिलो पटक गाइएको गीतको
लेखिएको प्रथम प्याराग्राफको !

तिमी सँगसँगै रहेर
चुच्चो चोपलेर चिरबिराइरहेका चरा भएँ
'सेता जिराफ'को अन्तिम श्वास अङ्कित शालिग्राम भएँ

तिमी सँगसँगै रहेर
बगेँ/ जमेँ/ पग्लिएँ

तिमी सँगसँगै रहेर
दुबो भएँ/स्मृति भएँ/स्मारक भएँ

तिमी सँगसँगै रहेर.....
यी जल्दै गरेको नदी/ यी फैलिदै गएको बगर
यो तातिदै गएको धरती/ ती डुब्दै गएका माल्दिभ्स
तिमीद्वारा लेखिएको सबसे उदास कथा भएँ...

हाम्रो प्रेम-कथामा
यति विभत्स ट्राजेडी लेख्ने तिमी नै हैनौ ?

### १३. तिमीले खोजेको कुरा

- हरिहर तिमिल्सिना

मैले तिमीलाई प्राण धान्ने जल दिएँ
अनमोल प्रकृति र वातावरण दिएँ
बदलामा तिमीले मलाई डोजर र एक्स्काभेटर दियौ

बगरमा फ्याँकिएको लासलाई गिद्धले ठुँगेझैँ
चरनमा गएको चौँरीलाई जुकाले चुसेझैँ
घेरा हालीहाली हुँडारले हरिणलाई लुछेझैँ
एक्स्काभेटर र डोजरले लुछिरहेछन् मेरो शरीर ।

म कालीगण्डकी मात्रै होइन आमा पनि हुँ
आकाशको काखमा जून र तारा लुटपुटिएझैँ
ढुङ्गा, गेगर र बालुवा
मेरा काखमा लुटपुटिने सन्तति हुन्
मेरा सन्तानहरूको सर्वनाश गरेर तिमी
मेरो मर्मछेदन गरिरहेका छौ

म सर्पको काँचुलीजस्तै सुक्खा हुँदै छु
म आगो सल्किएको लामो डोरीजस्तै खरानी हुँदै छु

मलाई मेरै लयमा गाउन देऊ
मेरै बाटोमा हिँड्न देऊ
नत्र म सुक्नेछु र छटपटाई-छटपटाई मर्नेछु कुनै दिन
दुःखको कुरा मेरो मृत्यु देख्न पाउने छैनौ तिमीले किनकि
मभन्दा पहिला नै
तिम्रो जीवन समाप्त भएको हुनेछ

मेरो बगरमा न म हुनेछु, न तिमी नै हुनेछौ
केवल खियाले खाएका डोजर, एक्स्काभेटर र
असरल्ल लासहरू मात्र बाँकी हुनेछन् ।

के तिमीले खोजेको कुरा यत्ति हो ?

### १४. इतिहासमा भन्न बाँकी केही कुरा छ

- महेश पौड्याल

गर्भवती हिमालहरूले हो जन्माएको
एउटा-एउटा अजम्मरी गण्डकी
प्यास मेट्टाउन शिशु धरतीको हो
सृष्टिको मुहानमा

कतिपटक काटे कति
पाइतालामा आकाश बोकेका गोडाहरूले गण्डकीहरूलाई
तर खोइ, कहाँ काटियो गण्डकी
काटिएसरि मुलुक, सिकन्दरहरूका तरवारको धारमा कहाँ
रोकियो लहरहरूको जीवन नाच ?
रोबर्ट फ्रोस्टले साँच्चै भनेका हुन्

नदी पुर्नेहरूले नदीको ढुकढुकी कहिल्यै थुन्न सकेनन्
लेड्स्टन ह्यूजेले साँच्चै भनेका हुन्
नदीजस्तै गहिरिएर गएको छ आदिवासीको आत्मा ।

कुनै कविले सोधेथे- आगो छोपेर कतिञ्जेल?
थप्नुपर्छ एक अंश- पानी थुनेर कतिञ्जेल?

इतिहासमा भन्न बाँकी केही कुरा छ-
हरेकपल्ट थुनिएका बाटा भत्काएर नदीहरू समुद्रे पुगे उठे,
सगरमाथाको शिरमा हिउँ बनेर
झरे, समुद्रको गर्भसम्मै पानी बनेर
धरतीमा सबैभन्दा उँचो ठाउँमा पनि नदीकै अंश
छधरतीमा सबैभन्दा होचो ठाउँमा पनि नदीकै त अंश छ ।

किनारका पत्थरहरूमाथि छालहरूका कोर्राले
आफ्नो समायातीत इतिहास लेखेर जाने नदीहरूमा
मान्छेको वजन पत्करहरूको जत्तिको पनि छैन
नदीले मान्छे निलेको इतिहास छ
नदीले मान्छे बचाएको इतिहास पनि छ
तर मान्छेले नदी निलेको इतिहास छैन
बचाएको इतिहास पनि छैन ।

पानीको एउटा एउटा थोपामा जीवन छ
भगीरथको पानीको एउटा एउटा थोपामा
शीरशौर्य छ शिवको
थोपाहरूको यस सीमाहीन समग्रतामा
एउटा-एउटा सभ्यताको प्राण छ
एउटा-एउटा आत्माको मोक्षपथ

यो जीवन, यो शौर्य
हत्केलाले थुनेर पौडी खेल्छु भन्नेहरूलाई
एउटै आग्रह छ समयको-
पत्थर खाएर आउनु, गह्रुङ्गो हुनुछ
आगो पिएर आउनु, तातो हुनुछ
नत्र, बगाउला नदीले/ नत्र, भिजाउला पानीले

आफू मेटिएर पनि अल्पदृष्टिको जङ्गलमा
साख जो बचाउनुछ मान्छेलाई
मान्छे हुनुको !

## १५. प्रिय काली !

- नेत्र एटम

जीवनकी आधार तिमी
आस्थाकी पर्याधार तिमी
कत्ति घाम उदाएका छन् तिम्रो अँगालोमा
कत्ति फूल मुस्कुराएका छन् तिम्रो मुहारमा
बगरमा गुनगुनाउँदै गीतहरू

कत्ति खोले उम्लेको छ
तिम्रै चुच्चे चम्कामा
कत्ति क्रोध सनसनाएको छ
तिम्रै काला आँखामा
कत्ति अर्थहरू छापिएका छन्
तिम्रै श्यामशिलाका गर्भमा
सबै-सबैलाई हुर्काएर जलाधारको पाठेघरमा सबै-सबैलाई
गतिशील बनाएर
बतासको गोरेटोमा

जीवन्त रगतझैँ बगिरहेछयौ हामीभित्र
सास लिइरहेछौँ हामी तिम्रै सुवास
राक्षसी सुनको लट्टीले छोएर
लाटो पारिएको तिम्रो
अस्तित्वको ऊर्जालाई जोगाउन
पत्ता लगाउनुछ स्वार्थको काल
अनि फोड्नुछ पुँजीवादको स्फटिक खम्बा
मुट्ठीमा कैद गर्नुछ
तिनको निर्देशनमा भुनभुनाएर
फुत्त भाग्ने भमरोझैँ कालो कर्तुतका साक्षीहरू
र,
तिम्रै पानीको धारलाई
मानेर दधिचिको हाडजस्तै कठोर हतियार
उभिरहेछौँ हामी निरन्तर लामबद्ध
सुकाउन ठिक पारिएको
प्रवाहशील तिम्रो छातीमा चिसै लुगासित
अँजुलीभरि आँसुको सङ्कल्प
नीलकण्ठझै तयार भएका छौँ
पिउन सत्ताको हलाहल
प्रिय काली !

## १६. म नदी हुँ

विक्रमपवन परियार

म एक कालीगण्डकी नदी हुँ
आफ्नै गतिमा बगिरहेको हुन्छु ।

बोकेर देशको अस्तित्व
वर्षौंदेखि बग्दै छु सुसाउँदै मधुर सङ्गीतमा ।

दुःख लाग्छ
मेरो छाती खोतलेर बालुवा निकाल्दा
दुख्छ पाउ खिल्चिँदा मिक्चरले
दुख्छु शालिग्राम सम्झेर मुटु थुत्दा तिमीले
तिमीलाई लाग्दो हो म दुख्दिनँ
म दुख्छु र त रुँदैरुँदै बग्छु किनारै किनार ।

जव, म हिँड्ने बाटो साँघुरो बनाइदियौ
तब त उकुसमुकुस भएर बगिरहेँ ।

तिम्रा खेतहरू बगाउनु मेरो बाध्यता हो
तिमीलाई रुवाउनु मेरो लक्ष्य थिएन
जब तिमी म मेरो छातीलाई साँघुरो बनाउँछौ
तब त मैले बगाउनुपर्ने हुन्छ तिम्रा हरिया फाँटहरू ।

मेरो काखमा तिमीले क्रसर राखिदियौ
तिमीले मेरो आमाशयबाट बालुवा निकाल्यौ
र मलाई बेलुनजस्तो हलुका बनाइदियौ
तब त मेरा खुट्टाहरू लर्बरिँदै पस्छन् बस्तीहरूमा ।
खेतका आली कटान गरेँ
झुल्दै गरेका धानका बालाहरू बगाएँ
बगाउनु मेरो बाध्यता थियो
म हिंड्ने बाटो साँघुरो थियो
म नदी हुँ, बग्नु मेरो स्वतन्त्रता हो
बगाउनु मेरो बाध्यता ।

म ऐना हुँ, हेर्नू उभिएर मेरो आँखामा
म निश्चल छु/कञ्चन छु
बग्न देऊ म नदी हुँ
नछेक/ नरोक/ नथुक/ नझुक ।

म नदी हुँ
नमर्ने/नथाक्ने/नगल्ने/नहार्ने
नछल्ने/ नबल्ने/नढाँट्ने/नकाट्ने ।

म बोल्छु- सुन्दैनौ
म हाँस्छु- हेर्दैनौ
म रुन्छु- दुख्दैनौ
म दुख्छु- बुझ्दैनौ
नचलाऊ / नजिस्काऊ
बग्नु मेरो धर्म हो
यात्रा मेरो जीवन हो
बग्न देऊ - म नदी हुँ ।

### १६. नदीको अन्तिम उग्रता

- ठाकुर बेलवासे

आफ्नै मनको सन्तापले
आफ्नै आँखाको आगोले
जल्न थालेपछि
चन्द्रमाको जस्तो अनुहार
सूर्यको जस्तो व्यवहार बाँचेको जिन्दगीमा
आफै खग्रास बन्न थालेपछि
सर्वप्रथम मान्छे नदी किनारमा पुग्यो
नदीबाट एक अञ्जुली आस्था उठायो
उग्रतापले छटपटिएको जीवनलाई शीतल बनायो
र जीवनभर शान्त बनेर बाँच्यो ।

मान्छेले
गडतीरबाटै देख्यो
नदीले निर्माण गरेको अशेष सभ्यता
नदीले निर्माण गरेको एउटा अभेद्य संस्कृति
र देख्यो मान्छेले
नदीको काखमा सुतेर
स्तन चुस्दै गरेको बालक धरती ।

यसपछि मान्छेले
नदीलाई देवी मान्यो
बिनातिर्खा बाँच्यो जीवनभर
आमा मान्यो नदीलाई
विनाभय शान्त जीवन बाँच्यो
नदीलाई छोरीचेली मान्यो मान्छेले
संस्कृति र संस्कारका गहनाले सजिएको
एउटा सार्थक जीवन हाँस्यो

धरतीलाई काखमा सुताएर
आकाशलाई छातीमा च्यापेर
नदी सिङ्गो अस्तित्व जोगाउँदै बगिरहेको छ निरन्तर

मान्छे नदीको सृष्टि मासेर
आफ्नो टाउकोमा आगो बालिरहेको छ
नदीले दिएको दृष्टिलाई समाप्त पारेर
आफ्ना आँखा खरानीमा पुरिरहेको छ
नदीको संस्कार लुटेर प्राणहीन बाँचिरहेको छ

नदी हत्या गरेर मान्छेले
सम्पूर्ण रूपौलो भविष्यको अन्त्य गरिरहेको छ
नदीको गति रोकेर मान्छेले
धरती आकाशका पाइला रोकेको छ

अब मान्छे जोगिन कहाँ जाला ?

मान्छेले नदीको अन्तिम विद्रोहको भयावह
कसरी सहन सक्छ होला ?
धरतीको अन्तिम उग्रता देख्न शापित
मान्छेको अवसान कस्तो होला ?

म कालीगण्डकीको तीरमा उभिएर
भविष्यको भयावह तस्बिर हेरिरहेको छु
म मृत्युको सहजता खोज्न कहालिएको छु !

### १८. कालीगण्डकीको चित्कार

- बालाकृष्ण अधिकारी

पवित्र जलको एउटा यात्रा
अनन्तकालदेखि दामोदरकुण्डको पुच्छर समातेर
कुँदेर शालिग्रामहरू युगयुगका
बिसाएर गलेश्वर, मोदीवेणी, त्रिवेणी र देवघाटमा पखाल्दै
मान्छेका अगणित मयल
आफ्नै लयमा गाइरहेको छु
कालिनुको व्यथा नसुनाई कसैलाई
हराभरा फाँट र वृक्षसँग
आफ्नै वेदनामा सुसाइरहेको छु ।

ए मान्छे !
प्रकृति तिम्रा लागि मात्र होइन
तिम्रो युगका लागि मात्र होइन
यसरी दुईचार पैसाका लागि
समयको कालकूट पखालिरहने मेरो छाती
निर्मम भएर ताछ्ने अधिकार
कसले दियो हँ तिमीलाई ?

तिमीलाई लाग्छ होला
म निर्जीव छु, बिचरो छु
म निर्धो छु, निमुखो छु
लाखौँ कर्तुत सहेर पनि
तिम्रो वैभवताको क्षुधा शान्त गर्न
सुनका च्यूरा कुटिरहन विवश
म फगत एउटी
निरीह बुहारी मात्र हुँ
र, सधैँ लाहुर ताकिरहने
शलिग्रामहरू मात्र जन्माउन जानेको छु मैले ।

ए अविवेकी मान्छे !
यसरी युगौँसम्म
भ्रमको तरबारले आफ्नै रक्तनसा काटेर
कहिलेसम्म वीरता उग्राइरहन्छौ

गहिरिएर हेर मेरा गर्भमा
फेर्न खोजिरह्यौ भने मेरो बाटो यसरी नै
घेर्न खोजिरह्यौ भने मेरो पाटो यसरी नै
एक दिन तिम्रै आँगनमा
मैले नचाहेरै पनि जन्मिनेछन्
संहारको शिव र विनाशको विष्णु
त्यतिवेला तिम्रै आँगनमा जन्मिएका देउताको पूजा गर्न
तिम्रो अन्धो मानवता जिउँदो रहने छैन
तिम्रै मझेरीमा उम्रिएको सिस्नु उखेल्न
तिम्रो कङ्क्रिटको सभ्यता जिउँदो रहने छैन ।

## १९. म कालीगण्डकी

- तीर्थ श्रेष्ठ

सायद यतै कतै थियो
टेथिस सागर
म त्यसैको कोखबाट जन्मिएँ
कोख किंवदन्ती बन्यो
म अझै छु जीवन्त
तर छु हुँडारहरूबिचको सिकार जस्तो

लाखौँ वर्ष
खोँचहरू काटेर
तिम्रा अहम्का पहाडहरू ताछेर
म बगिरहेछु
कहीँ गर्जन गर्जन
कहीँ शान्त सुललित प्रवाह
म बगिरहेछु
मैले आफै बनाएको हुँ मेरा किनारहरू
विशाल-विशाल फाँटहरू
हजारौँ वर्ष ननिदाएर
परिश्रमको गीत गाएर
बगाउँदै हिँडेको हुँ
शालिग्राम र शिलाहरू
साधनाको उत्कर्षमा पुगेकाहरूको
पाउ धोएको पनि हो
तिनका अनन्त तिर्खा मेटेको पनि हो ।
म कालीगण्डकी
कालको सीमा अतिक्रमण गरेर बगेको छु
तिमी महाकालको मखुन्डो लगाएर मेरो सीमा
अतिक्रमण गर्दैछौ
दुर्भाग्यलाई योभन्दा अर्को आमन्त्रण के हुन सक्छ ?

म रहनेछु
बगिरहनेछु
बलात्कृत मेरो किनारको छातीमाथि
पाशविक तिम्रा पदचिह्नहरू हेर्दै
ममाथि थोपरिएका तिम्रा विकारहरू मेरो छातीमाथि झेल्दै
भन तिमीले गर्व गरेको
तिम्रो सभ्यता के मजस्तै लयबद्ध ढङ्गले बाँचिरहनेछ ?

## २०. यो बगिरहेको खोलाको कथा हो

- विमला तुम्खेवा

सङ्घर्ष कस्तो हुन्छ
चैतको चर्को घाममा बसिरहेको यो ढुङ्गा
बर्खाको समय बग्दै आएका यी शिला
रातभरिको बगाइपछि
बिहान स्थिर बगरमा आकार लिएर चुपचाप बसिरहेका यी
मसिना बालुवालाई हेरे हुन्छ ।

बग्दै आएका यी गिटीहरूले
बग्ने क्रममा कति ठूलाठूला
ढुङ्गाका प्रहार सहे होलान्
कहिलेकाहीँ सोचेर स्तब्ध हुन्छु
यिनीहरूबाट केही त मैले सिकिरहेको हुन्छु ।

सरकार स्टार होटलको गुप्त कोठाभित्र हुस्की डकार्छ
सोकल्ड अधिकारीकर्मीहरू
केवल ढुङ्गा, गिटी र माटोको थुप्रो देख्छन्
कालीगण्डकीलाई
र सेलिब्रेट गर्छन् ठेकेदारहरू टेन्डर परेकोमा ।

पुरानो निक्कै पुरानो हो मेरो पीडा
किन तिमीहरू एक साधारण घटनाक्रम देख्छौ ममाथिको
बर्बरतालाई ?
तिम्रा ती हजार दाउपेचप्रति
मलाई सबैसँग बेहद घृणा छ ।

म यो सृष्टिको एक त्यस्तो गति हुँ
सम्झिराख मान्छे ।
निरन्तर बगिरहने मेरै गतिजस्तो
यो पृथ्वीको एक स्वतन्त्र गति हुँ
यी परपरसम्म फैलिरहेका मेरा बगरजस्तै
पहाड, तराई र कुइनेटाहरू नाघ्दै
बगिरहने मेरा आकाङ्क्षाजस्तै
यो अनन्तसम्म देखिने घामजस्तै
म एक अनिवार्य सत्य हुँ ।

माफ गर !
मजाकको पनि हद हुन्छ
म फर्किएर तिमीतिरै उर्लिएँ भने
तिम्रो अस्तित्व समाप्त हुनेछ ।

## २१. कविलाई कालीगण्डकीको चिठी

- असीम सागर

यो देशको आदिम सभ्यता बोकेर
युगौँदेखि तेरो सुक्खा आँत भिजाउँदै आएको
म कालीगण्डकी हुँ
म जहाँ बग्छु, त्यही मेरो देश हो ।

ए कवि !
यो देशका हजारौँ कविले बनाए
मेरो मौनतालाई आफ्ना कवितामा प्रतीक
मेरो बाटोलाई आफ्ना कवितामा विम्ब
मेरो अस्तित्वलाई आफ्ना कवितामा विचार
मेरो सभ्यतालाई आफ्ना कवितामा भाव
र, पहाडबाट खसेको मेरो आकृतिलाई
भौगोलिक स्वरूप र सौन्दर्यलाई
'कुनै सुन्दर युवकले भिरेको गलबन्दी' भनेर लेखे
'भुइँमा लत्रिएको कुनै सुन्दर युवतीको पछ्यौरा' भनेर लेखे
तर लेखेनन् मेरो अस्वित्वमाथिको प्रहार

के म कालीगण्डकी
तिम्रो कविताको विम्ब र प्रतीक मात्र हुँ ?
के मेरो सुस्केरा फगत कुनै जँड्याहाको हल्ला हो ?

खोइ मेरो मौनताबाट तिमीहरू मौन बस्न सिकेको ?
खोइ मेरो शिरको हिमालबाट तिमीहरू हाँस्न सिकेको ?
खोइ पिँधमा छर्लङ्ग देखिने ढुङ्गाझैँ सङ्लो हुन जानेको ?
खोइ मेरो गति देखेर अविश्राम यात्रा गरेको ?
किन लेखेनौ म अपहरण हुनुअघि मेरो कविता ?
मौनता मेरो स्वभाव हो, सहानुभूति होइन ।

आफैँ उज्यालो पोखेर आकाशबाट
मेरो निश्छल देहमा ऐना हेर्छन् घाम, जून र ताराहरू
मेरो सुस्केरालाई सङ्गीत मानेर गाउँछन्, नाच्छन् चराहरू
मेरै कोखको जल पिएर बाँचेका भुसुना मान्छेहरू
मेरो गर्तबाट गिटी बालुवाका हाडमासु झिकेर
मेरै बाटो छेक्नेगरी घर, मन्दिर र मस्जिद बनाउँछन्
म कहाँ हिडूँ ?
कुन बाटो भएर पुगूँ म समुद्र ?
बगाउनु मेरो बाध्यता हो, रहर होइन ।

आफ्नो काव्यशिल्पद्वारा मेरो सौन्दर्य लेख्ने
संसारका प्रत्येक जीवजन्तु र सृष्टिको भाषा बुझ्ने
ए मेरो प्रिय कवि !
क्रोधले म सुनामी हुनुअघि
र निर्धाहरू सुकुम्वासी बन्नुअघि
मेरो सौन्दर्य होइन मभित्रको ज्वाला लेख
मेरो मौनता होइन म दुखेको गीत लेख
मेरो सुस्केरा होइन म रोएको साँझ लेख
मेरो सभ्यता होइन समुद्र पुग्ने मेरो सपना लेख
र, सुनाऊ मलाई चिथोर्ने बहुराष्ट्रिय कम्पनीका
टाईहरूलाई
विद्रोह गर्न मलाई पनि आउँछ

- उही तिम्रो कालीगण्डकी ।

## २२. नदी

- भीष्म उप्रेती

तिनीहरूले बगिरहेको पानीलाई मात्र नदी भने

ढुङ्गा र बालुवाबिना पानी मात्र कहाँ बग्छ र बन्छ नदी !
किनाराबिना पानी कसरी सम्हालिन सक्छ र बग्छ नदी
अविरल सङ्गीतमय प्रवाहबिना कसरी जिउँदो रहन्छ र
नदी !

तर ती अज्ञानीहरूले
बगिरहेको पानीलाई मात्र नदी भने

पानी, बालुवा, ढुङ्गा र किनाराहरू
नदीका अविभाज्य अङ्गहरू हुन्
यी सबै एकै ठाउँ, लयबद्ध हुनैपर्छ नदी हुनलाई
कालीगण्डकी हुनलाई
कोशी हुनलाई
गङ्गा, कावेरी र गण्डकी हुनलाई

कसले सम्झाइदिने होला
समृद्धिको भ्रम मात्र बोकेर हिँडेका तिनीहरूलाई !
कसले ब्युँझाइदिने होला कुरूप स्वार्थको अँध्यारोमा
फसेका तिनीहरूलाई !
र कसले बुझाइदिने होला
नदीबाट बालुवा र ढुङ्गा चोइट्याउँदै लगिरहेका
तिनीहरूलाई
नदी जिउँदो रहेपछि मात्र
जिउँदो रहन्छ सभ्यता र सम्भावना
नदी अग्लो रहेपछि मात्र
अग्लिदै जान्छ मान्छेको प्रगति र मनोकामना
नदी बाँकी रह्यो भने मात्र रहन्छ मान्छे यो धरामा ।

## २३. तिमी अजम्बरी होइनौ

- डा. केशव चालिसे

एक क्षणको न हो मित्रता
तिम्रो र मेरो
एउटै समयले देखाएको बाटोमा
न तिमीलाई पर्खिन्छ
न मेरा लागि रोकिन्छ यो समय

तिमी बुढो हुन्छौ
म बगिरहन्छु निरन्तर
तिम्रो मृत्युमा म दुःखी हुन्छु
जसरी तिम्रा पुर्खाको मृत्युमा थिएँ
तिमी अजम्बरी त होइनौ नि
तिम्रो मात्र एक जीवन
अनि म तिम्रा हजारौँ पुर्खाको साथी
र पनि किन गर्छौ तिमी ममाथि राजनीति ?

बचाएकै छु तिम्रो र तिम्रा पुर्खाको आस्था
तिमी रुन्छौ हरेकपटक
आफन्त र पूर्वजलाई मेरो काखमा छोड्दा
म चुपचाप तिम्रो दुःख शमन गर्छु
र पूरा गर्छु मेरो जिम्मेवारी
तिम्रै पुर्खाको पाप पखाल्न
र, हड्डी चोखो बनाउन तिम्रै सात पुस्ता
म सधैँ तिम्रै मुक्तिका लागि सुस्साइरहन्छु
तर तिमी मेरा आभूषण बेच्छौ
र किन नाङ्गो पाछौ मेरो अस्तित्व ?

तिम्रा हरेक अपमानलाई
सम्मान ठानेकै छु
तिम्रा दृश्य-अदृश्य कर्महरूलाई
स्विकारेकै छु
म सधैँ मौन छु भन्दैमा
मेरो प्रेम र समर्पणलाई
किन दोहन गरिरहन्छौ ?
छैन नि तिम्रो यौवन पनि अजम्बरी
अनि किन फुकाल्छौ मेरा वाहिरी वस्त्र
र, तम्सिन्छौ मेरो बलात्कारका निम्ति ?

मसँग छैन स्वार्थ आफ्नै लागि
न गर्नु छ राजनीति पद र प्रतिष्ठाको
न कमाउनु छ धन र सम्पन्नता
मेरो अनन्त अस्तित्व
तिम्रै सभ्यता र संस्कारका लागि हो

मृत्यु साथसाथ बोकेर हिँड्ने
तिमी अजम्बरी त छैनौ नि मानिस
तर पनि
म जस्ता नदीको अस्तित्वमाथि प्रहार गरेर
तिमी उत्सव मनाउँछौ
र, किन मेरो पवित्रतामाथि राजनीति गर्छौ ?

तिमी उही हौ या अर्कै
गाह्रो भएको छ खुट्याउन
हेर्छु दक्षिणतिरको पहाड
पहाडमा लुक्दै गरेको सूर्य
हेर्छु पीडाको सुसेली हाल्दै
बगिरहेकी तिमीलाई
र फर्किन्छु अतीततिर
आँखामा नाच्छ तिम्रो लावण्य
हावाको सारेगममा
नाचिरहेका वृक्षका पातहरू जस्तै ।

वर्षौंपहिले कुनै साँझ
हिमालजस्तो पवित्र तिम्रो काखमा
निदाएको थिएँ म दोपहरको घाममा
तिम्रो अद्‌भुत लयले अभिभूत
मेरो हृदयको एउटा कुनामा
कोरिएका थिए
कविताका केही हरफहरू
तिम्रो गतिको
तिम्रो अनुपम रागको
तिम्रो सौन्दर्यको
र तिम्रा सुन्दर आँखाबाट
निसृत सहस्र ज्योतिहरूको
कविताका ती हरफहरू
अहिले पनि सुरक्षित छन्
हृदयको त्यही कुनामा ।

बोल्न खोजिरहेको छु
बोल्न सकिरहेको छैन
स्पर्श गर्न खोजिरहेको छु
स्पर्श गर्न सकिरहेको छैन
तिम्रा घाउहरू चहऱ्याउँछन् कि
तिमीलाई अझ दुख्छ कि
दुखाइबाट निस्कने
पीडाका स्वरहरूबाट
मभित्र जन्मिने सघन वेदना
खप्न सक्तिन कि म
डराइरहेछु

मलाई हेरिरहेका
दु:खले भिजेका तिम्रा आँखा
तिम्रो अनुहारका पृष्ठहरूमा
कोरिएका विषादको पङ्क्तिहरू
कष्टले पढिरहेछु म
तिम्रा प्रत्येक घाउहरूले
कथा भन्छन् भयानक दुष्टताको
दृष्टता कसरी हतियार चलाउँछ
कसरी हत्या गर्छ जीवनको
सौन्दर्यको, भविष्यको र
सघन बादलले छोपिएझैँ पहाड
छोपिन्छ धर्ती अँध्यारोले
तिम्रा घाउहरूमा पढिरहेछु म ।

## २४. हे काली !

- मनिषा गौचन

हे काली !
तिमी शान्त नीलिमा पनि हौ
हिउँदमा घामको जरीले
टलपल टलपल टल्किने
जब वर्षा लाग्छ
तिम्रो निलो देहले पागल पहराहरू
फाल हाल्दै बग्छन् तिमीतिर
अनि तिमी कालीको स्वरूपमा
जङ्गिन्छ्यौ, उम्लिन्छ्यौ, उर्लन्छ्यौ
तिम्रो हलचल, तिम्रो गर्जन
जहाँ म महसुस गर्न पुग्छु
अद्‌भुत शक्तिको कम्पन
र जुरुक्क उठ्छु अनि छाम्छु आफैलाई
के म आफ्नो अस्तित्वबोधका निम्ति
यति शक्तिशाली हुन सकुँला ?

जसरी नदी हुनुको अस्तित्वबोध गर्न/गराउन
तिमी यतिसम्म गर्जन सक्छ्यौ, बहुलाउन सक्छ्यौ
र फेरि शान्त नीलिमा हुँदै
जताततै प्रेम बर्सन सक्छ्यौ
र सुम्पिन सक्छ्यौ मान्छेलाई
दामोदरकुण्डदेखि बोकी ल्याएको शिला
एक रहस्यमयी उपहार
तर मान्छे न तिम्रो प्रेमले पग्लिन्छ
न तिमीले दिएको उपहारले रमाउँछ
ऊ त व्यस्त छ अचेल
नाफाको हिसाब गर्दै
तिमी बग्ने बाटोको नक्सा कोर्न

तर मलाई थाहा छ तिमी कुलो होइनौ
तिमी त नदी हौ, मेरो शान हौ
म एक यात्री, तिम्रै किनारामा हुर्किएकी छु
मैले तिमीसँगै, जिन्दगीको गीत गाएकी छु
तिमीले कोरेका चट्टानहरूमा
आफ्नो पनि कथा मिसाएकी छु
र पटकपटक मनको भारी तिम्रो छहालमा बिसाएकी छु

हे काली !
अगाध विश्वास छ तिम्रो
पखाल्दिनु ती मान्छेहरूको फोहोरी मगज
र बगाइदिनु तिनका हातहरूबाट
तिम्रो बाटो फेर्ने नक्सा...!

## २५. कालीगण्डकी

- अमर गिरी

घाइते छ्यौ तिमी
शिरदेखि पाउसम्म
हेर्छु, अलमलिन्छु

तिमी छ्यौ र त पहाडहरू छन्, वृक्षहरू छन्
जीवन छ, वाणी छ, शब्दहरू छन्
गीतहरू छन्, रागहरू छन्, सौन्दर्य छ
तिमी हिँडेको बाटो
जीवनबाट आरम्भ भएर जीवनमा सकिन्छ
सिर्जनाबाट सुरु भएर सिर्जनामै टुङ्गिन्छ
अविराम भित्रबाहिर गरिरहने स्वास तिमी
तिमीबिना कल्पना गर्न सकिन्न अस्तित्वको
अस्तित्व तिमीबाटै सुरु हुन्छ
र तिमीमै गएर सकिन्छ ।

देश छ सायद तिम्रा निम्ति छैन
देश चलाउनेहरू छन्
सायद तिम्रा निम्ति छैनन्
तिम्रो देहलाई काटिरहेछन् कोही बगरेले
जसरी
र बेचिरहेछन् बजारमा
तर चुपचाप छ शासन
यो शासन हो कि व्यापारीहरूको दुकान
यो देश हो कि कुनै कर्पोरेट संस्था
बगरेहरूविरुद्ध किन छ यो मौन
या आफै संलग्न छ कारोबारमा ?

प्रिय मनहरू !
कसरी हेर्न सकिन्छ यो व्याघात ?
कसरी बस्न सकिन्छ शान्त ?
कसरी रहन सकिन्छ मौन ?
वृक्षहरू उठ
पन्छीहरू उठ
कविहरू उठ
सुन्दर मनहरू उठ
हत्याराहरूविरुद्ध उठ
कालीगण्डकीका निम्ति उठ
नदीहरूका निम्ति उठ
जीवनका विरुद्ध धावा बोलिएको यो
समयमा
उठ, जीवनका निम्ति उठ !

### २६. मेरी आराध्या, मेरी नदीः कालीगण्डकी

- अविनाश श्रेष्ठ

मेरो अन्तश्चेतनामा बग्छिन् एउटी महानदी, कालीगण्डकी
मेरा जिजुपुर्खाहरूभन्दा पनि कति हो कति युग-
युगान्तरअघिकी - यी नदी,
हिमशृङ्खलाहरूवाट रसाएकी- पर्वत-नन्दिनी-शिवदूती !
यिनका भङ्गालाहरूमा सुसाइरहन्छ एकनाससँग जीवनको
अविरल-अधीर स्वच्छन्द सङ्गीत :
जो कुनै शब्दमा, छन्दमा, तालमा र लयमा बाँधिदैन ।

विराटको वैभव आफ्नो थोपा-थोपामा समेटेर महाजीवनको
यात्रामा अथक हिँडेकी अमृतमयी जीवनदायिनी,
स्रोतस्विनी- मेरो मानसकी नदी
मानौँ वेदका ऋचाहरू गाउँदै हिँडेकी
एकादेशकी कुनै अल्लारे ब्रह्मचारिणी
मेरी कालीगण्डकी !!
आफ्ना भँगालाका भैरवगण अघि लाएर
महायात्रामा हिँडेकी
साक्षात् मल्लिका-पारम्बा-पार्वती
कालीरूपा यी गण्डकी !!

आज तिनै महाप्राण, जीवनदायिनी नदी कालीगण्डकीलाई
खोस्रेर, खोक्रो पारेर, बिटुलाएर
हरण गरेर ढुङ्गागा-बालुवारूपी प्राणाधार
बिताउन खोज्दै छन् केही हृदयहीन दैत्य हातहरू

केही असीमित लोभका उन्मत्त नरभक्षी निशाचरहरू केही
विवेकहीन मतिभ्रष्टहरू
मान्छेको मुहारका मुखन्डो भिरेका
केही पतित पिशाचहरू
खोतल्दै छन्, उधिन्दै छन्
मानो आफ्नै आमाको कोख ।
ज्युँदै मरणासन्न तुल्याएर आफ्नै जननी जन्मदात्रीलाई
क्षतविक्षत पारेर आफ्नै माताको देह
पूरा गर्न तम्सेका छन् स्वास्नीका रहर ।

आफ्ना लालाबालाका सपना ।
अनि आफूले नै सधैँ हालीमुहाली गरिरहने
कुत्सित योजनाका खतरनाक षड्यन्त्र रच्दैछन् दिनरात
आफ्नै जीवनदायिनीका विरुद्ध-
यी अधम, आधुनिक भष्मासुरका भाइहरू,
यी रक्तपिपाशु राक्षसहरू !!

फेरि अर्काथरी केही जलदस्युहरू
आफ्ना अशोभनीय लालसा
र निजी महत्त्वाकाङ्क्षाका महारथमा आरुढ बनी
हिँडेका छन् विभत्स इच्छापूर्तिको गलत राजपथमा ।

उनीहरू फर्काउन उद्यत छन्
युगौँयुगदेखि स्वच्छन्द बगिरहेको नदीको
जीवनधारा, जीवनजल
र सिञ्चित गर्न लागिपरेका छन्
निजी राजनीतिका खेतबारी ।

सोझो सरल छ उनीहरूको हिसाबकिताब
आफ्नो पोल्टामा पार्ने सबथोक
र नदीको हिस्सामा भने हिस्स पार्ने जालझेल
युगौँका उपभोक्ताको भागमा-
हिस्स्रिक्क, खिस्रिक्क परेका खोका शुष्क मरुभूमि !!

भाडमा जाऊन् जलजीवहरू
भर्सेलामा परोस् पर्यावरण
भड्खालामा परुन् भोक्ताहरू
भुत्रैसित तिम्रा परम्परा, धर्म, सभ्यता र संस्कृतिको
निरन्तरता,
जनजीविका ।

सोझो सरल छ, उनीहरूको हिसाबकिताब कालीगण्डकी
कुरूप बनुन्, सुकुन्, मरुन्, मासिउन्
वा फेरिउन् नदीबाट नालीमा
मेरो राजनीतिको खेतबारी- सधैँ रहिरनुपर्छ हराभरा
म बाँचिरहूँ, म हासिरहूँ
मेरो सिंहासन रहोस् सुरक्षित सर्वदा !!

महासङ्कटमा छिन् आज
मेरी हजुरआमाको हजुरआमाको
हज्जारौँ पुस्ताअघिकी
हजुरआमाहरूकी पनि हजुरआमा- यी महिमामयी !
सङ्कटमा छिन् आज यी विपुला! यी वैभवी !!
साक्षात् मीनाक्षी पार्वती !
कालीगण्डकी !!

मेरो अन्तश्चेतनामा बगिरहन्छिन् एउटी महानदी,
नाम हो उनको कालीगण्डकी !

### २७. कालीको हुँकार

- ईश्वरमणि अधिकारी

नरोक
मेरो गति नरोक
नछेक
मेरो बाटो नछेक

म आफैँ कायम गर्छु
मेरो गति
म आफै बनाउँछु
मेरो राजमार्ग
तिमी को हौ ?
मेरो गति रोक्ने
तिमी को हौ ?
मेरो बाटो छेक्ने ?

कुँदेर आफ्नै हृदयले
आफ्नै वक्षस्थल
सुम्पिरहेछु शालिग्राम
तिमीलाई ।

चुमेर तिम्रो किनारा
लेखिरहेछु सृजना-गीत
तिम्रा फाँटहरूमा

सहेर तिम्रै आक्रमण
गुञ्जिरहेछु सुमधुर सङ्गीत
तिम्रै भीरपाखाहरूमा
बदलामा
चोरेर मेरै आभूषण
लुछेर मेरै अङ्ग-प्रत्यङ्ग
मलाई नै सिध्याउन उद्यत
तिमी को हौ ?

जानीराख्नू,
बादलले छेकेर
केही बेर मात्रै हो घाम छेकिने
सधैँ त कहाँ छेकिन्छ र ?

नरोक्नू मलाई
म तिम्रो वशमा छैन
मेरो राजमार्ग
मै बनाउँछु ।

### २८. नदीको आक्रोश

- प्रकाश आचार्य

जबर्जस्त बन्द गर्न नखोज यो बाटो
जहाँ म आजसम्म अनवरत हिँडिरहेकै छु
यही बाटो भएरै पुगेको छु तिम्रो खेतसम्म
र फलाएको छु अनाज
जुन खाएर भरेका छौ आफ्नो भोको पेट
पुगेको छु तिम्रो आँगनको धारासम्म
जहाँबाट मेटाइरहेका छौ आफ्नो प्यास ।

जसरी तिमी निस्फिक्री हिँडिरहेछौ आफ्नो बाटो
ठिक त्यसरी नै म पनि चाहन्छु हिँड्न मेरै बाटो
चुपचाप आफ्नै गतिमा हिँड्दा लाग्दैन कि
तिमीलाई केही असर पुर्‍याएको छु
बरु हरदम गरेकै छु सहयोग
तर मैमाथि जाइलागेका छौ निरन्तर ।

अहिलेसम्म बोकी हिँडेको छु निश्छल वस्तु
नाघेको छैन आफ्नो परिधि
मौनतामा सहेकै छु सानातिना चोटहरू
परन्तु एकनाशले आक्रमण गरिहेका छौ मैमाथि ।

थाहा छ कि छैन सहनुको पनि त सीमा हुन्छ
यदि बाध्य पार्‍यौ भने तोड्नलाई सिमाना
यसरी उर्लिनेछु कि म
बगाउने छु तिम्रो घर, गोठ, खेतबारी
अनि बगाउने छु तिमीलाई पनि
यसकारण पनि मलाई मेरै बाटो हिँड्न देऊ
किनभने जुन दिन तिमीले मेरो बाटो बन्द गर्ने छौ
ठिक त्यसै दिन स्वतःस्फूर्त तोडिनेछ सिमाना ।

### २९. कालीगण्डकी : हाम्रो सभ्यता

- सुवास देवकोटा

बराजुहरूले
कालीगण्डकीको तीरैतीर
जीवनका लयहरू खोस्रिए ।
जीवनका असीमित उर्जा बटुले ।

कालीगण्डकीको
वक्ष चुसेर,
जीवन यात्रा आरम्भ गर्नु,
समग्र मानव जातिको
उत्थान र प्रगतिको प्रारम्भ थियो !
कालीगण्डकीको धराले सिञ्चित
हाम्रो सभ्यता
समस्त सृष्टिको प्रेरणा थियो
चेतनाको पुञ्ज थियो !

त्यसैले
कालीगण्डकीका
हरियाली वक्षस्थल
कालीगण्डकीको
निरन्तरको प्रवाह र सुसाइ
नेपाली संस्कृति र सभ्यताको

मौलिकता हो
धरोहर हो !

विडम्बना !
सभ्यता र संस्कृतिको छातीलाई
निरन्तर खोस्रदा र,
छियाछिया पर्दा,
किन दुख्दैन मान्छेहरूलाई !
बराजुहरूले पाइला टेकेको
पवित्र माटो र ढुङ्गामाथि
बज्र ठोक्दा
किन चुप छन् सन्तानहरू ?

कालीगण्डकी
- हाम्रो पहिचान
-हाम्रो सभ्यता
-हाम्रो चेतन पुञ्ज
-हाम्री जननी !

सभ्यता र पहिचान बिक्री गरेर,
कुन जाति समृद्ध भएको छ र ?
आमाको इज्जेत खोस्रेर
कुन सन्तान माथि उठेको छ र ?

### ३०. नदी

- शरद पोखेल

नदी भन्नु केवल
नदीमात्रै त पक्कै होइन
पानी, ढुङ्गा, बालुवा या बगरमात्र होइन

नदी सभ्यता हो,
नदी आस्था हो
नदी जीविका हो
नदी ममता हो

नदी नदीमात्रै होइन- विचार हो, विद्रोह हो
नदी नदीमात्रै होइन- परिचय हो, परिवर्तन हो
नदी नदीमात्रै होइन- सुरुवात हो, गन्तव्य हो
नदी ऊर्जा हो
नदी प्रेरणा हो
नदी समस्त जीवनको गति हो

नदी हाम्रो शिर हो, हामीलाई ओतेको छ
नदी हाम्रो पैताला हो, हामीलाई अड्याएको छ
नदी हाम्रो नसा हो, हामीलाई जीवित राखेको छ

आज नदीमाथि गिद्धे नजर लगाउनेहरू हो !
एकपटक आमाको अनुहार सम्झनू
नदी भन्नु नै आमा हुन्
आमा भन्नु नै नदी हो ।

### ३१.मोक्षको द्वार उघारिदिन्छु

*- गोविन्द गोपाल खतिवडा*

पहाड शय्या, हिउँको सिरानी
त्यागेर आएँ म बनेर पानी
प्यारी त्रिशूलीसित मिल्न आएँ
स्वयं स्वयंसङ्ग म फुल्न आएँ ।

विर्सेर लक्ष्मी र समुद्रलाई
मभित्र खेल्छन् भगवान आई
पाषाणको सुन्दर खोल ओढी
बस्छन् मलाई कहिल्यै नछोडी ।

सङ्गीत भर्दै वन-आसपास
दौडेँ युगौंसम्म म एकनास
चिम्लेर आँखा मनले नियाल
काली भए तापनि छैन काल ।

बुझ्दैन मेरो क्षमता कसैले
पानी बनी पाप पखाल्छु मैले
संसारको सागर तारिदिन्छु
म मोक्षको द्वार उघारिदिन्छु ।

काँडा तिमीबाट निकाल्न सक्छु,
दियो तिमीभित्र म बाल्न सक्छु,
आमा हुँ मेरो ममता नजानी
संसारले केवल ठान्छ पानी ।

मुसुक्क हाँसेर मसङ्ग आऊ
तिमी रुँदा दुख्छ मभित्र घाउ
मान्छेहरू हो ! जग बिर्सिएर
मसङ्ग आओ अब एकफेर ।

### ३२. पराजित मानिस

- राजु झल्लु प्रसाद

खोला बगिरह्यो
मानिसले उसको बहाव रोक्न बाँध बाँध्यो
किनारा खुम्चायो, बालुवा खन्यायो,
तर, अहँ नदी रोकिएन!
नदी अविरल गति समातेर झरिरह्यो ।
नदी बनिरह्यो
समुद्र बनिरह्यो ।

पहाड अडिग रहिरह्यो
मानिसले उसको कद तिखार्यो, जग प्वाल पार्यो
शिर छेदन गर्यो, पालुवा निमोठ्यो
तर, अहँ पहाड रोकिएन!
पहाड अदम्य साहसको साथ उभिइरह्यो
जङ्गल हुर्काइरह्यो, झाडी बढाइरह्यो ।

चरा चिरबिराइरहे
मानिसले तिनका घाँटी अँठ्याए, गुँड भाँचे
पिँजडाको डर देखाए, प्वाँख कुँज्याए
तर अहँ चरा रोकिएनन्
चराले पनि मानिसलाई टेरेनन्
चिर्बिराउँदै गुँड बनाइरहे, बचेरा हुर्काइरहे ।

जीवजन्तु, कीटपतङ्ग कसैले मानिसलाई सुनेनन्
ढुङ्गा, माटो, चट्टान कसैले मानिसलाई टेरेनन्
हावा, प्रकाश र मेघ गर्जन कसैले मानिसलाई स्विकारेनन् ।

पराजयको सिलसिलेवार शृङ्खलाले मानिसको सत्तोपरान
उड्यो/उडिरहेछ!
हरेकपटक लाजले शिर/डरले काँध
र, निराशताले आँसु झरिरह्यो ।

मानिस आफ्नो लाज लुकाएर
आफ्नो काँध बचाएर / आफ्नो दाँत चम्काएर अग्ला-
बलिया महल ठड्याएर घरभित्र लुक्यो
तर, भुइँचालो र सुनामीले मानिसको सातो लिइदियो ।
सुकिला, चिल्ला-चिप्ला मोटर र जहाज बनाएर दौडियो
तर झरी, बादल र पहिरोले मानिसको खुट्टा समाइदियो

मानिसले अन्तरिक्ष यान बनायो, रकेट लिएर भाग्न खोज्यो
तर प्रकाश, विकिरण र अक्सिजनले मानिसको ओठ
सुकाइदियो, घाँटी अँठ्याइदियो
यो सिलसिला लगातार चलिरह्यो
मान्छेले तरवार बनायो, बङ्कु र युद्धपोत खडा गर्यो
तर हरिया पालुवा फेरि देखिए, दुबोले कुरुक्षेत्र फेरि हरियो
देखियो
र, फेरि अर्कोपटक मानिस पराजित भइरह्यो
पटकपटक आफ्नो लाज लुकाइरह्यो ।

तब न मानवले निम्तायो
धर्मयुद्ध / विश्वयुद्ध
तब न मानवले निर्माण गर्यो
ग्यास च्याम्बर / तरबार र रोबोट
तब न मानवले मच्चायो
कोकोहोलो / रगतको नदी र मानव संहार ।

तर, फेरि अर्कोपटक
मानिस पराजित भइरह्यो
पटकपटक आफ्नो लाज लुकाइरह्यो ।

मानिसले गमला बनायो तर फूल फुलाइरहन सकेन
मानिसले प्लास्टिकको फूल सार्‍यो तर सुगन्ध बसाइरहन
सकेन
अत्तर छर्कियो तर भमरा डाकिरहन सकेन

कारणहरू धेरै छन् / परिमाणहरू धेरै छन्

तर, एउटा कुरा सधै पक्का छ-
र, फेरि अर्कोपटक
मानिस पराजित भइरह्यो
पटकपटक आफ्नो लाज लुकाइरह्यो !

मलाई पनि त
यतिखेर ऐनासामुन्ने उभिन लाज लागिरहेको छ ।

**यी कविताहरू कालीगण्डकी बचाऔँ अभियानको फेसबुक पेज**
(https://www.facebook.com/share/1B5TJd3MEb/?mibextid=wwXIfr) **बाट साभार गरिएको हो ।**

# सन्दर्भ सामग्री सूची


उप्रेती, सञ्जीव (२०६८),*सिद्धान्तका कुरा,* काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०६९), “पर्यावरणीय समालोचना”,*रत्न बृहत् नेपाली समालोचना,*सुवेदी,राजेन्द्र र गौतम,लक्ष्मणप्रसाद (सम्पा.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

कोइराला, मोहन (२०६५),*सिमसारका राजदूत,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

गौतम, कृष्ण (२०६४),*उत्तरआधुनिक जिज्ञासा,* काठमाडौं : भृकुटी पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६),*नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* काठमाडौं : ओरियन्टल पब्लिकेसन ।

घिमिरे, माधवप्रसाद (२०६०),*चैत वैशाख,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, गीता (२०७४),*आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना,* विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

त्रिपाठी, गीता (२०७६), “समकालीन नेपाली कथामा पर्यावरण”,*प्रज्ञा समकालीन नेपाली कथाविमर्श,*अधिकारी, ज्ञानु (सम्पा.), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान (पृ. १०२-१२५) ।

त्रिपाठी, गीता (२०८०),“समकालीन नेपाली कवितामा पर्यावरण”,*पर्या साहित्य सिद्धान्त र सिर्जना,*भट्टराई,गोविन्दराज रहितान, विजय (सम्पा.), काठमाडौं : सम्पूर्ण किताब (पृ. ६९-११२) ।

त्रिपाठी, वासुदेव (२०२५),“कवि माधव घिमिरेका काव्यप्रवृत्ति ‘कालीगण्डकी’ कविताका केन्द्रीयतामा”,*साझा समालोचना,*प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.), ललितपुर : साझा प्रकाशन (पृ. २०३-२३२) ।

थापा, रामबहादुर (२०७८),*नदी बचाउन सिर्जना अभियान,* सौर्य अनलाइनhttps://www.souryaonline.com/2021/12/414290.html ।

देवकोटा, लक्ष्मीप्रसाद (२०३३),*लक्ष्मी कवितासङ्ग्रह,* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण, त्रिपाठी, वासुदेव, दाहाल, वल्लभमणि, पराजुली, कृष्णप्रसाद, शर्मा, गोपीकृष्ण र भट्टराई, हर्षनाथ (सम्पा.), (२०४०),*प्रज्ञा नेपाली बृहत् शब्दकोश (दसौँ संस्करण),* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखेल, गोकुल (२०७२),*नदी किनारका माझी काव्यसङ्ग्रहमा पर्यावरण,* दर्शनाचार्य शोधप्रबन्ध, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौड्याल, लेखनाथ (२०५६),"पिँजराको सुँगा",*नेपाली पद्यसङ्ग्रह,* साझा प्रकाशन(पृ. २० - २३) ।

भट्टराई, गोविन्दराज (२०६४),*उत्तरआधुनिक विमर्श,* काठमाडौं : मोर्डन बुक्स ।

भट्टराई, गोविन्दराज (२०८०), "इको साहित्य/परिवृत्तीय सिर्जना र मूल्याङ्कन",*पर्या साहित्य सिद्धान्त र सिर्जना,* भट्टराई, गोविन्दराज रहितान, विजय (सम्पा.), काठमाडौं : सम्पूर्ण किताब(पृ. १३ - ४६) ।

भट्टराई, रमेश (२०६६),"पर्यावरणीय समालोचना, स्वच्छन्दतावाद र देवकोटा",*कुञ्जिनी,* १६ : १३,(पृ. १५६ - १६७) ।

मकालु खबर संवाददाता (२०७९),*कालीगण्डकीमाथि सय कविता,* मकालु खबर https://www.facebook.com/share/1B5TJd3MEb/?mibextid=wwXIfr ।

मञ्जुल, श्रेष्ठ, तीर्थ र आले, कुमार (२०५८),*पाइलाका निबहरूले,* काठमाडौं : समिका प्रकाशन ।

शर्मा, भूमिराज (२०८०), "कालीगण्डकी किनारका एक्ला साक्षी",*वामपन्थ,* मास्के,महेश, जोशी, रामराज, ढकाल, विकास, त्रिपाठी,गीता, के.सी., पुरन, अधिकारी, विष्णु र देवकोटा, प्रकाश (सम्पा.), ललितपुर : संवाद पब्लिकेसन्स(पृ . ९३ - ९८) ।

सुब्बा, मनप्रसाद (२०७०),*भुइँफुट्टा शब्दहरू,* काठमाडौं : साङ्ग्रिला बुक्स ।

सुवेदी, अभि, मञ्जुल, गुरुङ,तोया, श्रेष्ठ, अविनाश र क्षेत्री, दुबसु (२०५५) *समकालीन नेपाली कविता,* काठमाडौं : नेराप्रप्र. ।

श्रेष्ठ, अविनास (२०६०),*करोडौँ सूर्यहरूको अन्धकार,* काठमाडौं : कालचक्र नेपाल ।

हितान, विजय (२०८०),“पर्यावरणीय साहित्य : आजको आवश्यकता र महत्त्व”,*पर्या साहित्य सिद्धान्त र सिर्जना,*भट्टराई, गोविन्दराज र हितान, विजय (सम्पा.), काठमाडौं : सम्पूर्ण किताब (पृ.४७ - ५६) ।

Abraham, M .H. (2005),*A glossary of literary terms* (8th ed.), United States of America: Michael Rosenberg.

Carson, R . (1962),*Silent spring*, Boston, MA: Houghton Mifflin .

Fromm, H . (1996),"From Transcendence to Obsolescene : A Route Map", In C. Glotfelty & H . Fromm (Eds .), *The ecocriticism reader: Landmarks in literary ecology*,Athens : University of Georgia Press(pp . 30 - 39).

Glotfelty, C . (1996), "Literature studies in an age of environmental crisis", In C . Glotfelty & H . Fromm (Eds .), *The ecocriticism reader: Landmarks in literary ecology*,Athens : University of Georgia Press(pp . xv-xxxvii).

Goverment of Nepal, Energy Water and Irrigation Ministry (2024),*Irrigation Master Plan 2019 (updated 2024)*, (p . 52-104).

Kerridge, R . (2006),"Environmentalism and ecocriticism", In P. Waugh (Ed.), *Literary theory and criticism: An Oxford guide,* Oxford : Oxford University Press(pp. 530-543).

Naess, A . (1973), "The shallow and the deep long-range ecology movement: A summary",*Inquiry,*Oxford : Oxford University Press *16(1-4)*,(p. 95-100).

Odum, E . P . (1971),*Fundamentals of ecology* (3rd ed.), Philadelphia : W.B. Saunders Company.